# गाउँ शिक्षा योजना -२०८२/८३ -२०९२/९३



**थलारा गाउँपालिका**

सुदुरपश्चिम प्रदेश, बझाङ, नेपाल

२०८२ मङ्सिर

**संरक्षक**
श्री प्रकाश बहादुर रोकाया,  अध्यक्ष
श्री रामबहादुर खाती, उपाध्यक्ष
श्री प्रयागराज पाध्या,  प्रमुख प्रशासकीय अधिकृत
श्री लोकेन्द्र बहादुर बिष्ट ,सामाजिक विकास संयोजक

**गाउँ शिक्षा योजना निर्माण समिति सदस्यहरू :**

संयोजकःहर्क बहादुर रोकाया
सदस्यः मान बहादुर चौहान
सदस्यः बल बहादुर रोकाया
सदस्यःराजेन्द्र बहादुर खड्का
सदस्यःप्रकास भण्डारी
सदस्यःमोहन बहादुर साउँद
सदस्यःकरन बहादुर रोकाया
सदस्यःडबल बहादुर सिंह
सदस्यःशेर बहादुर चौहान
सदस्यःहेमन्त चन्द
सदस्यःरायभान ओली

**प्रकाशक**
थलारा  गाउँपालिका

**प्रमाणित मिति**
२०८२ मङ्सिर

**प्रकाशन मिति**
२०८२ मङ्सिर

# गाउँपालिका अध्यक्षको भनाइ

थलारा गाउँपालिकाले ल्याएको गाउँ शिक्षा योजना हाम्रो गाउँपालिकाको शैक्षिक विकासको दिगो मार्गचित्र हो। यो योजना संविधानको भावना, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षाको कानुनी प्रावधान, दिगो विकास लक्ष्य, प्रदेश तथा संघीय सरकारका शिक्षा नीतिहरू र स्थानीय आवश्यकतालाई समेटेर तयार पारिएको छ। यसले समावेशी, न्यायसँगत र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महत्वपूर्ण योगदान दिनेछ। हामीले यस योजनामा विशेष रूपमा ध्यान दिएका छौं कि गाउँका सबै बालबालिकाले गुणस्तरीय र सुलभ शिक्षा प्राप्त गर्न सकून्। यस अन्तर्गत विपन्न, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका, दलित, जनजाति तथा अन्य पिछडिएका वर्गको पहुँच सुनिश्चित गर्न विद्यालय पूर्वाधार, शैक्षिक स्रोत, शिक्षक व्यवस्थापन, पोषण, छात्रवृत्ति लगायतका कार्यक्रम अगाडि बढाइनेछ।

साथै, यस योजनाले बालमैत्री, लैङ्गिकमैत्री र हरित विद्यालयको प्रवर्द्धन, शिक्षकको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षाको विकासलाई केन्द्रमा राखेको छ। शिक्षा योजना निर्माणको प्रक्रिया पूर्ण रूपमा सहभागीमूलक र पारदर्शी ढंगले गरिएको छ। वडास्तरदेखि गाउँस्तरसम्मका सरोकारवालाहरू, विद्यालय प्रतिनिधि, शिक्षक, अभिभावक, अपाङ्गता भएका व्यक्तिहरूको सङ्घसंस्था, गैरसरकारी निकाय तथा विषय विज्ञहरूको सक्रिय सहभागिताले यस योजनालाई यथार्थपरक र कार्यान्वयनयोग्य बनाएको छ।

म विश्वस्त छु कि यो शिक्षा योजना हाम्रो गाउँको मानव संसाधन विकासको आधारशिला बन्नेछ। सबै सरोकारवालाको निरन्तर सहकार्य, समर्पण र उत्तरदायित्वको भावना मार्फत हामी योजनामा उल्लेखित लक्ष्यहरू हासिल गर्नेछौं। शिक्षा विकासका लागि यो पहल एक कोशेढुङ्गा बन्ने विश्वासका साथ सबैमा सहकार्यको आह्वान गर्दछु।

प्रकाशबहादुर रोकाया
अध्यक्ष
थलारा गाउँपालिका

# थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खोली, बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं

शिक्षा कुनै पनि समाजको समावेशी विकास, समानता र दिगो समृद्धिको आधार हो। थलारा गाउँपालिकाको शिक्षा योजना, २०८२-०९१ सामाजिक रूपान्तरण र शैक्षिक पहुँच विस्तारको दृढ सङ्कल्पका साथ निर्माण गरिएको छ। योजनाको मूल भावनामा सबै बालबालिकालाई गुणस्तरिय, समतामूलक र सुलभ शिक्षाको ग्यारेन्टी दिने प्रतिबद्धता झल्किएको छ।

यस गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूको तथ्याङ्कलाई आधार मानेर तयार पारिएको गाउँपालिका स्तरीय गाउँ शिक्षा योजना हाम्रो गाउँपालिकाको शैक्षिक सम्पत्तिमा महत्वपूर्ण योगदान भएको महसुस गर्छु। यस महत्वपूर्ण कार्यले हाम्रो गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको विकासका लागि मात्र नभई वार्षिक योजना निर्माण र शैक्षिक अवस्था विश्लेषणमा पनि महत्वपूर्ण भूमिका खेल्नेछ। यसले हाम्रो गाउँपालिकाको शैक्षिक विकासका मार्गदर्शनमा स्पष्ट दिशा प्रदान गर्ने अपेक्षा गरिएको छ।

आगामी दिनमा यस १० वर्षे शैक्षिक योजनाले सकारात्मक परिणाम दिई हाम्रो गाउँपालिकाको समग्र शैक्षिक विकासमा ठूलो योगदान पुऱ्यावस्। यस योजना कार्यान्वयनले गाउँपालिकाको शिक्षा क्षेत्रमा फड्को मार्ने कोशेढुङ्गा साबित होस् भन्ने मेरो विश्वास छ। यस शिक्षा योजना निर्माण कार्यलाई मूर्त रूप दिन सहयोग गर्ने शिक्षा, युवा तथा खेलकुद शाखा टिम, यस १० वर्षे योजना निर्माण कार्यका लागि गठन गरिएका कार्यदल, लेखन समितिका सदस्य, साथै प्राविधिक सहयोग र सहजीकरण प्रदान गर्ने सबै निकायहरूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दै यस योजना कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**(प्रयाग राज पाध्या)**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति २०८२ मङ्सिर**

# योजनाको सारांश

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहमा हस्तान्तरण भइसकेको छ। सङ्घ र प्रदेश सरकारका नीतिहरूलाई आधार मान्दै स्थानीय तहले आफ्ना आवश्यकता अनुसार शिक्षा योजना बनाउनु आवश्यक छ। त्यसैअनुरूप थलारा गाउँपालिकाले शिक्षा सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी गुणस्तर, पहुँच, सहभागिता र समता सुनिश्चित गर्न गाउँ शिक्षा योजना निर्माण गरेको हो।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजना तथा विद्यालय शिक्षासम्बन्धी कानुनअनुसार विद्यालय शिक्षाको सङ्घीय संरचनाअनुरूप कार्यान्वयन र दिशानिर्देशन गर्न शिक्षा योजना निर्माण आवश्यक छ। संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी दिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लागु गरेको १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लाई कार्यान्वयन गर्न स्थानीय तहले समेत शिक्षा योजना बनाउनुपर्छ। यसले सीमान्तकृत बालबालिकाको पहुँच, न्यूनतम सिकाइ उपलब्धि, गुणस्तर र सान्दर्भिकता सुनिश्चित गर्छ। साथै, सङ्घ, प्रदेश र स्थानीय तहबीच लम्बीय र क्षितिजीय समन्वय, स्रोत व्यवस्थापन, दोहोरोपन न्यूनीकरण, लागत साझेदारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

यस गाउँ शिक्षा योजना निर्माण गर्दा नेपालको संविधान २०७२, सोह्रौँ पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य, जनगणना २०७८ लगायत सम्बन्धित कानुनी र नीतिगत दस्तावेजलाई आधार मानिएको छ। साथै, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, प्रकोपप्रति उत्थानशील, हरित र स्वच्छ विद्यालय निर्माण तथा अनुकूल सिकाइ वातावरणको प्रवर्धन गर्ने योजनाको मुख्य आधार रहेको छ।

यो गाउँ शिक्षा योजना निर्माण गर्दा गाउँ शिक्षा समितिको नेतृत्वमा योजना तर्जुमा समिति गठन गरी उक्त समितिको मातहतमा योजना मस्यौदा लेखन समितिबाट योजना मस्यौदा तयार गरिएको हो। सामाजिक विकास समिति संयोजक, शिक्षा प्रमुख तथा विषय विज्ञहरूलाई समावेश गरी गाउँसभा र कार्यपालिकाका बैठक, शिक्षा क्षेत्रको अवस्था विश्लेषण, वडा तथा विद्यालयस्तरीय सरोकारवालासँग छलफल, पुनः परामर्श, बाह्य विज्ञको समीक्षा र अन्तिमीकरण गरी कार्यपालिकाबाट स्वीकृति लिई कार्यान्वयनमा लगिनेछ।

शिक्षा योजना निर्माणमा स्थानीय तहको सक्रिय नेतृत्त्व, सरोकारवालाको सहभागिता र पारदर्शिता सुनिश्चित गरिएको छ। योजना समावेशी, व्यावहारिक र सान्दर्भिक कार्यक्रमसहित शिक्षा क्षेत्रका प्रमुख समस्या र चुनौतीको सम्बोधन गर्न सक्षम छ। समता, सक्षमता र गुणस्तर सुधारका पहलहरू, साथै सीमान्तकृत वर्गको पहुँच सुनिश्चित गर्न कार्यक्रम समेटिएका छन्। योजना अन्य क्षेत्रीय योजना र अन्तर्राष्ट्रिय लक्ष्यसँग सम्बन्धित छ। स्रोत व्यवस्थापन, संस्थागत संरचना, क्षमता विकास, तथ्याङ्क विश्लेषण, अनुगमन तथा प्रतिवेदन प्रणाली स्पष्ट र सुदृढ छन्, जसले योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउँछ।

थलारा गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा

# विषयसूचि


**गाउँपालिका अध्यक्षको भनाइ.......3**

**गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको भनाइ.......4**

**योजनाको सारांश.......5**

**परिच्छेद १ : परिचय.......1**

१. पृष्ठभूमि.......1

१.१ वर्तमान अवस्था.......2

**१.१.१ भौगोलिक अवस्थितिको विश्लेषण**.......2

**१.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण**.......3

**१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**.......5

**१.१.४ आर्थिक अवस्थाको विश्लेषण**.......5

**१.१.५ शैक्षिक अवस्थाको विश्लेषण**.......6

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण.......11

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT(strengths, weakness, opportunities and threats) विश्लेष.........12

१.४ अवसरहरू.......13

१.५ योजना निर्माण प्रक्रिया.......14

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण.......16**

**२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएका आधार**.......16

**२.२ दूरदृष्टि**.......16

**२.३ लक्ष्य**.......16

**२.४ उद्देश्य**.......16

**२.५ रणनीतिहरू**.......17

**२.६ मुख्य कार्यसम्पादन सूचकहरू**.......26

**परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू.......28**

३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा.......28

**३.१.१. परिचय**.......28

**३.१.२ वर्तमान अवस्था**......28

**३.१.३ उद्देश्यहरू**......29

**३.१.४ रणनीति**......29

३.२ आधारभुत शिक्षा......33

**३.२.१ परिचय**......33

**३.२.२ वर्तमान अवस्था**......33

**३.२.३ उद्देश्यहरू**......34

**३.२.४ रणनीतिहरू**......34

**३.२.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**......35

३.३ माध्यमिक शिक्षा......40

**३.३.१ परिचय**......40

**३.३.२ वर्तमान अवस्था**......40

**३.३.३ उद्देश्यहरू**......41

**३.३.४ रणनीतिहरू**......41

**३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरू**......41

३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा......46

**३.४.१ परिचय**......46

**३.४.२ वर्तमान अवस्था**......46

**३.४.३ उद्देश्य**......46

**३.४.४ रणनीतिहरू**......46

**३.४.५ प्रमुख उपलब्धि तथा नतिजा**......47

**३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य**......48

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ......49

**३.५.१ परिचय**......49

**३.५.२ वर्तमान अवस्था**......49

**३.५.३ उद्देश्य**......50

**३.५.४ रणनीतिहरू**......50

**३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**......51

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र....................53**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन....................53

**४.१.१ परिचय**....................53

**४.१.२ वर्तमान अवस्था**....................53

**४.१.३ उद्देश्य**....................54

**४.१.४ रणनीतिहरू**....................54

**४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**....................54

४.२ शिक्षक व्यवस्थापन र विकास....................57

**४.२.१ परिचय**....................57

**४.२.२ वर्तमान अवस्था**....................57

**३.२.३ उद्देश्य**....................58

**४.२.४ रणनीतिहरू**....................58

**४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**....................59

४.३ शैक्षिक समता र समावेशीकरण....................61

**४.३.१ परिचय**....................61

**४.३.२ वर्तमान अवस्था**....................62

**४.३.३ उद्देश्यहरू**....................62

**४.३.४ रणनीतिहरू**....................62

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम....................66

**४.४.१ परिचय**....................66

**४.४.२ वर्तमान अवस्था**....................66

**४.४.३ उद्देश्य**....................67

**४.४.४ रणनीतिहरू**....................67

**४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**....................67

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता....................70

**४.५.१ परिचय**....................70

**४.५.२ वर्तमान अवस्था**....................70

**४.५.३ उद्देश्यहरू**....................71

**४.४.५ रणनीतिहरू**.....72

**४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**.....73

४.६ विद्यालय भौतिक पूर्वाधार विकास.....75

**४.६.१ परिचय**.....75

**४.६.२ वर्तमान अवस्था**.....75

**४.६.३ उद्देश्यहरू**.....76

**४.६.४ रणनीतिहरू**.....76

**४.६.५ उपलब्धि, नतिजाहरू र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**.....76

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.....79

**४.७.१ परिचय**.....79

**४.७.२ वर्तमान अवस्था**.....79

**४.७.३ उद्देश्यहरू**.....80

**४.७.४ रणनीतिहरू**.....80

**४.६.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**.....80

**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन.....83**

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.....83

५.१.१ परिचय.....83

५.१.२ वर्तमान अवस्था.....83

५.१.३ उद्देश्यहरू.....84

५.१.४ रणनीतिहरू.....84

५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप.....85

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.....88

५.२.१ परिचय.....88

५.२.२ वर्तमान अवस्था.....88

५.२.३ उद्देश्य.....88

५.२.४ रणनीति.....88

५.२.५ प्रमुख उपलब्धि तथा नतिजा.....89

**परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन.....91**

६.१ परिचयः......................................................................................................................................91

६.२ वर्तमान अवस्थाः..........................................................................................................................91

६.३ अवसर तथा चुनौतीहरू..................................................................................................................92

६.४ उद्देश्यः.......................................................................................................................................92

६.५ रणनीतिहरूः.................................................................................................................................92

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः...........................................................................................93

**परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन......................................................................................................96**

७.१. परिचय......................................................................................................................................96

७.२. वर्तमान अवस्था...........................................................................................................................96

७.३. अवसर र चुनौतीहरू.......................................................................................................................96

७.४. उद्देश्यहरुः...................................................................................................................................97

७.५.रणनीतिहरू...................................................................................................................................97

७.६.  उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य...................................................................................98

**अनुसूची...........................................................................................................................................100**

## परिच्छेद १ : परिचय

### १. पृष्ठभूमि

बुध्दि र विवेकका कारण मानिस सर्वश्रेष्ठ प्राणीमानिएको छ । बुध्दि र विवेक शिक्षाको उपज हो मावव विकासको क्रममा दुर्यपयोग जीवन बिताएका मानव आज आधुनिक सुबिधाा सम्पन्न वैज्ञानिक युगको जीवनमा पुगेको शिक्षा विकास कै कारण मान्न सकिन्छ । सुखीसमृध्द तथा गुणस्तरीय जीवन प्रप्त गर्नका लागि शिक्षा अपरिहार्य साधन भएकोले व्यक्ति देखि विश्व माझ शिक्षा विकासका प्रयासहरू अनवरतरूपमा अघि बढाई रहेका छन् । शिक्षाका ज्ञान, सीप, तथा व्यवहारिक पक्षको सिक्ने सिकाउने कार्य परिवारमा जेष्ठ बाट कनिष्ठलाई हुने कार्य मानव उत्पत्तिकाल देखि निरन्तर चलिरहेको छ । त्यसले मात्र शैक्षिक आवश्यकता पुर्ति नहुने भएकाले गरूकुल,ऋषिकुल, राजकुल जस्ता परम्परागत शैक्षिक संस्थाको स्थापना देखि हालका विकसित मुलुकका सुबिधा सम्पन्न वद्यालयहरू औपचारिक शौक्षिक संस्थाका रूपमा संचालित छन् । विगतका शौक्षिक संस्थाहरु धुलेपाटी, ढुंगेपाटी, पातेपाटी, बोक्रेपाटी, चकपाटी, मसीपाटी हुदै आज विधुतीय पाटीमा पुगेका छन् । मानिसको शारीरिक, मानसिक, सामाजिक, आर्थिक, च रित्रिक बिकासको माध्यम शिक्षा नै हो ।

आजका वस्तु उत्पादनका साधन, संचारका साधन, यातायातका साधन, यावतरूपमा उपभोग तथा उपयोगका सम्पुर्ण वस्तु तथा साधनहरूको अन्वेषण र उत्पादन गर्ने वैज्ञानिकहरू शिक्षाकै उपज हुन् । मानवयन्त्र निर्माण र प्रयोग तथा चन्द्रलोक भ्रमण र अनुसन्धानको क्षमता विकास शिक्षाबाट नै प्रप्त भएको छ । आज विश्वमा शिक्षाको दायरा ज्यादै फराकिलो भएको छ । "जीवन पर्यन्त शिक्षा" "सबैका लागि शिक्षा""अनिवार्य र निशुल्क शिक्षा""विशेष शिक्षा""दूर शिक्षा""समतामूलक शिक्षा" का अवधारणाहरू विश्व भरी फैलिदै लागु भईरहेका छन् । शिक्षा विकासका लागि विश्वव्यापी घोषणाहरू हुदै कार्यान्वयनमा ल्याईएका छन् । यस्ता घोषणाहरू मध्ये "सबैका लागि शिक्षा १९९०" दिगो विकास लक्ष्य सन् २०१६—२०३० को लक्ष्य नं.४ को "सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षकको सुनिश्चितता र जीवन पर्यत्न सिकाइका अवसरको प्रवर्द्धन" मुख्य छन् । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न मुख्य साधनका रुपमा "विद्यालय क्षेत्र विकास योजना सन् २०१६—२०२३" को लागु भएको अवस्था छ (स्रतःवि.सु.यो. निर्माण सहयोगी पुस्तिका २०७४)। विश्वका सबै मुलुकहरू शिक्षा विकासका दृष्टिकोणले सामान छैनन् । त्यसैगरी आर्थिक विकासमा पनि सामान छैनन् । नर्बे, स्विडेन, अष्ट्रलिया, यु.के,जापान, यु.एस.ए, फ्रान्स आदि देशहरूलाई विकसित मुलुकमा गणना गरिएको छ भने नेपाल, भारत, बंगालादेश, भियतनाम, पाकिस्तान, आदि देशहरू विकासन्मुख वर्गमा गणना गरिएका छन् । (सन्दर्भ स्रोत: आधारभुत जनसंख्या शिक्षा सोमनाथ ढकाल २०६८) उक्त देशहरूको र न्यून स्तर हुनको कारण पनि शिक्षा सेवा नै जोडिन्छ । देशको समग्र विकासका लागि शिक्षाले मेरुदण्डको काम गर्दछ । शिक्षा विकासका लागि योजना निर्माण र कार्यान्वयनमा फितलो नहुने गरी सम्पदान गर्दा नै विकासको गति तीव्रहुन सक्छ ।

नेपालमा गुरूकुल, ऋषिकुलको धार्मिक शिक्षा पर्छ लिच्छवी तथा मल्लकालको कलात्मक शिक्षा को विकास भएको भएता पनि मानवको सार्वाङ्गीण विकास गराउने शिक्षा हुन सकेन राणाकाललाई शिक्षाको अन्धकारको युग मानिन्छ । वि.स.२००७ को राजनैतिक परिवर्तन तथा प्रजातान्त्रको उदय पछि प्रजातान्त्र, पञ्चायत, पुनः प्रजातान्त्र हुदै हाल

संघीयलोकतान्त्रिक गणतान्त्र शासन पद्दति संचालनमा छ। यिनै शासन कालमा शिक्षा विकास विभिन्न योजनाबध्द प्रयासहरूका प्रतिफल स्वरूप नेपालमा विद्यालय संख्या, शिक्षक सङ्ख्या, विद्यार्थी संख्या, भौतिक संरचना, शौक्षिक सामाग्री व्यवस्थापन, विद्यार्थी सहयोग कार्यक्रम, विद्यालय संरचना क्षमता अभिवृद्धि जस्ता पक्षहरुमा क्रमिक उन्नति भईरहेको छ ता पनि सबै विद्यालयहरू सुबिधा सम्पन्न भई नसकेको अवस्था का साथै आजको वैज्ञानिक युग सुहाउदो स्थानीय आवश्यकता पूर्ति गर्न सक्ने, समाजको माग अनुसार दक्ष जनशक्ति उत्पादन गर्न सक्ने, स्तर अनुसार गुणको विकास गर्न सक्ने गरिब विद्यालयहरु सक्षम हुन नसकेको सबैले स्वीकारेको अवस्था छ। नेपाल सरकारले शिक्षा विकास सम्बन्धीका विभिन्न विश्वव्यापी घोषणाहरू आफ्नो देशमा कार्यन्वयनमा ल्याउन विभिन्न योजनाहरू साधनका रुपमा प्रयोग ग दैंआएको छ। हाल सालै उपयोगमा ल्यायदै गरेको “विद्यालय क्षेत्र विकास योजना २०१६—२०२३” अन्तर्गत विद्यालय सुधार योजना विद्यालय तहमा पाँच वर्षीयरुप लागु गराइएको अवस्था छ। यसै गरी वडा शिक्षा योजना र गाउँ शिक्षा योजना पनि सरकारको स्तानीय तहमा निर्माण र कार्यान्वयन गरिनु पर्ने प्रावधान रहेको छ। नेपालको संविधान २०७२ मा बालबिकास केन्द्र र कक्षा १ देखि १२ सम्मको शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहमा रहने व्यवस्था गरीएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद –३ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्य अधिकार दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यामिक शिक्षा लगायत अन्य प्रकारका शिक्षा सम्वधि नीति, कानून, मापदण्डका साथै योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा नियमन अधिकार स्थानीय तहमा हुने व्यवस्थापन समिति गठन, सामुदायिक विद्यालयको शौक्षिक पुर्वाधार निर्माण, मर्मत सम्भार, विद्यालयको नक्संकन, अनुमति, गरेको हुदा स्थानीय तहले विद्यालय शिक्षा सम्बधि शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्नु गराउनु आवश्यक छ।

नेपालको सुदूरपश्चिम प्रदेश बझङ जिल्लाको थलारा गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरुलाई भौतिक सुविधा सम्पन्न बालमैत्री शैक्षिक वातावरण विकास र आवश्यकता स्रोत साधनको अधिकतम प्रयोगबाट शिक्षाको गुणस्तर अभिवृद्धि गराई विद्यार्थीहरुमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्ने सक्षम बनाउनु थलारा गाउँपालिकाको दायित्व भएकाले स्थानीय निकायको स्थापनापछि प्रथम पटक यो गाउँ शिक्षा योजना निर्माणको प्रयास थालनी गरिएको छ।

## १.१ वर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

थलारा गाउँपालिका नेपालको सुदूरपश्पिचिम प्रदेश बझङ जिल्लाको दक्षिण भेगमा पर्ने पहाडी प्रदेशको भू–भाग हो। नेपालका वाईसे चौबिसे राज्य सञ्चालनका समयमा यो गाउँपालिका क्षेत्र वाईसे राज्य मध्यको थलारा राज्यमा थियो। यस राज्यका पहिला राजा जक्ति सिंह र अन्तिम राजा राघबनारायन सिंह थिए। हाल थलारा मा.बि. रहेको थलारा कोटमा उनीहरूले राजदरवार बनाई राज्य सञ्चालन गर्ने गर्थे। थलारा गाउँपालिकाका क्षेत्रमा पर्ने विभिन्न भ्–भाग मध्ये वडा नं. ९ का चित्रु, फकाली, सिरेटा, रावली, लिस्ताडा, खानीलाई ‘त्रिसालीदरो’ वडा नं. ५,६,७ र ८ को भू–भागलाई ‘सात्सौदरो’ वडा नं. ३ र४ को भु–भागलाई ‘छविसदारो’ र वडा नं. १ र २ को भु–भागलाई ‘चौगाउँदरो’ भनी नामाकरण गरिएको पाईन्छ। पञ्चायत कालको सुरूमा थलारा क्षेत्रभित्र कोटभैरव, पाराकाट्ने र दंगाजी गाउँपञ्चायत कायम गरिएको यिए। वि.सं. २०२८ सालमा कोटभैरवको वडा नं. ९ का रावली, सिरेटा, चित्रु, फकाली र खानी छुट्टिएर मालुमेला गाउँपञ्चायतलाई परिङाल गाउँपञ्चायतमा गाभियो। २०३८ सालमा कोटभैरवको बिस्खेत–देवस्थली देखि अदुकाली:–घोडादाउन सम्मको भू–भाग छुट्याएर कोईरालकोटगाउँ पञ्चायत बनाइयो। २०३८ सालमा मालुमेला लाई परिङालाबाट छुट्याई पौवागढी गाउँपञ्चायत अफला, आमबगर, जडारलाई मिलाई मालुमेला गाउँपञ्चायत कायम गरियो।

वहुदलीय व्यवस्थाको पुन स्थापना पछि मालुमेला बाहेक कोटभैरव, कोईरालकोट, पाराकाट्ने र दंगाजी गा.वि.स. लाई थलारा इलाका बनाइएको थियो । हाल देशमा संघीय लोकतान्त्रिक गणतान्त्र स्थापना पछि साबिक मालुमेला, कोईरालकोट, कोटभौरब, पाराकाट्ने र दंगाजी गा.वि.स. मिलाएर थलारा गाउँपालिका बनाएको छ। थलारा गा.पा. लाई नौ वडामा विभाजन गरिएको छ। जस अनुसार साबिक दंगाजी वडा नं. १ र २ पाराकाट्ने ३ र ४ कोटभैरव ५ र ६ कोईरालकोट ७ र ८ तथा मालुमेला ९ गरी वडा विभाजन गरिएको छ। (स्रोतसन्दर्भः थलारा गा.पा पार्श्वचित्र २०७५)

थलारा गाउँपलिका बझङ जिल्लाको दक्षिण भेगमा रहेका पहाडी भू–भाग हो। यसको कुल क्षेत्रफल १०५.५१ वर्ग कि.मि रहेको छ। जिल्ला सदरमुकाम चैनपुर देखि करिब ९ कोस टढा दक्षिण तर्फ पर्दछ। जमिनको स्वरुपका आधारमा यो गाउँपालिका उत्तरमा पर्ने सेती नदी किनाराको होचो भू–भाग बाट उचो हुदै दक्षिण तर्फ पर्ने खप्तड राष्ट्रिय निकुञ्ज सबै भन्दा उचो भाग हो। यस गाउँपालिकालाई पूर्वबाट खप्तड छान्ना गा.पा, पश्चिमबाट डोटी जिल्ला, उत्तरबाट केदारस्युँ, दुर्गाथली र छबिस पाथिभरा र दक्षिण बाट डोटी जिल्लाले घेरेको छ। यो गाउँपालिका २५·१३ उत्तर देखि २९.४६ उत्तरी अक्षांश र ५०·१६ पूर्व देखि ८१·५६ पूर्व देशान्तर सम्म फौलिएको छ। हावापानीका हिसाबले पहाडी प्रदेशको समशितोष्ण हावापानी यो गा.पा. रहेको छ। समुन्द्र सतहबाट ९०० मि. देखि २८०० मि. सममको उचाईको भू भाग रहेको छ।

यस गाउँपालिकाको भौगोलिक विवरणलाई तलको तालिकामा पनि प्रस्तुत गरिन्छ।


| सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| **१** | १ | दंगाजी गा.वि.स.(२,४,५,७) | १८६६ | १०.२८ |
| **२** | २ | दंगाजी गा.वि.स.(१,३,६,८,९) | २४२४ | १९.२९ |
| **३** | ३ | पाराकाट्नेगा.वि.स.(१,६,७,८,९) | २२१२ | १२.९१ |
| **४** | ४ | पाराकाट्ने गा.वि.स.(२,३,४,५) | २०४५ | १८.९३ |
| **५** | ५ | कोटभैरवगा.वि.स.(१,३,७,८,९) | १८३७ | ७.१२ |
| **६** | ६ | कोटभैरव गा.वि.स.(२,४,५,६) | १६५८ | ३.९७ |
| **७** | ७ | कोईरालाकोटगा.वि.स.(१,२,३,६) | १८८५ | ६.०२ |
| **८** | ८ | कोईरालाकोट गा.वि.स.(४,५,७,८,९) | १७४६ | ९.६४ |
| **९** | ९ | मालुमेलागा.वि.स.(१ देखि ९) | २२७९ | १७.३६ |
| | **जम्मा** | | **१७९५२** | **१०५.५२** |

### १.१.२ जन साङ्ख्यिकी संरचनाको विश्लेषण

जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या १५,९५८ रहेको छ। जसमा ४४.५ प्रतिशत पुरुष रहेकाछन् भने ५५.५ प्रतिशत महिला रहेकाछन्। लैङ्गिक अनुपात ८०.१७ रहेको छ। जनघनत्व प्रति वर्गकिलोमिटर १५१ रहेको छ भने कुल परिवार सङ्ख्या ३,४१६ रहेको छ। विगतको जनसङ्ख्याको वृद्धिदर विश्लेषण गर्दा आगामी दिनहरूमा यस गाउँपालिकाको जनसङ्ख्यामा निरन्तर घट्ने अवस्था देखिन्छ।। यस गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण यस प्रकार रहेको छ।

| वडा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ७३५ | ९४६ | १६८१ | २.३ |
| २ | १०६५ | १३७६ | २४४१ | ३.४ |
| ३ | ९१६ | १०९३ | २००९ | २.८ |
| ४ | ९१२ | ११२८ | २०४० | २.८ |
| ५ | ६९४ | ८६४ | १५५८ | २.२ |
| ६ | ५५६ | ७०९ | १२६५ | १.७ |
| ७ | ६८५ | ८६९ | १५५४ | २.१ |
| ८ | ६५७ | ८२५ | १४८२ | २.० |
| ९ | ८८१ | १०४७ | १९२८ | २.७ |
| जम्मा | ७१०१ | ८८५७ | १५९५८ | |

साथै उमेरगत जनसङ्ख्या विवरणलाई चित्रात्मक रुपमा पनि तल प्रस्तुत गरिएको छ।




स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या १५,९५८ रहेको छ, । जातजातिगत हिसाबले हेर्दा यहाँ सबैभन्दा धेरै क्षेत्रीहरूको बसोबास रहेको छ । पहिलोमा जनसङ्ख्याको ४९.६ प्रतिशत क्षेत्री, दोस्रोमा पहाडी ब्राम्हण २०.९ प्रतिशत, तेस्रोमा विश्वकर्मा ११.१ प्रतिशत, चौथोमा मिजार ६.४ प्रतिशत रहेका छन् । यसका अलावा यहाँ परियार, ठकुरी लगायतका जातजातिहरूको बसोबास रहेको छ ।

यस थलारा गाउँपालिका क्षेत्रमा बसोबास गर्ने मानिसहरुले सामाजिक तथा धार्मिक रुपमा विभिन्न चाडपर्व, मेलापर्व र धार्मिक संस्कारहरू मनाउने गर्दछन् । तिनीहरूमा बैशाख १ गते बिसु, भदौ १ गते गते तिहार असोज–कार्तिकमा दशै र तिहार, पौष महिना भुवा, माघ १ गते माघे तिहार, भदौ र फगुनमा क्रमशः कृष्णाष्टमी र शिवरात्री (खाईबस्नु), मङ्सिर महिनामा काठेपुनी, भदौ १ गते भाँडेसंक्रन्ति विभिन्न समय र स्थानमा मनाउने गरिन्छ । यसका साथै विभिन्न समुदायले विभिन्न देवी देउता (कालिका, भगवती, शौलेश्वरी, मालिका, खडुलीदुदुली, लांगो, धौलापुरो, डाँडाबाग, कालसौनि, लाटो, बेताल, तेडी, टुँडे, जसु, मसानी आदि देवताहरू) लाई कुलदेबी र कुलदेबका रुपमा विभिन्न समयमा लवरात्री, पञ्चरात्री, खाडरात्री, जात पुजा आराधना न्वारन ब्रत गर्ने गर्दछन । जीवनसंस्कारका रुपमा जन्मदिन, षष्टीपुजा, अन्नप्र ाशन, अक्षरारम्भ, ब्रतबन्धन, विवाह, उत्सबपूजा गरिन्छ । मूर्ति संस्कारमा जातीय आधारमा दाह संस्कार, पिण्ड दान, जुठो बार्ने, किरिया बस्ने, ब र्खि ब र्से, विधावाबार्नु, एको तिष्ठ श्रद्धा, पार्वण श्रद्धा जस्ता संस्कार मनाउने गर्दछन् । साथै किरिया नपाएका वा तृप्त भएका पितृहरूलाई पुनः दाह संस्कार वा मूर्ति सेलाई दान दक्षिणा गर्दछन्। अन्य संस्कारहरूकमा छाउपडी र सुत्केरी चोख्याउने, माईते खुनालो पुज्ने, देउताको धर्म चलाउने (देवाली गर्ने) भुत खेदाउने देउतासँग पुकार गर्ने, ढवाईली पुज्ने, न्वगी खाने आदि परम्परागत क्रियाकलाप गरिन्छन् । देवीदेउता, पितृलाई खुसी पार्न वा कुनै भाकल पूरा गर्न वा घर शुद्ध पनि षडङग रूद्र ीपाठ, चण्डीपाठ, होम, ग्रहपुजा, सत्यनाराण ब्रतकगथा, स्वस्थानी व्रतकथा, भगवत, सप्ताह पूजा, नवाहपूजा, लाखबत्त ी, एकादशी व्रत सोमबारे, शनिबारे आदि व्रत निरन्तर गर्ने चलन पनि यथावत् नै छ । अतृप्त पितृ तारणा गर्न नारायण वली नामक पितृ कार्य पनि गरिएको पाइन्छ । दानकार्यमा चौरासीदान, तुलादान, गौदान, अन्न, वस्त्र, सुवर्ण, द्रव्यदानको चलन मान्दै आएको पाईन्छ । आवससेशका रुपमा छाउपडी, सुत्केरी नछुने, जात ीय तथा लिङ्गीय भेदवभाव रहेको पाइन्छ ।

### १.१.४ आर्थिक अवस्थाको विश्लेषण

यस गाउँपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको सङ्ख्या बढी भएकाले विशेष गरी कृषिमा आधारित साना तथा मध्यम किसिमका उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ सञ्चालनमा रहेका छन् तथापि ठूलो स्तरका उपभोक्ता बजारहरूको निकटता रहेकोले यहाँ व्यावसायिक रूपमा गाई, भैसी, माछा, कुखुरा, बाख्रा आदि पालन भइरहेको छ । पूर्ण रुपमा ग्रामीण बस्ती रहेको यस क्षेत्रका जनताको मूख्य आय स्रोत कृषि र पशुपालमा नै निर्भर रहेको छ । यहाँका रमणीय फाँटहरू बझाङ जिल्लाकै अन्न भण्डार हुन् । खप्तड राष्ट्रिय निकुञ्जको सबैभन्दा छोटो दुरीको प्रवेशद्वार पनि थलारा गाउँपालिका हो । पर्यटन पूर्वाधारको विकास गर्नु गाउँपालिकाको आयस्रोततको बृद्धिको प्रमुख आधार हो । उच्च पहाडीदेखि बेसीसम्म फैलिएको भौगोलिक संरचना, विविधता युक्त बनस्पति तथा जडिवुटीहरुको उपयोग एवं निकासीबाट समेत मनग्यो आय गर्ने सम्भावना छ । साइपाल हिमालको हिमशृंखला कोखबाट अनवरत रुपमा बगिरहेको सेती नदी, विभिन्न खोला तथा झरनाहरू गाउँपालिकाका रक्त संचार हुन् । प्रकृतिका उपहारहरू हुन् ।

जनगणना २०७८ अनुसार यस गाउँपालिमा ६६ प्रतिशत मानिसहरू आर्थिक रुपमा सक्रिय रहेका छन् भने ३३ प्रतिशत निस्क्रिय अवस्थामा रहेकाछन् । यस पालिकाको सार्वजानिक खर्चको विवरण तल प्रस्तुत गरिएको छ । १० वर्ष र सोभन्दा

माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्यालाई तल प्रस्तुत गरिन्छ ।

| क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.१ | ०.३ | ०.० |
| व्यवस्थापक | १.८ | ३.३ | ०.७ |
| पेशाविद्हरू | ३.४ | ५.७ | १.७ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.७ | १.० | ०.४ |
| कार्यालय सहायकहरू | ०.५ | ०.९ | ०.२ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू | १.७ | ३.० | ०.७ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरू | ७५.३ | ६८.० | ८०.६ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू | १.४ | २.३ | ०.६ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू | ०.२ | ०.४ | ०.० |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरू | १५.० | १५.० | १४.९ |

यस गाउँपालिकाको गत आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक स्रोतबाट ३१ लाख २० हजार ९ सय ८ र संघीय सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. ३० करोड ७४ लाख २५ हजार १ सय ६०, प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. १ करोड ६३ लाख ६६ हजार ६ सय ६० एवम् राजश्व बाँडफाँडबाट ७ करोड ९ लाख ३९ हजार ६ सय ८२ र अघिल्लो बर्षको सरी आएको मौज्दात ९९ लाख ८२ हजार १ सय ८२ गरी कुल ४० करोड २३ लाख ५२ हजार ४ सय ११ आय भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ३८ करोड ८२ लाख ८४ हजार ६ सय ७ मध्ये चालु तर्फ ३० करोड ५७ लाख ३९ हजार ३ रूपैयाँ र पुँजीगत तर्फ ८ करोड २५ लाख ४५ हजार ६ सय ४ रहेको देखिन्छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को प्रक्षेपित कुल आय रु. ४८ करोड ५२ लाख ०५ हजार ३ सय ७४ मध्ये जेठ मसान्तसम्म रू. ४२ करोड ६९ लाख ८ हजार ९३ रुपैया प्राप्त भएको छ। जसमध्ये, आन्तरिक स्रोतबाट ३० लाख ९२ हजार १ सय २४, संघीय र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ३४ करोड २२ हजार २ सय २० एवम् राजश्व बाँडफाँडबाट ६ करोड ९२ लाख १० हजार ३ सय ७५ प्राप्त भएको छ। गत वर्षको मौज्दात १ करोड ४५ लाख ८३ हजार ३ सय ७४ रहेको छ। त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८१।८२ को जेठ मसान्तसम्म ३३ करोड २२ लाख ४६ हजार ८ सय २४ खर्च भएकोछ। जुन व्यय अनुमानको ६८ दशमवल ४७ प्रतिशत मात्र हुन जान्छ । जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रू२६ करोड ९९ लाख ३७ हजार ७ सय ७२ अर्था ७९ दशमवल १७ प्रतिशत र पूँजिगत तर्फ रू. ६ करोड २३ लाख ९ हजार ५२ अर्थात ४३ दशमबल १९ प्रतिशत खर्च भएको छ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रू. ९ करोड ४ लाख ९९ हजार ८ सय ९२ समावेश गरिएको छैन । स्रोत: नीति तथा कार्यक्रम २०८२।८३


### १.१.५ शैक्षिक अवस्थाको विश्लेषण

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा सामुदायिक ४४ वटा बालविकास केन्द्रहरू, आधारभूत तहको ३३ वटा र माध्यमिक ८ वटा विद्यालयहरू रहेको छन् । ४ वटा सिकाइ केन्द्रहरू रहेकाछन् । थलारा गाउँपालिकाको शैक्षिक सत्र २०८२ अनुसारको तहगत विद्यार्थी विवरण तल प्रस्तुत गरिएको छ ।

| तह | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| बाल विकास | २५६ | ३६४ | ० | ६२० |
| कक्षा १-५ | ९५१ | ८४३ | १ | १७९४ |
| कक्षा ६-८ | ६३९ | ५६१ | ० | १२०० |
| कक्षा ९-१० | २१८ | २६९ | ० | ४८७ |
| कक्षा ११-१२ | ११९ | १२४ | ० | २४३ |

थलारा  गाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा संघीय तर्फ २५ र स्थानीय तर्फ २२ गरी जम्मा ४७ जना महिला शिक्षकहरू रहेको देखिन्छ। आधारभूत तह (कक्षा १-५) मा स्थायी दरबन्दी ८८, अनुदान तथा राहत ४० समेत १२८ जना रहेका छन्। आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरबन्दी ११,  अनुदान तथा राहत २१ समेत ३२ जना रहेका छन्। त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरबन्दी ७,  अनुदान तथा राहत २३  समेत गरी ३० जना रहेका छन्।  कक्षा ११ र १२ मा १६ जना शिक्षकहरू रहेका छन्।

जनगणना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था  ६८.६ प्रतिशत रहेको छ। त्यसमा पुरुषको ८०.६ प्रतिशत रहेको छ भने महिलाको प्रतिशत ५९.५ रहेको छ। १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्था हेर्दा सबैभन्दा बढी अध्ययन शिक्षा विषय पढ्ने रहेकाछन्। प्राविधिक शिक्षातर्फ पहुँच अत्यन्त न्यून छ। समग्र अवस्था हेर्दा शिक्षा र व्यवस्थापन विषयको अध्ययन गर्नेको सङ्ख्या बढी देखिन्छ। यसको विस्तृत विवरण तलको ग्राफमा देखाइएको छ।




त्यसैगरी थलारा गाउँपालिकाको शैक्षिक सुचकको अवस्था तलको तालिममा प्रस्तुत छ ।

| | | |
|---|---|---|
| **इसिडिको कुल भर्नादर** | **छात्रा** | **९८.१** |

| | | |
|---|---|---|
| | छात्र | ११३.६ |
| | जम्मा | १०६.३ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ६८.६ |
| | छात्र | ८२.७ |
| | जम्मा | ७६.० |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | ९७.६ |
| | छात्र | १११.१ |
| | जम्मा | १०३.७ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९३.३ |
| | छात्र | ९१.१ |
| | जम्मा | ९२.३ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | १२६.६ |
| | छात्र | १२३.९ |
| | जम्मा | १२५.४ |
| **खुद भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९५.८ |
| | छात्र | ९६.८ |
| | जम्मा | ९६.३ |
| **कुल भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ११२.६ |
| | छात्र | ११६.६ |
| | जम्मा | ११४.५ |
| **खुद भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९३.० |
| | छात्र | ९३.७ |
| | जम्मा | ९३.४ |
| **कुल भर्नादर कक्षा १ बाट ८** | छात्रा | १२०.९ |
| | छात्र | १२०.८ |
| | जम्मा | १२०.८ |
| **खुद भर्नादर कक्षा १ बाट ८** | छात्रा | ९४.७ |
| | छात्र | ९५.५ |
| | जम्मा | ९५.१ |
| **कुल भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ९०.६ |

| | | |
|---|---|---|
| | छात्र | ९२.६ |
| | जम्मा | ९१.७ |
| **खुद भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ७८.८ |
| | छात्र | ८७.९ |
| | जम्मा | ८३.७ |
| **कुल भर्नादर कक्षा ११ बाट १२** | छात्रा | ४२.५ |
| | छात्र | ७१.८ |
| | जम्मा | ५३.० |
| **खुद भर्नादर कक्षा ११ बाट १२** | छात्रा | २५.१ |
| | छात्र | ३१.८ |
| | जम्मा | २७.५ |
| **कुल भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ६१.५ |
| | छात्र | ८३.८ |
| | जम्मा | ७१.४ |
| **खुद भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ४६.३ |
| | छात्र | ६४.१ |
| | जम्मा | ५४.२ |
| **कक्षा ५ सम्मको टिकाउ दर** | छात्रा | ८६.७ |
| | छात्र | ८६.० |
| | जम्मा | ८६.४ |
| **कक्षा ८ सम्मको टिकाउ दर** | छात्रा | ८४.८ |
| | छात्र | ८४.० |
| | जम्मा | ८४.४ |
| **५ बाट १२ बर्षे उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरुको प्रतिशत** | छात्रा | ८८.० |
| | छात्र | ८०.० |
| | जम्मा | १६८.० |
| **कक्षा १० सम्मको टिकाउ दर** | छात्रा | ७१.६ |
| | छात्र | ६५.८ |
| | जम्मा | ६८.९ |

स्रोत: Flash Report २०८२: www.cehrd.gov.np

माथिको तालिकाको विश्लेषण गर्दा आधारभूत तहको कक्षा १-८ को कुल भर्ना दर १२०.९ र कक्षा ९-१२ हेर्दा ७१.४ देखिन्छ । यसरी हेर्दा सही उमेरमा बालबालिकाहरू भर्ना नहुने देखिएको छ । समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख चुनौती देखिन्छ । त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९५.१ र माध्यमिक तहमा खुद भर्ना दर ५४.२ रहेको छ । यसरी हेर्दा अझै पनि आधारभुत तहमा ४.९ र माध्यमिक तहमा ४५.८ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । त्यसमा पनि छात्राको पहुँच छात्र भन्दा कम रहेको छ । त्यसैगरी छोड्ने र दोर्हाउने दरको अवस्थालाई पनि तल प्रस्तुत गरिन्छ ।

| **दोहोर्याउने दर** | **आधारभुत तह** | **छात्रा** | **३९.६** |
|---|---|---|---|
| | | छात्र | ३१.१ |
| | | जम्मा | ३५.५ |
| | माध्यमिक तह | छात्रा | २५.६ |
| | | छात्र | २४.६ |
| | | जम्मा | २५.१ |
| **छोड्ने दर** | आधारभुत तह | छात्रा | ७.८ |
| | | छात्र | १०.६ |
| | | जम्मा | ९.१ |
| | माध्यमिक तह | छात्रा | ४.३ |
| | | छात्र | ४.४ |
| | | जम्मा | ४.३ |

स्रोत: Flash Report २०८२: www.cehrd.gov.np

यस गाउँपालिकाको कक्षा उत्तीर्ण दर राम्रो भए पनि कक्षा छोड्ने तथा दोहोऱ्याउने दर उच्च रहेको छ । त्यसमा पनि कक्षा १ बाट ५ सम्मको कक्षा छोड्ने दर उच्च रहेको छ । विद्यार्थीको कक्षा अनुसारको उमेर मिल्दो छैन । माथिल्लो उमेर समूहको विद्यार्थी तल्लो कक्षामा अध्ययन गरिरहेको अवस्थाका कारण सहजै देखिने भर्नादर बढी छ । कक्षा छोड्ने दरमा छात्रा भन्दा छात्रको दर उच्च रहेको छ । तर कक्षा दोहोऱ्याउने दरमा छात्राको भन्दा छात्रको उच्च रहेको छ । त्यसैले अबको योजनामा बालबालिकाहरूलाई कक्षा छोड्ने र दोहोऱ्याउने दरलाई पनि कम गर्नु पर्ने र प्रत्येक कक्षामा तोकिएको उमेर अनुसारको विद्यार्थी राख्ने क्रियाकलापहरूलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । यस गाउँपालिकाको आन्तरिक सक्षमतालाई हेर्दा कक्षा ८ को टिकाउ दर ८४.४ र कक्षा १० को टिकाउ दर ६८.९ रहेको छ । यसरी हेर्दा बालबालिकाहरूको टिकाउदर ज्यादै कमजोर रहेको छ । लैगिङ्गरुपमा हेर्दा पनि छात्राको भन्दा छात्रको टिकाउदर कम रहेको छ । शैक्षिक सत्र २०८१ को कक्षा ८ को सिकाइ उपलब्धिको समग्र ग्रेडको अवस्था २.५१ रहेको छ भने संस्थागत विद्यालयको मात्र ३.१२ रहेको छ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको सिकाइ उपलब्धि उच्च रहेको देखिन्छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र भएकामा पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, महामारी तथा विपद्को अवस्थामा वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । साथै योजना लेखन पूर्व गरिएको कार्यशाला तथा सुझावको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको  विद्यार्थीको नियमितता, टिकाउ, न्यून सिकाइ उपलब्धि स्तर तथा न्यूनतम सिकाइ वातावरण नहुनु, कक्षाकोठामा पर्याप्त मात्रामा शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहितको कक्षा शिक्षण, अभिभावकको सक्रियता लगायतका समस्याहरू रहेको छ ।

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दीको व्यवस्थापन, मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन, उत्तरदायित्व अभिवृद्धि गर्नु, गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षणलाई बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने दर शून्यमा झारी पाठ्यक्रमले राखे अनुसार अपेक्षित सिकाइ सक्षमता सहितको उपलब्धि हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि  गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु, सम्पूर्ण सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण, सूचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

समग्रमा यस गाउँपालिकाको सिकाइ उपलब्धि कमी हुनु प्रमुख समस्या रहेको छ । छलफलबाट प्राप्त प्रमुख समस्यालाई तल राखिएको छ ।

- केही बालबालिकाहरू विद्यालय बाहिर हुनु ।
- सीमान्तकृत, आर्थिक रुपले विपन्न तथा अभिभावक विहीन बालबालिकाहरू धेरै हुनु ।
- सही उमेरमा विद्यालयमा भर्ना नहुनु ।
- विद्यालयमा भर्ना भएका करिब तेह्र प्रतिशत जति शिक्षा प्रणालीमा टिक्न नसक्नु ।
- विद्यार्थीको अनुपस्थिति र कुलतमा फसेको कारणले विद्यालय छोड्ने अवस्था सिर्जना हुनु ।
- भौतिक पुर्वाधार सिकाइ मैत्री नहुनु ।
- विषयगत शिक्षकको अभाव हुनु ।
- विषगत दक्षतामा कमी हुनु ।
- पाठ्यक्रममा आधारित सिकाइ उपलब्धि अनुसार सिकाइ सहजीकरण नगर्नु ।

- शैक्षिक सामग्रीको प्रयोगमा पर्याप्तता नहुनु ।
- पाठ्यक्रममा आधारित सिकाइ मूल्याकन प्रभावकारी नहनु ।
- सिकाइमा विद्यार्थीको लगनशीलता तथा संस्कार नहुनु ।
- अभिभावक सचेतनामा कमी हुनु ।
- प्रविधिमैत्री शिक्षण सामग्रीको अभाव रहनु ।
- शिक्षाको बजेटमा कमी हुनु ।
- चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभाव रहनु ।
- शिक्षक पेशागत सहयोग प्रणालीको अभाव रहनु ।
- अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था नगर्नु ।
- विद्यालयको शैक्षिक गतिविधिको अभिलेखीकरण प्रभावकारी नहुनु ।
- समयमा तथ्याङ्क अद्यावधिक नहुनु ।
- तोकेको समयमा विद्यालयले रिपोर्टिङ नगर्नु ।
- विद्यालय नेतृत्वको क्षमतामा अपर्याप्तता रहनु ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

- यस गाउँपालिकाको शिक्षाको मुख्य

चुनौतीहरूलाई को SWOT (strengths, weakness, opportunities and threats) विश्लेषणलाई तल प्रस्तुत गरिन्छ ।

| सवल पक्ष | अवसर |
|---|---|
| • शिक्षाको कानुन नीति तथा योजनाको अभ्यास,<br>• शिक्षा क्षेत्रमा स्थानीय सरकारबाट बजेट विनियोजनको सुरुआत,<br>• विद्यालय सुपरीवेक्षण तथा निरीक्षणमा स्रोत विज्ञको नियुक्ति र परिचालन,<br>• नियमित प्रअ बैठक र छलफलको अभ्यास,<br>• पालिकागत शैक्षिक क्यालेन्डरको अभ्यास,<br>• स्थानीय तहबाट विद्यालयहरूको नजिकबाट प्रशासनिक निरीक्षणको सुरूआत | • संविधानले नै स्पष्ट रुपमा कानुनी आधार प्रदान गरेको,<br>• विद्यालय शिक्षामा गर्ने भूमिकाको विषयमा स्पष्ट रहेको,<br>• सङ्घीय सरकारबाट स्थानीय सरकारलाई नियमित प्राविधिक सहयोग तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका,<br>• स्थानीय सरकारलाई ससर्तका साथै समपुरक बजेटको समेत व्यवस्था गरेको, वार्षिक रुपमा शिक्षाको बजेटको रकममा वृद्धि हुँदै गरेको |
| **सुधारका पक्ष** | **चुनौती** |
| • शिक्षाका कर्मचारीहरूमा प्रशासनिक तथा शैक्षणिक क्षेत्रमा अपेक्षाकृत सिप जिम्मेवारीबोधको अभाव<br>• शिक्षामा क्षेत्रमा कम लगानी र छुट्याएको बजेटको पनि सिकाइ केन्द्रित भन्दा भौतिक निर्माणमा बढी रूचि तथा जोड, | • अनिवार्य तथा निःशुल्क शिक्षा नीति कार्यन्वयन गर्नु<br>• सबै बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्नु ।<br>• सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु । |

| | |
|---|---|
| • कार्यक्रम कार्यान्वयनमा समयमा अभाव र कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजामा आधारित प्रमाणीकरण प्रक्रियाको अभाव,<br>• उचित दस्तावेजीकरण वा अभिलेख प्रणाली अभाव, | • विषयगत र कक्षागत शिक्षक दरबन्दी उपलब्ध गराउनु ।<br>• विद्यालयमा सिकाइ वातावरण सुनिश्चित गर्नु ।<br>• विद्यालय बाहिरको उमेर समूहलाई अनौपचारिक शिक्षा पद्धतिमा ल्याउनु ।<br>• सङ्घीय शिक्षा ऐन जारी नहुँदा स्थानीय तहले पनि पुरानै कानुनमा टेकेर मात्र कानुन बनाउनु पर्ने बाध्यता रहनु,<br>• स्थानीय तहको शिक्षा शाखामा सरकारले तोके अनुसारको दरबन्दीमा कर्मचारी नहुनु |

## १.४ अवसरहरू

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन । यसका साथै अन्य थप अवसरहरूलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ ।

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रबन्ध भएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको,
- सङ्घ र प्रदेशका शिक्षा नीति कार्यक्रमहरूसँग तालमेल हुने गरी थलारा गाउँपालिका शिक्षा ऐन २०७७, शिक्षका दरबन्दी मिलान कार्यविधि, बालविकास शिक्षक मिलान कार्यविधि लगायत विभिन्न कानुनी र नीतिगत प्रबन्ध तयार भएको,
- विभिन्न गैर सरकारी सङ्घ संस्थाहरूको क्रियाशीलता रहेको तथा स्थानीय शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्न तथा कार्य साझेदारी गर्ने वातावरण तयार भएको,
- गुणस्तरीय शिक्षाप्रति आम अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको,
- स्थानीय तहबाट विद्यालय शिक्षा सुधार कार्यक्रमलाई प्राथमिकता दिने कार्य भएको,
- विद्यालय तहमा खुद भर्नादरमा सुधार भएको, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालयमा भित्र्याउने कार्य भैरहेको,
- लैङ्गिक समता सूचकाङ्क सक ारात्मक रहेको,
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता वृद्धि भइरहेको,
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको,

- गाउँपालिकाले गाउँ भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा इन्टरनेटको व्यवस्था सहितको प्रविधिमैत्री पठन पाठनलाई प्राथमिकता दिदै गाउँ शिक्षा ऐन र नियमावली अनुसारको विद्यालयहरूको नियमन, निरीक्षण, सुपरीवेक्षण र अनुगमन नियमित रुपमा गर्ने नीति अगाडि सारेको,
- विद्यालयको समग्र विकास, योजना र रणनीति निर्माणका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिने,
- गाउँपालिकाले कार्यविधि निर्माण गरी तोकिएका सूचकका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थी प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने नीति अगाडि सारेको,
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यावहारिक शिक्षा प्रदान गर्न सकिने,
- शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने,
- दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने,
- गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा इन्टरनेट र इ–लाइब्रेरीको व्यवस्था सहितको प्रविधिमैत्री पठनपाठनलाई प्राथमिकता दिने नीति अगाडि सारेको,
- गाउँपालिकाले सामुदायिक विद्यालयहरूको विद्यमान अवस्थाको पहिचान गरी बालकक्षाका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापन, विद्यालय छाना मर्मत कार्यक्रम तथा शिक्षणका लागि आवश्यक शैक्षिक सामग्री व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिने नीति अगाडि सारेको ।

## १.५ योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन गरिने कार्यहरूको समिश्रण नै योजना हो । योजना पालिकाको सपना हो । पालिको शिक्षा कस्तो बनाउने भन्ने विषयमा जनप्रतिनिधिले सपना देख्नु पर्छ । योजना आफैमा निर्मित हुने विषय होइन र यो एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई अनुसरण गरिएको छ ।

- गाउँ शिक्षा समितिको मिति २०८१।०५।२३ गते बैठकले गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय भएको र उक्त बैठकले ७ सदस्य शिक्षा योजना निर्माण समिति गठन गरेको ।
- तत्पश्चात् उक्त मस्यौदा लेखन समितिले शिक्षा योजना निर्माणको लागि आवश्यक दस्तावेज तथा तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषण गर्ने काम गरेको ।
- मिति २०८२।१०।२४ गते लेखनपूर्व मुख्य सरोकारवालाहरूसँगको छलफल तथा मुख्य समस्या तथा चुनौतीहरूका बारेमा कार्यशाला सम्पन्न भएको ।
- योजना मस्यौदा लेखन समितिबाट शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयार गरेको र प्राविधिक विज्ञले योजना लेखन टोलिलाई प्राविधिक सहयोग गरेको ।
- मिति २०८२।०३।१४ गते योजना मस्यौदा लेखन समितिमा लेखन सदस्यहरू बीच सामुहिक रूपमा लेखन केन्द्रित कार्यशाला गरी प्रारम्भिक मस्यौदा तयार गरिएको ।
- तयारको पहिलो मस्यौदामाथि मिति २०८२।०३।२२ गते सबै सरोकारवालाहरूबाट सुझाब सङ्कलन गरिएको ।

- प्राविधिक विज्ञबाट शिक्षा योजनाको प्राविधिक लेखाजेखा गरी सुझाब सङ्कलन गरिएको ।
- तयार भएको अन्तिम मस्यौदालाई लेखन मस्यौदा समितिले शिक्षा योजना समितिलाई पेश गरेको र शिक्षा योजना समितिले कार्यपालिकामा पेश गरिएको ।
- मिति २०८२।०३।...... गते शिक्षा योजनालाई प्रमाणित गरिएको ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएका आधार

नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा प्राप्त गर्ने मौलिक हकलाई व्यवहारमा उतार्न, सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न समयानुकूल स्थानीय शिक्षा योजना निर्माण गर्नु अपरिहार्य बनेको छ । राज्यको बदलिंदो शासकीय स्वरूपसँगै स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेश, सामाजिक माग, आवश्यकता तथा सन्दर्भलाई सम्बोधन गर्न राष्ट्रले तय गरेका नीतिगत उद्देश्य, आधार, मापदण्ड र स्तर निर्धारणले योजना निर्माणमा मार्गदर्शन प्रदान गर्दछ । यस्तै, प्रदेशस्तरमा परिभाषित क्षेत्रगत उद्देश्य, रणनीति र मापदण्डहरू भित्र रही स्थानीय स्तरमा तयार पारिने योजनाले आफ्नो विशेषता प्रस्तुत गर्दछ । तीनै तहका योजनाहरूबीचको अन्तरसम्बन्धले योजना अपेक्षित उपलब्धिमूलक, व्यावहारिक तथा कार्यान्वयन योग्य बन्ने सुनिश्चितता प्रदान गर्दछ । संविधानमा व्यवस्था गरिएका समन्वय, सहअस्तित्व, सहकार्य र सामञ्जस्यताका सिद्धान्तहरूले योजना निर्माण र कार्यान्वयन प्रक्रियामा मार्गदर्शन गर्ने गर्दछन् । यस्ता समन्वयात्मक प्रयासले स्रोत साधनको उपलब्धता तथा प्रभावकारी प्रयोगलाई सम्भव बनाउँछन् । यस योजनाको आधार नेपाल सरकारको सोह्रौ योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धता, प्रचलित शिक्षा नीति तथा ऐनहरू र स्थानीय सरकार सञ्चालन ऐन हुन् ।

## २.२ दूरदृष्टि

संस्कार, समता र गुणस्तरको शिक्षा: गाउँपालिकाको अपेक्षा

## २.३ लक्ष्य

समावेशी, पहुँचयोग्य र प्रविधिमूलक गुणस्तरीय जीवनोपयोगी शिक्षा सुनिश्चित गर्नु।

## २.४ उद्देश्य

- प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु ।
- विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको सुधार गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।

## २.५ रणनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु । | • बाल विकास केन्द्रलाई थप प्रभावकारी बनाउने ।<br>• विद्यालय तहको भर्ना अभियानलाई थप प्रभावकारी बनाइ पहुँचमा सुधार गर्ने ।<br>• बालबालिकाहरूको पुहँचमा सुधार ल्याउन अभिभावक शिक्षा, विद्यार्थी सहयोग कार्यक्रम लागु गर्ने । | • हरेक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय व्यवस्थापन समिति (वि.ब्य.स.) र शिक्षक अभिभावक सङ्घ (शि.अ.स.) को नेतृत्वमा कार्यदल गठन गरी भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ ।<br>• विद्यालय जान नसक्ने वा भर्ना हुन नसकेका बालबालिकाको तथ्याङ्कको आधारमा पालिकास्तरमा सघन भर्ना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सबै बालबालिकाहरूको पहुँचमा वृद्धि गर्न विद्यालय मार्फत आमा समूह गठन र परिचालन गर्ने व्यवस्था गरिनेछ ।<br>• विद्यालयमा भर्नामा हुँदा स्वागत गर्ने अभ्यासको सुरुआत गरिनेछ ।<br>• सीमान्तकृत विपन्न बालबालिकाहरूको लागि शैक्षिक सामग्री उपलब्ध गराइनेछ । यथोचित पहिचानको आधारमा "बालबालिका शैक्षिक सहयोग कार्यक्रम" लागु गरिनेछ, जसले सीमान्तकृत तथा पछाडि पारिएका वर्गका बालबालिकाको शिक्षामा समावेशी सहभागिता सुनिश्चित गर्नेछ ।<br>• वार्षिक रूपमा विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन कक्षा कटौती गर्न प्रबन्ध गरिनेछ ।<br>• आवश्यक सुविधा सामग्री सहितको न्यूनतम सिकाई वातावरण सुनिश्चित गरी वडा तथा टोलहरूमा नमूना बालविकास केन्द्र स्थापना तथा सञ्चालनको लागि विभिन्न सङ्घ संस्था तथा दाताहरूसँग सहजीकरण र सहकार्य गरिनेछ ।<br>• बालविकास शिक्षकमा कक्षा १२ उत्तीर्ण र तालिम प्राप्त व्यक्तिले मात्र शिक्षक हुने नीति कार्यन्वयनमा ल्याइनेछ ।<br>• बालबालिकामैत्री विद्यालय वातावरण सुनिश्चित गर्न सम्बन्धित वडा, स्थानीय सङ्घ संस्था र समुदायसँग समन्वय गरिनेछ ।<br>• प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्था |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | मिलाइनेछ।<br>• अनिवार्य आधारभूत शिक्षा कार्यक्रम कार्यन्वयन गर्न सकारात्मक विभेदको नीति लागु गरिनेछ।<br>• बालबालिका विद्यालयमा भर्ना नगराउने, नियमित विद्यालय नपठाउने अभिभावकहरूको पहिचान गरी वडा तथा पालिका स्तरबाट प्रवाह हुने सेवा सुविधाबाट वञ्चित गर्ने गरी नीति क्रमशःलागु गरिनेछ।<br>• वडा तथा पालिका तहमा शतप्रतिशत विद्यालय पहुँच सुनिश्चित गर्न लक्षित घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।<br>• शैक्षिक सत्रको प्रारम्भमै भर्ना अभियानसँगै विद्यालय वा समुदायमा निश्चित तालिम प्याकेजअनुसार अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• जनप्रतिनिधि, सार्वजानिक पद तथा सरकारी सेवासुविधा प्राप्त गर्ने सबैले सामुदायिक विद्यालयमा नै बालबालिकाहरू अध्ययन गर्न वार्षिक रुपमा सूचना जारी गर्ने व्यवस्था मिलाइनेछ। |
| विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको विकास र सिकाइ वातावरणमा सुधार ल्याउनु। | • सिकाइ वातावरण सुनिश्चित गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्ने।<br>• न्यूनतम सिकाइ मापदण्डलाई चरणबद्ध कार्यान्वयन गर्ने।<br>• सिकाइ वातावरण सुधारको लागि बहुपक्षीय साझेदारीमा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गर्ने। | • हरेक विद्यालमा आवश्यक वातावरण अनुकुल भौतिक संरचना बनाइनेछ।<br>• क्षेत्रगत स्मार्ट विद्यालयको अवधारणा ल्याइनेछ।<br>• आवश्यकताको मूल्याङ्कन तथा विद्यालय सुधार योजनाको प्रस्तावनामा आधारित रही "गाउँपालिका शैक्षिक गुणस्तर सुधार कार्यक्रम" सञ्चालन गरिनेछ।<br>• शिक्षण सिकाइ क्रियाकलापलाई सशक्त बनाउनका लागि बालमैत्री, सुरक्षित, समावेशी र सिकाइका लागि उपयुक्त कक्षा कोठा निर्माणमा सरकारी एवं अन्य निकायको सहयोगको नीति लिइनेछ।<br>• हरेक विद्यालयले वर्षको सुरुमा आफ्नो भौतिक, शैक्षिक र व्यवस्थापन पक्षको आन्तरिक मूल्याङ्कन गरी सुधारका प्राथमिकता तय गरी विद्यालय शिक्षा क्षेत्र योजना (SESP)ले तोकेका न्यूनतम मापदण्डहरू क्रमशः ५ वर्षभित्र पुरा गरिनेछ।<br>• हरेक शैक्षिक वर्षको प्रारम्भमा विद्यालयहरूको न्यूनतम मापदण्ड (शिक्षक सङ्ख्या, कक्षा कोठा, पिउने पानी, शौचालय, शैक्षिक सामग्री आदि) को अवस्थाको पहिचान |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | गरी विद्यालयको अवस्थाअनुसार प्राथमिकतामा आधारित पालिकाको वार्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सिकाइ वातावरणको गुणस्तर सुधारका लागि अभिभावक, समुदाय, स्थानीय सरकार, NGO/INGO लगायत सरोकारवालासँग समन्वय एवं साझेदारी गरिनेछ ।<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र समुदायबीचको सहकार्यमा स्थानीय स्रोतको परिचालन गरी सिकाइ सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| | • विद्यार्थीको टिकाउमा सुधार ल्याउने । | • बालबालिकाहरूको टिकाउका लागि खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।<br>• टिकाउको लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |
| विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु । | • शिक्षकको पेशागत विकास मार्फत विद्यार्थी सिकाइ सहजीकरणमा सुधार ल्याउने र शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि र सक्षमता प्रति जिम्मेवार र उत्तरदायी बनाउने । | • प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रम २०७७ सहित विद्यालयको पाठ्यक्रमलाई पूर्ण कार्यान्वनयन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• कक्षा १ बाट ५ सम्ममा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयको फोकल शिक्षक तयार गरी क्षमता विकास गरिनेछ ।<br>• तहगत तथा विषयगत शिक्षकको तालिमको व्यवस्था गरिनेछ ।<br>• शिक्षकको पेशागत विकास टिपीडीको तालिम पालिकाबाट नै सुरुआत गरिनेछ ।<br>• सबै विद्यालयहरूमा प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गरी सिकाइ सहजीकरणको वातावारण मिलाइनेछ ।<br>• कक्षा १–३ मा थिमगत मूल्याङ्कन र कक्षा ४–१२ मा पाठ्यक्रमले तोके अनुसारको परियोजना तथा प्रयोगात्मक मूल्याङ्कनलाई पूर्ण रुपमा लागु गरिनेछ ।<br>• कक्षा ४ बाट १२ सम्मको आन्तरिक मूल्याङ्कनमा अभिभापकले गर्ने मूल्याङ्कनलाई समेत जोड्ने व्यवस्था गरिनेछ ।<br>• Mentoring system लागु गर्ने पर्ने ।<br>• कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गरिनेछ ।<br>• विद्यालय र पालिका स्तरमा सिकाइ उपलब्धि विश्लेषण र वार्षिक अन्तरक्रिया |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• शिक्षण सुधार योजना (TIP) पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।<br>• कक्षा १-३ मा पढ्नको लागि सिक्ने अवधारणामा आधारित क्रमिक सिकाइ सहजीकरण रणनीति लागु गरिनेछ ।<br>• विद्यार्थी केन्द्रित क्रियाकलापमा आधारित सिकाइ र प्रविधिमैत्री शिक्षण विधिहरूलाई प्राथमिकताका दिई कार्यन्वयन गरिनेछ ।<br>• शिक्षकलाई Low cost, no cost शिक्षण सामग्रीको प्रयोग गरी अर्थपूर्ण, व्यवहारिक र प्रविधिमैत्री शिक्षण गर्न प्रेरित गरिनेछ ।<br>• छापामय कक्षाकोठाहरू व्यवस्थापन गरिनेछ ।<br>• प्रत्येक शिक्षकले आफ्ना विषयका पाठ्यपुस्तक, पाठ्यक्रम र निर्देशिका प्रयोग गरेर नवीनतम विधि र प्रविधिमा आधारित शिक्षण गर्ने व्यवस्था गरिनेछ ।<br>• विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मूख्य विषयहरूको वा सुधारको क्षेत्रहरू आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका अभिभावकहरू र पालिकाबाट साझेदारीमा आर्थिक स्रोत व्यवस्थापन हुने व्यवस्था मिलाइने छ ।<br>• पालिकास्तरबाट हरेक वर्ष शिक्षकलाई पाठ्यक्रम अनुसार छोटो अवधिको तालिम उपलब्ध गराइनेछ । तालिम प्राप्त शिक्षकले विद्यालयमा पुनः तालिम (cascade training) दिने व्यवस्था अनिवार्य गरिनेछ ।<br>• महिनामा कम्तिमा एक दिन विद्यालयमा नै विषयगत शिक्षकको आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पालिकास्तरमा विषयगत शिक्षकहरूको पेशागत सहयोगको लागि बैठक, छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेशागत सहायताको लागि विषयगत समिति तथा शिक्षक सहयोगको लागि विज्ञ सेवा परिचालन गरिनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • कार्यवधि बनाई शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरको शिक्षण सिकाइ समन्वयकर्ताको व्यवस्था गर्ने प्रबन्ध गरिनेछ।<br>• आफूले पठनपाठन गरेको विषयको सिकाइ उपलब्धिको जिम्मेवारी सम्बन्धित शिक्षकलाई बनाइनेछ। विद्यार्थीले प्राप्त सिकाइ उपलब्धिको आधारमा शिक्षकलाई प्रोत्साहन पुरस्कारर अन्य वृत्ति विकासको अवसर उपलब्ध गराइनेछ।<br>• विद्यालय स्तरमा कक्षागत/तहगत सहभागी सङ्ख्याको कम्तिमा वर्षको दुई पटक अभिभावक परामर्श/ अन्तरक्रिया/छलफल कार्यक्रमको आयोजना गरिनेछ।<br>• प्रत्येक विद्यालयमा महिनाको अन्तिम शुक्रवार सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक गरी पठनपाठनको समीक्षा गर्ने व्यवस्था मिलाइनेछ।<br>• हरेक दुई महिनामा पालिका सभाहलमा वा क्लस्टर स्तरीय घुम्ती रूपमा प्रअ शिक्षक बैठक<br>सञ्चालन गरी पठनपाठनको समीक्षा गरिनेछ।<br>• राम्रो अभ्यास भएका विद्यालयको अवलोकन/शैक्षिक भ्रमणका लागि विव्यस, प्रअ, शिक्षक र कर्मचारीलाई प्रोत्साहन गर्न कार्यक्रम ल्याइनेछ। |
| स्थानीय पाठ्यक्रमलाई पूर्ण कार्यान्वयन गर्नु। | स्थानीय आवश्यकता सहभागिता र सिपमा आधारित पाठ्यक्रमको परिमार्जन तथा विकास गरी कार्यान्वयन गर्ने। | • स्थानीय आवश्यकतामा आधारित व्यवसायिक तथा सिपमूलक जनशक्ति उत्पादनका लागि स्थानीय पाठ्यक्रमलाई परिवर्तन तथा परिमार्जन गरिनेछ।<br>• स्थानीय पाठ्यक्रममा अतिरिक्त क्रियाकलापहरूका विषयवस्तुहरू जोडेर परिमार्जन तथा परिवर्तन गरिनेछ।<br>• पाठ्यक्रम पुस्तकलाई परिमार्जन गरिने र शिक्षक निर्देशिका विकास गरी लागु गरिनेछ।<br>• शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्रदान गरिनेछ।<br>• स्थानीय पाठ्यक्रम लागु गरिएका कक्षाहरूको सुपरीवेक्षण र सहजीकरण पालिका शिक्षा शाखाको समन्वयमा गरिनेछ।<br>• हरेक शैक्षिक वर्षको अन्त्यमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • प्राप्त नतिजा र सुझावका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन/सुधार गरिनेछ। |
| विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु। | • विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकको नेतृत्व र संरचनाको संस्थागत सुधार गर्ने।<br>• विद्यालयहरूको अनुगमन, मूल्याङ्कन र जवाफदेहिता प्रणाली सुदृढ पार्ने।<br>• विद्यालय नेतृत्व र शिक्षक क्षमताको विकास गर्ने।<br>• लेखा व्यवस्थापनलाई प्रविधिमा आधारित प्रभावकारी बनाउने<br>• स्रोत व्यवस्थापन र प्रोत्साहन प्रणाली सुधार गर्ने।<br>• विद्यालयमा सम्पादित समग्र कार्यहरूको जिम्मेवारी बाँडफाँड र कार्य विभाजन गर्ने। | • ऐन बनाई सामुदायिक विद्यालयका पालिका स्तरमा प्र.अ. को खुला प्रतिस्पर्धाबाट नियुक्ति प्रणाली कार्यान्वयन गरिनेछ।<br>• प्र.अ. नियुक्तिसँगै ५ वर्षे कार्यसम्पादन मूल्याङ्कन र करार सम्झौता व्यवस्था गरिनेछ।<br>• हरेक शैक्षिक वर्ष प्रारम्भमा प्र.अ.सँग कार्यसम्पादन करार गरिनेछ र मासिक प्रअ भत्तालाई वृद्धि गरिनेछ।<br>• वि.व्य.स. गठन प्रक्रिया सुधार गर्न गाउँपालिकाको शिक्षा ऐन संशोधन गरी सङ्घीय सरकारको कानुन बमोजिम गरिनेछ र विद्यालय सुधारप्रति जवाफदेही बनाइनेछ।<br>• शिक्षक अभिभावक सङ्घलाई क्रियाशील बनाउन अभिभावक शिक्षा र समुदाय परिचालनका साथै मासिक रुपमा विद्यालय अभिभावक छलफल कार्यक्रमको नेतृत्व गर्ने व्यवस्था गरिनेछ।<br>• वडास्तरीय अनुगमन समितिले विद्यालयको बजेट, कार्यान्वयन र प्रगति स्थलगत रूपमा मूल्याङ्कन गरिनेछ।<br>• विद्यालयले कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखा परीक्षण समयमै पूर्णरूपमा कार्यान्वयन गर्ने र यी मूल्याङ्कनहरूलाई विद्यालयमा जाने निकासासँग जोडिने गरी कार्यान्वयन गरिनेछ।<br>• समयमा तथ्याङ्क अद्यावधिक नगर्ने र अभिलेख नराख्ने विद्यालयहरूलाई विद्यालयमा जाने निकासा वा प्रोत्साहनका कार्यमा कटौती गरिनेछ।<br>• विद्यालयको नेतृत्व क्षमताको अभिवृद्धि गर्न विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विद्यालयमा आचारसंहिता निर्माण र कार्यान्वयन अनिवार्य गरिनेछ।<br>• वार्षिक रूपमा प्रअ र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ र सुधारका योजना बनाइनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | • वार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने व्यवस्था गरिनेछ।<br>• विद्यालयमा वार्षिक रूपमा सम्पादन गर्ने कामको विषयमा विभिन्न समिति उपसमिति निर्माण गरी कार्यविभाजन गरिनेछ।<br>• "एक विद्यालय एक अक्षयकोष" नीति अन्तर्गत विद्यालयको नामबाट प्रोत्साहन तथा छात्रवृत्ति अक्षय कोषको स्थापना र सञ्चालनको लागि विद्यालयलाई प्रेरित गरिनेछ।<br>• प्रोत्साहन तथा छात्रवृत्ति अक्षय कोषमा रहेको मुलधन नास्न, मास्न वा अन्य प्रयोजनमा खर्च गर्न नपाउँने तर व्याजबाट प्राप्त रकम ७० प्रतिशत प्रोत्साहन/छात्रवृत्तीमा, १० प्रतिशत व्यवस्थापन खर्च र बाँकी २० प्रतिशत मुलधनमा थप गर्ने नीति कार्यन्वयन गरिनेछ।<br>• पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी शैक्षिक सुधारका लागि स्रोत परिचालन गरिनेछ।<br>• गाउँ शिक्षा समितिबाट निर्माण भएको मापदण्ड अनुसार उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., विव्यस र शि.अ.सं. वार्षिक रूपमा छनोट गरी पुरस्कार/प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।<br>• वार्षिक रूपमा पालिकाभित्र दरबन्दी मिलान र शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ।<br>• शिक्षक अभाव भएका विद्यालयमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरिनेछ।<br>• कार्यविधि बनाई सुत्केरी विदामा रहेको शिक्षकको सट्टा शिक्षकको व्यवस्था गरिनेछ।<br>• पालिकामा सङ्गीत र खेलकुदको विकास गर्न एक शिक्षकको व्यवस्था हुने प्रबन्ध गरिनेछ।<br>• वार्षिक रूपमा विद्यालयको स्थलगतम भम्रण गरी असोज महिनामा विद्यार्थी प्रमाणीकरण प्रणाली लागु गरिनेछ।<br>• शिक्षकले कक्षाकोठामा बिताएको समय कार्यविधि २०७४ लाई पूर्ण रुपमा कार्यान्वयन गरी शिक्षक उपस्थिति बढाइनेछ।<br>• विद्यालयको नियमित अनुगमनलाई व्यवस्थित गर्न वडास्तरीय शिक्षा समितिलाई |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | परिचालन गरिनेछ।<br>• शिक्षक स्टाफ बैठक, विव्यस बैठक, शिअसं बैठक, अभिभावक भेला, सामाजिक परीक्षण, लेखापरीक्षण, सूचना अधिकारीको व्यवस्था, आर्थिक पारदर्शिता, विद्यालयको प्रगति समीक्षा एवं सार्वजनिक जस्ता विषयलाई विद्यालय सञ्चालन, व्यवस्थापन र सुशासनको आधार बनाइनेछ।<br>• गुणस्तर सुधारका लागि लिडर विद्यालयको अवधारणालाई कार्यान्वयन गरिने छ र उक्त अवधारणा मार्फत अन्य आधारभूत विद्यालयहरूको क्षमता विकास र प्राविधिक सहयोग गरिनेछ।<br>• चौमासिक रुपमा सामुदायिक र संस्थागत विद्यालयहरू बीच भएका सफल अभ्यासहरूका बारेमा अन्तरक्रिया, क्षमता विकासका कार्यक्रमहरू तथा शैक्षिक सुधारमा सहकार्य सञ्चालन गर्ने प्रबन्ध गरिनेछ।<br>• सामुदायिक र संस्थागत विद्यालयहरू बीच भएका शैक्षिक कार्यक्रमहरूमा एकअर्कोमा सहभागिता गर्ने गराउने प्रबन्ध गरिनेछ।<br>• सामुदायिक र संस्थागत विद्यालयहरूमा सार्वजानिक विदा र स्थानीय विदाहरूलाई एकरुपता गरिनेछ।<br>• संस्थागत विद्यालयहरूले शिक्षक नियुक्ति गर्दा शैक्षिक योग्यताको न्यूनतम मापदण्ड लागु गर्ने प्रबन्ध गरिनेछ। |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु। | • सामुदायिक सिकाइ केन्द्रहरूलाई जीवनपर्यन्त सिकाइको थलोको रूपमा संस्थागत र सुदृढ बनाउने।<br>• औपचारिक र अनौपचारिक शिक्षाबीचको सहकार्य बढाउने।<br>• सिप र रोजगारीमुखी शिक्षामा | • अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट २०८५ वैशाखभित्र विद्यालय उमेर समूह बाहिरको जनसङ्ख्यालाई आधारभूत तह कक्षा ८ सम्मको शिक्षाको अवसर उपलब्ध गराउने नीति लिइनेछ।<br>• अनौपचारिक शिक्षा प्रयोजनको लागि अभियानको रुपमा वडागत रुपमा तथ्याङ्क सङ्कलन गरिनेछ।<br>• अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्र लगायतका स्थानीय सङ्घ संस्थाहरूलाई परिचालन गरिनेछ।<br>• सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थायी संरचना, मानवसंसाधन र कार्यक्रमसहित |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | जोड दिने।<br>• जीवनपर्यन्त सिकाइको मूल्याङ्कन, अभिलेख र प्रवर्धन प्रणाली विकास गर्ने। | स्थानीय सरकारमार्फत पुनः सशक्तीकरण गरिनेछ।<br>• सामुदायिक सिकाइ केन्द्रमा साक्षरता, वित्तीय साक्षरता, प्राविधिक सिप, स्वास्थ्य, लैङ्गिक समानता, कृषि, वातावरण जस्ता विषयमा छोटो तालिमहरू सञ्चालन गरिनेछ।<br>• विद्यमान स्रोत र समुदायको विशेषज्ञता प्रयोग गर्दै विविध उमेर र पृष्ठभूमिका व्यक्तिका लागि उपयुक्त सिकाइ कार्यक्रमहरू तयार गरिनेछ।<br>• सिकाइ केन्द्रहरूमार्फत ICT (सूचना प्रविधि) आधारित सिकाइ कार्यक्रम सुरु गरिनेछ।<br>• माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई कुनै एक विषयको प्रयोगात्मक सिकाइका लागि अनिवार्य गरिनेछ।<br>• विशेष गरी युवा, महिला, सीमान्तकृत समुदायका लागि उद्यमशीलता, प्राविधिक शिक्षा र व्यावसायिक तालिमहरू सञ्चालन गरिनेछ।<br>• वार्षिक रूपमा सिकाइ मेला वा प्रदर्शनी आयोजना गरी अनौपचारिक सिकाइको उपलब्धि सार्वजनिक गरिनेछ। |

## २.६ मुख्य कार्यसम्पादन सुचकहरू

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | २०८१ | २०८३ | २०८२ |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | १०६.९ | १०३ | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ७६.० | १०० | १०० |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ६० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ७० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिक ा(%) | ८७.१ | ९४ | १०० |
| २.१ | आधारभुत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९२.३ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०३.७ | १०० | १०० |
| २.३ | | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.१ | १०० | १०० |
| २.४ | | आधारभूत तह (कक्षा १-५) मा कूल भर्ना दर (%) | १२५.४ | ११५ | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९३.४ | १०० | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११४.५ | १०९ | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.६ | १०० | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२०.८ | ११० | १०० |
| २.९ | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ |
| २.१० | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८४.४ | ९४ | ९७ |
| २.११ | | विद्यालयबाहिर रहेका बालबालिका (%) कक्षा १-८ | ५.४ | ० | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ८३.७ | ९० | ९३ |

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | २०८१ | २०८३ | २०९२ |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ९१.७ | ९४ | ९८ |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | २७.५ | ३० | ४० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ५३.० | ६० | ७३ |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ५४.२ | ६४ | ७४ |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ७१.४ | ७६ | ८४ |
| ३.७ | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ |
| ४ | **साक्षरता** | ५ वर्षमाथिको साक्षरता दर | ६८.६ | ७५ | ८३ |
| ५.१ | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | ३७.७ | ३९ | ४१ |
| ५.२ | | माध्यमिक तह (कक्षा ९-१२) | १५.२ | १६ | १९ |
| ६.१ | **BLC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ५ | ५० | ८० |
| ६.२ | | आधारभुत | ४५ | ५५ | १०० |
| ६.३ | | माध्यमिक | ४६ | ५६ | ६३ |
| ७ | **बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | २.१ | ६ | १० |
| ८ | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा समग्र ग्रेड | २.५१ | ३.२ | ३.६ |
| **Source: Census 2078, Flash Report 20८1, CEHRD and IEMIS 2082** | | | | | |

# परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा (ईसीईडी) विद्यालय शिक्षाको आधारभूत तहको महत्वपूर्ण उपक्षेत्र हो, जुन चार वर्ष उमेर पुगेका बालबालिकालाई लक्षित गरिएको छ । यसको उद्देश्य बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा भाषिक सिपको समग्र विकास गर्दै कक्षा १ मा प्रवेशका लागि तयारी गराउनु हो । हाल नेपालमा विद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई प्रकारका बालविकास केन्द्र सञ्चालनमा छन् ।

पाठ्यक्रम प्रारूप २०७६ अनुसार चार वर्ष पुगेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर दिइन्छ । संविधानको धारा ३९(३) र शिक्षा ऐन २०२८ को संशोधनले बालविकासलाई बालबालिकाको हक र विद्यालय शिक्षाको भागका रूपमा सुनिश्चित गरेको छ । शिक्षा नीति २०७६, १६औं योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले गुणस्तरीय र पहुँचयुक्त प्रारम्भिक शिक्षाको विस्तारमा जोड दिएको छ । बालबालिकामा संलग्नता, पोषणयुक्त खाना, स्वास्थ्य बानी, व्यक्तिगत सुरक्षा, सरसफाइ, सिर्जनात्मक सोच र भाषिक-सञ्चार सिपको विकासमा ध्यान केन्द्रित गरिन्छ । सरकारका तीनै तह, विद्यालय र अभिभावकबीचको सहकार्यमा बालमैत्री पूर्वाधारसहितको वातावरण सिर्जना गर्दै सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास शिक्षा सुनिश्चित गर्नु आजको आवश्यकता हो ।

### ३.१.२ वर्तमान अवस्था

थलारा गाउँपालिका मा हाल ४४ वटा प्रारम्भिक बाल विकास केन्द्र (इसीडी) सञ्चालनमा छन् । ती केन्द्रहरूमा ६२० जना बालबालिका रहेका छन् । ४७ जना सहजकर्ताहरू संलग्न छन् । यद्यपि, धेरैजसो केन्द्रहरूले सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गर्न नसकेको र सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिएको अवस्था छ ।

थलारा गाउँपालिकामा प्रारम्भिक बालविकासको क्षेत्रमा सुधारका केही सकारात्मक संकेतहरू देखिएका छन् । प्रत्येक वर्ष प्रति विद्यार्थी रू. ५०० का दरले विद्यालयले अनुदान प्राप्त गर्नु, खाजा कार्यक्रमको सञ्चालन, अभिभावकहरूमा बालबालिकालाई चार वर्ष पुगेपछि बालविकास केन्द्रमा भर्ना गरिनुपर्छ भन्ने चेतना बढ्नु, स्थानीय सरकारद्वारा स्थानीय शिक्षा ऐन जारी गरी व्यवस्थापन प्रक्रिया सुरु गर्नु र सङ्घसंस्था तथा स्थानीय तहको सहकार्यमा केन्द्रहरूको व्यवस्थापनमा सहयोग हुँदै जानुजस्ता गतिविधिले बालविकास क्षेत्रमा सुधारको अवसर विस्तार भएको देखिन्छ ।

यद्यपि, यस क्षेत्रमा केही प्रमुख चुनौतीहरू पनि विद्यमान छन् । जस्तै: विद्यालयमा शिक्षकको अभावका कारण सहजकर्ताले अन्य कक्षाहरू पनि सहजीकरण गर्नुपर्ने बाध्यता, न्यून पारिश्रमिक, केन्द्रहरूको वर्गीकरणको अभाव र अधिकांश केन्द्रहरूले

सरकारद्वारा तोकिएका न्यूनतम मापदण्डहरू पूरा नगर्नु जस्ता समस्या उल्लेखनीय छन् । यी समस्याहरूको समाधान नगरेसम्म बालविकास कार्यक्रमको गुणस्तरमा सुधार ल्याउन कठिन हुने देखिन्छ ।

केन्द्रहरू बालबालिकाको घरदेखि १०–१५ मिनेटको दूरीमा हुनुपर्ने प्रावधान भए पनि केही स्थानहरूमा केन्द्रहरू आधा घण्टा वा त्योभन्दा टाढा छन् र कतिपय ठाउँमा अझै पनि कुनै केन्द्र छैन । भूगोल, जनघनत्व र बसोबासको अबस्थालाई आधार बनाई बालविकास केन्द्रहरूको स्थान, समायोजन तथा नयाँ स्थापना आवश्यक छ । त्यस्तै, हालका केन्द्रहरूको संस्थागत विकास, व्यवस्थापन सुधार र नयाँ केन्द्र स्थापनाको क्रममा क्षमता अभिवृद्धि तथा न्यूनतम मापदण्ड पालना अनिवार्य बनाउनु पर्ने आवश्यकता देखिन्छ ।

### ३.१.३ उद्देश्यहरू

यस गाउँपालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्देश्यहरू रहेका छन्

- ४-५ वर्षका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाक ोपहुँचमा सुनिश्चित गर्नु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड आधारमा गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.४ रणनीति

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउँदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरू कार्यान्वयनमा ल्याइनेछ ।

- भर्ना अभियान सशक्त बनाउने
- बालबालिकाहरूको सहयोग कार्यक्रम गर्ने
- अभिभावक शिक्षाको प्रवर्धन गर्ने
- सीमान्तकृत बालबालिकाका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने
- वडा र पालिकास्तरमा १००% बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने घोषणा कार्यक्रम सञ्चालन गर्ने
- पाठ्यक्रम अनुरूप सिकाइ सहजीकरण हुने व्यवस्था गर्ने
- बालमैत्री र पूर्ण सिकाइ वातावरण निर्माण गर्ने
- न्यूनतम मापदण्ड सुनिश्चितता गर्ने तथा सिकाइ वातावरण सुदृढीकरण गर्ने
- शिक्षक क्षमता अभिवृद्धि गर्ने
- सहजकर्ताको पारिश्रमिक वृद्धि गर्ने
- नमुना बालविकास कक्षाहरूको  विकास गर्ने

### ३.१.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

#### उपलब्धि

सबै बालबालिकाहरूको लागि  गुणस्तरीय  प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरमा सुधार भएको हुने ।

## प्रमुख नतिजाहरू

मुख्यतः यस क्षेत्रका मुख्य उपलब्धि तथा प्रमुख नतिजाहरू यस प्रकार रहेका छन्

- बालविकास केन्द्रको स्थापना वा पुर्नवितरण हुने ।
- ५ वर्ष मूनिका सबै बालबालिकाहरू बालविकास केन्द्रमा भर्ना भई सही उमेरमा भर्ना दरमा वृद्धि हुने।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसरमा वृद्धि हुने।
- सरकारले तोकेको न्यूनतम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरूमा पुरा भएको हुने।
- बालविकासका सहजकर्ताहरूले तालिम प्राप्त भएको हुने।
- कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रको स्थापना हुने।
- उत्कृष्ट बालविकास केन्द्रको बाल सहजकर्ता प्रोत्साहित/पुरस्कृत भएको हुने।
- बालबालिकाहरूको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान गरिने ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ३ | अति विपन्न तथा पिछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | ६ | ६ | ५ | २७ | ५४ | |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | जना | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ | ४७० | |
| ६ | योग्यता नपुगेका सहजकर्ताहरुको ९० घण्टा बराबरको सहजकर्ता तालिम सञ्चालन | जना | २३ | २४ | ० | ० | ० | ४७ | ९४ | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि बार्षिक रूपमा क्षमताविकास तालिम कार्यक्रम सञ्चालन | जना | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ | ४७० | |
| ८ | बर्षको कम्तिमा १ पटक सहजकर्ताहरूसँग पालिका स्तरीय समीक्षा बैठक  सञ्चालन | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ९ | सिकाइका छ कुनाको स्थापना र सहयोग | विद्यालय | ५ | ५ | ६ | ६ | ५ | २७ | ५४ | |
| १० | बाल विकास तथा शिक्षाको पाठ्यक्रमको पूर्ण कार्यान्वयन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **११** | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | १ | २ | २ | २ | २ | ९ | १८ | |
| **१२** | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | जना | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ | ४७० | |
| **१३** | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | जना | ४७ | ४७ | ४७ | ४७ | ४७ | २३५ | ४७० | |
| **१४** | प्रति विद्यार्थी अनुदान सहयोग | जना | ६२० | ६२० | ६२० | ६२० | ६२० | ३१०० | ६२०० | |

## ३.२ आधारभुत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरी पुनः संरचना गरेको छ । जसमा साविकको प्राथमिक तह नि.मा.वि. तह पर्दछ । आधारभूत शिक्षा व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिने भएकाले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गरिएको छ । विभिन्न अध्ययनहरूले देखाएको छ कि गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन, जीवनस्तर उकास्न र समग्र समाज तथा राष्ट्रको विकासमा सहयोग पुऱ्याउँछ ।

यही महत्वलाई मध्यनजर गर्दै थलारा गाउँपालिकाले आधारभूत शिक्षा सुदृढीकरणका कार्यक्रमहरू यस योजनामा समावेश गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार सङ्घीय, प्रदेश र स्थानीय सरकार सबैले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व राख्छन् भने प्रत्येक नागरिकले बालबालिकालाई विद्यालय पठाउने कर्तव्य पूरा गर्नु पर्ने हुन्छ । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक तहका २३ वटा अधिकार स्थानीय सरकारको क्षेत्राधिकारमा पर्ने भएकाले आधारभूत शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो ।

### ३.२.२ वर्तमान अवस्था

थलारा गाउँपालिकामा विगतका प्रयासहरूका कारण आधारभूत शिक्षामा बालबालिकाको भर्ना दरमा उल्लेखनीय वृद्धि भएको छ । तर आर्थिक, सामाजिक र भौगोलिक असमानताका कारण दलित, जनजाति, सीमान्तकृत र कठिन परिस्थितिमा रहेका बालबालिकाको पहुँच अझै पनि कमजोर छ । जन साङ्ख्यिक तथा बसोबासको स्वरूपमा आएको परिवर्तनअनुसार विद्यालयको पुनः वितरण र समायोजन आवश्यक देखिएको छ । कतिपय क्षेत्रमा वैकल्पिक प्रबन्ध गरिनु जरुरी छ ।

आधारभूत शिक्षामा निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयन, स्थानीय शिक्षा ऐनसहित आवश्यक कानुनी संरचना निर्माण, विद्यालयको बालमैत्री र समावेशी वातावरण सृजना, पोषण, स्वास्थ्य, सरसफाइ र दिवा खाजाजस्ता सेवाको विस्तार अपरिहार्य छन् । यस्तै, योग्य शिक्षकको अभाव, कमजोर शैक्षिक नेतृत्व, शिक्षकहरूको तयारी र तालिमको प्रभावहीनता तथा विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दर उच्च हुँदा शिक्षाको आन्तरिक सक्षमता प्रभावित भएको छ । कोभिड-१९ महामारीले सिकाइलाई थप अवरुद्ध बनाएको छ र आपतकालीन अवस्थामा निरन्तर सिकाइको व्यवस्था अझै विकास हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता, शिक्षक विकास, अनुगमन र जवाफदेही प्रणालीको सुधार आवश्यक छ । विद्यालयहरूको व्यवस्थापनमा प्रधानाध्यापकको नेतृत्व क्षमता अभाव र कानुनी स्पष्टताका कमीहरू पनि चुनौती बनेका छन् ।

थलारा गाउँपालिकामा हाल ४१ वटा सामुदायिक विद्यालय रहेका छन् । जसमध्ये आधारभूत ३३ वटा रहेका छन् । यस तहमा जम्मा २९९४ जना बालबालिका अध्ययनरत रहेका छन् । शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै स्थानीय तहलाई जिम्मेवार बनाउने संवैधानिक व्यवस्था तथा नीतिगत अभियानले पहुँच र गुणस्तर सुधारको अवसर सिर्जना गरेको छ ।

मुख्य समस्याहरू र चुनौतीहरू:

- विषयगत योग्य शिक्षकको कमी।
- विद्यार्थी र शिक्षकको नियमितता सुनिश्चित गर्न कठिनाइ।
- उमेरअनुसार भर्ना र समतामूलक पहुँच सुनिश्चितता गर्न चुनौती।
- सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको अभाव।
- पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमजोरी।
- पठन तथा गणितीय सिपको विकास अपर्याप्तता।
- प्रविधिमैत्री सामग्रीको कमी।
- अभिभावकको संलग्नता न्यून।
- विद्यालय घटाउने आवश्यकता र प्रोत्साहन प्रणालीको अभाव।

### ३.२.३ उद्देश्यहरू

- ९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागित ामा वृद्धिगर्नु।
- आधारभूत तहका बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
- न्यूनतम भौतिक संरचना सहित सरकारले तोकेको न्यूनतम सिकाइ वातावरणको सुनिश्चितता गर्नु।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु।

### ३.२.४ रणनीतिहरू

- पहुँच विस्तार र समावेशीकरणमा जोड दिने। मुलतः विद्यालय नक्साङ्कन, पुनर्वितरण, बहुकक्षा शिक्षण र विद्यालय बाहिरका बालबालिकाका लागि प्रोत्साहन कार्यक्रममा ज ोड दिने।
- सिकाइ सुधार र शिक्षण विधिमा रूपान्तरण गर्दै एकीकृत पाठ्यक्रम, बालमैत्री शिक्षण, न्यूनतम सिकाइ उपलब्धि, नियमित मूल्याङ्कन, भाषिक र सांस्कृतिक विविधतालाई समेट्ने शिक्षण विधिमा जोड दिने।
- शिक्षक व्यवस्थापन र क्षमता विकास गर्न तालिम, तयारी, प्रोत्साहन, आवश्यक शिक्षक दरबन्दी व्यवस्थापन र सिकाइ सुधारका लागि सहजीकरण क्षमता अभिवृद्धिमा जोड दिने।
- विद्यालय वातावरण र स्वास्थ्य पोषणमा जोड दिन खानेपानी, शौचालय, सरसफाइ, पोषण, स्वास्थ्य, बालमैत्री पूर्वाधार, बालउद्यान र हरियाली कार्यक्रममा कार्यान्वयन गर्ने।
- विपद् प्रतिकार्य र शिक्षा निरन्तरताका लागि सूचना प्रविधिको प्रयोग, जलवायु संकट तथा महामारीप्रति संवेदनशील योजना, जीवन उपयोगी सिपको एकीकरण, समग्र शिक्षालाई व्यावहारिक बनाउने।
- शैक्षिक सुशासन तथा उत्तरदायित्वमा सुधार ल्याउने।

### ३.२.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

#### उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

**प्रमुख नतिजाहरू**

- आधारभूत उमेर समूहका बालबालिकाहरूको शिक्षामा तथा सही उमेरमा हुने भर्नामा वृद्धि हुने ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।
- सिकाइका लागि न्यूनतम भौतिक संरचनामा सुधार भएको हुने ।
- बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धिमा सुधार भएको हुने ।
- तोकिएको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली पूर्ण रूपमा कार्यान्वयन भएको हुने ।
- स्थानीय पाठ्यक्रमको परिमार्जन तथा कार्यान्वयन भएको हुने ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र. स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यमसेवक शिक्षकको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकासका लागि मर्मत तथा पुनस्थापना (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | ३ | ४ | ३ | ३ | ४ | १७ | ३४ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणमा आधारित विद्यालय सुधार योजनामा रही प्रस्ताबना केन्द्रित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | ६ | ७ | ७ | ७ | ७ | ३३ | ६६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | विद्यालय | ६ | ७ | ७ | ६ | ७ | ३३ | ६६ | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | ६ | ७ | ७ | ६ | ७ | ३३ | ६६ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धि शिक्षक क्षमता कार्यक्रम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धि प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| १३ | अभिभाबकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| १४ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| १५ | एक वडा एक नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | १२८ | १२८ | १२८ | १२८ | १२८ | ६४० | १२८० | |
| १८ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| १९ | सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरूमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका | जना | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | | | | | | | | | |
| २० | सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरूका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाइ स मग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९२ | १४९ ६८ | २९९ ३६ | |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| २२ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्या लय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| २३ | Early Grade Learning (EGL) program को न्यूनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरूलाई बजेट अनुदान | विद्या लय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| २४ | आधारभूत तह (कक्षा १-८) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्या र्थी | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९२ | १४९ ६८ | २९९ ३६ | |
| २५ | कर्णाली कर्णाली बाहेक अन्य क्षेत्रका जिल्लाका आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | विद्या र्थी | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९४ | २९ ९२ | १४९ ६८ | २९९ ३६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका विध्यार्थीलाई समेत) बापतको बजेट अनुदान | विद्यार्थी | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६००० | |
| २७ | आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | विद्यार्थी | ३४ | ५० | ५५ | ६० | ६० | २५९ | ५१८ | |
| २८ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | विदयार्थी | १७५० | १७५० | १७५० | १७५० | १७५० | ८७५० | १७५०० | |
| २९ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| ३० | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन | विद्यार्थी | ५०८ | ५०८ | ५०८ | ५०८ | ५०८ | २५४० | ५०८० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न बनेको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ले समेत राज्यलाई सबै नागरिकलाई माध्यमिक तहको शिक्षा उपलब्ध गराउने दायित्व दिएको छ। संविधानले विद्यालय तहको शिक्षा स्थानीय सरकारको अधिकारक्षेत्र भित्र राख्नाका साथै सङ्घ, प्रदेश र स्थानीय तिनवटै तहको साझा जिम्मेवारी पनि निर्धारण गरेको छ।

यी संवैधानिक र कानुनी प्रावधानहरूले शिक्षा सेवामा नागरिकका लागि गुणस्तरीय, पहुँचयुक्त र उत्तरदायी व्यवस्था विकास गर्न तिन तहका सरकारहरूलाई स्पष्ट रूपमा उत्तरदायी बनाएका छन्। हाल विद्यमान शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षा माध्यमिक तह अन्तर्गत पर्छ। आधारभूत तह (कक्षा १–८) सकिएपछि सबै बालबालिकालाई रुचि र क्षमता अनुसार माध्यमिक तहमा साधारण, प्राविधिक वा व्यावसायिक धारको शिक्षा छनोट गर्ने अवसर दिनुपर्ने आवश्यकता छ। यस तहको शिक्षा जीवनोपयोगी, सिपमूलक, प्रविधियुक्त, उत्पादनमूलक तथा व्यावहारिक हुनुपर्छ।

कक्षा ११ र १२ मा हाल वैकल्पिक धारको एकलपथीय पाठ्यक्रम लागु गरिएको छ, जसले विद्यार्थीलाई उच्च शिक्षामा जान वा श्रम बजारमा प्रवेश गर्ने बाटो खोल्दछ। यसैगरी, श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने व्यवस्था पनि माध्यमिक तहमा समावेश गरिएको छ। शिक्षा नीति, २०७६ले माध्यमिक तहमा प्राविधिक धारको विस्तार र प्रवर्धनलाई प्राथमिकता दिँदै आएको छ, जसले रोजगारमुखी शिक्षालाई प्रवर्धन गर्ने स्पष्ट मार्गनिर्देशन दिएको छ।

### ३.३.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले माध्यमिक तहको शिक्षा सबैका लागि निःशुल्क हुने प्रावधान गरेको भए तापनि, व्यवहारमा यसलाई पूर्ण रूपमा निःशुल्क बनाउने कार्य अझै अधुरो रहेको छ। अझै पनि विपन्न, सीमान्तकृत र विशेष आवश्यकताका बालबालिकाहरू माध्यमिक शिक्षाबाट बञ्चित हुने अवस्था विद्यमान छ। थलारा गाउँपालिकामा हाल कक्षा १-१० सञ्चालन भएका जम्मा ४ वटा र कक्षा १-१२ सञ्चालन भएका जम्मा ४ वटा विद्यालय रहेका छन्। माध्यमिक तह कक्षा ९–१२ मा ७३० जना विद्यार्थी अध्ययनरत छन्। यद्यपि, माध्यमिक तहसम्म सही उमेरमा भर्ना नहुने, नियमित उपस्थिति नहुने, टिकाउपनमा कमी र विद्यालय छाड्ने दर चुनौतीका रूपमा देखिएको छ।

एसइइ तथा कक्षा ११–१२ को परीक्षामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीको सङ्ख्या उल्लेखनीय रहेको पाइएको छ, जसका कारण उनीहरू उच्च शिक्षाबाट पनि बञ्चित हुने सम्भावना उच्च छ। यसले माध्यमिक तहको शिक्षाको गुणस्तरप्रति गम्भीर चिन्ता उत्पन्न गराएको छ। शिक्षा उपयोगी र जीवनोपयोगी हुनुपर्नेमा जोड दिइए तापनि, सिपमूलक, व्यावहारिक तथा प्रविधियुक्त शिक्षणमा सुधारको खाँचो छ। यद्यपि गाउँपालिकाले शिक्षक अभाव हटाउन सङ्घीय सरकारबाट अनुदान शिक्षक (अङ्ग्रेजी, गणित, विज्ञान) व्यवस्थापन गर्ने, ICT ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गर्ने कार्यमा पहल गरे पनि ती स्रोतहरूको प्रभावकारी प्रयोग र व्यवस्थापन कमजोर देखिएको छ।

साथै, शिक्षकहरूलाई समयसापेक्ष तालिम तथा पेसागत सहयोगको अभाव, विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित नगर्नु, शिक्षण–सहजीकरणमा पाठ्यक्रमको सही कार्यान्वयन नहुनु र न्यूनतम भौतिक तथा सिकाइ पूर्वाधारको असमान उपलब्धता जस्ता समस्या विद्यमान छन् । यसैगरी, विद्यालयमा अभिभावक सहभागिता कमजोर रहेको, प्रोत्साहन प्रणाली संस्थागत नभएको र शिक्षा क्षेत्रका सेवा प्रदायकहरूबीच समन्वय कमजोर रहेको पाइएको छ ।

### ३.३.३ उद्देश्यहरू

- माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालय पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन ग  र्ने
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
- शिक्षकहरूको पेसागत विकास र सहयोगका लागि तालिम, प्रशिक्षणक ोव्यवस्था गर्ने ।
- शिक्षकहरूको अभिप्रेरणाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षण बाहेकको समयमा मुख्य विषयमा उपचारात्मक कक्षा सञ्चालन गर्ने ।
- प्राविधिक धारका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा रोजगारीमा प्राथमिकता दिने ।
- प्रयोगात्मक सिकाइ, परियोजना कार्यलाई अनिवार्य बनाइ व्यावहारिक बनाउने ।
- बालक्लवको नेतृत्व विकास गरी अभिभावक सचेतना प्रवर्धन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार ल्याउने, बालमैत्री र प्रविधिमैत्री शिक्षण विधिबाट शिक्षण हुने व्यवस्था मिलाउने ।
- हरेक विद्यालयमा सूचना र सञ्चार प्रविधिको विस्तार र प्रय ोगको सुनिश्चित गर्ने ।

### ३.३.५ उपलब्धि तथा प्रमुख नतिजाहरू

#### उपलब्धि

- निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणसतरमा सुधार भएको हुने ।

#### नतिजा

- माध्यमिक तहको शिक्षामा पहुँचमा वृद्धि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धिदरमा वृद्धि हुने तथा कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी आउने।
- सबै माध्यमिक विद्यालयले न्यूनतम आधारभूत मापदण्ड पूरा भएको हुने।
- प्राविधिक धारतर्फको शिक्षामा पहुँचमा वृद्धि भएको हुने।
- कम्तीमा २ वटा माध्यमिक विद्यालयहरूलाई नमुना विद्यालयका रुपमा विकास गरी अन्य फिडर विद्यालयहरूलाई सहयोग गर्ने अभ्यासको लागु हुने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यमसेवक शिक्षकको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | १ | २ | १ | २ | २ | ८ | १६ | |
| ८ | सिकाइका लागि न्यूनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | १ | २ | १ | १ | ३ | ८ | १६ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | विद्यालय | १ | २ | १ | १ | ३ | ८ | १६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | पुस्तकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | विद्यालय | १ | २ | १ | १ | ३ | ८ | १६ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्ध ीशिक्षक क्षमता कार्यक्रम | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १३ | अभिभाबकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १४ | पालिका स्तरीय प्रविधिमा आधारित शिक्षा मेला तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | नमुना विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १७ | घुम्ति शिक्षक बैठक | पटक | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १८ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| १९ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ९-१०) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| २० | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ११-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० | |
| २१ | सामुदायिक आधारभुत तह (कक्षा ९-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| २२ | सामुदायिक आधारभूत तह (कक्षा ९-१२) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण | जना | ७३ | ७३ | ७३ | ७३ | ७३ | ११७ | २३४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाई समग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | | ० | ० | ० | ० | ० | ४ | ८ | |
| २३ | माध्यमिक तह (कक्षा १-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २४ | आधारभूत विद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २५ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | विद्यार्थी | ७३० | ७३० | ७३० | ७३० | ७३० | ३६५० | ७३०० | |
| २६ | माध्यमिक तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका विद्यार्थीलाई समेत) बापतको बजेट अनुदान | विद्यार्थी | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५०० | |
| २७ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २८ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ११९ | ११९ | ११९ | ११९ | ११९ | ५९५ | ११९० | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रूपमा रहेको छ । यसलाई वर्तमान मागको रूपमा नलिई आवश्यकताको रूपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृति ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोही निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो । यस अन्तर्गत ईन्जिनियरिङ्तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थावाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम वजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

यस गाउँपालिकामा कुनै पनि १ प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालय रहेको छैनन्। अन्ततः, विश्व बजारको प्रतिस्पर्धात्मक प्रकृति हेर्दा प्रत्येक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउनु अपरिहार्य भइसकेको छ । यसले मात्र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न, दक्ष जनशक्ति उत्पादन गर्न र समग्र विकासको गति तीव्र बनाउन सकिनेछ ।

### ३.४.३ उद्देश्य

- सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने

### ३.४.४ रणनीतिहरू

- प्राविधिक धार सञ्चालन गर्न इच्छुक अन्य माध्यमिक विद्यालयहरूलाई सम्बन्धन प्राप्त गराउनका लागि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अघि बढाइने ।
- स्थानीय तहको समन्वयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि सुझाव सङ्कलन गरी आवश्यक आर्थिक स्रोतको व्यवस्थापनका लागि पहल गर्ने ।

- प्राविधिक धारतर्फ विद्यार्थीहरूलाई अभिप्रेरित गर्न "पढ्दै कमाउँदै" कार्यक्रमलाई थप सुदृढ बनाउँदै प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- स्थानीय जनशक्ति विकास गर्ने उद्देश्यले गाउँपालिकाले आवश्यकता आधारित, रोजगारमुखी छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन गर्ने।
- प्राविधिक धार सञ्चालित विद्यालयहरूमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला र फिल्डको दीर्घकालीन एवं दिगो व्यवस्थापन सुनिश्चित गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

- प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको हुने।
- प्राविधिक धारको सिकाइ वातावरणमा सुधार भएको हुने।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | संख्या | ० | १ | १ | १ | १ | ४ | १ | |
| ३ | विविध कारणले पछाडि परेका समूह र वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन (गणित र विज्ञान विषयसमेत) | जना | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | सीप र आयआर्जनमा आधारित  एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ५ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ६ | कक्षा ९-१२ मा प्राविविधिक धार सन्चालन भएका विद्यालयमा कार्यरत शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | जना | ० | ४ | ४ | ४ | ४ | १६ | ३२ | |
| ७ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | जना | ० | १ | १ | १ | १ | ४ | ८ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र व्यवहारको विकास केवल औपचारिक शिक्षा प्रणालीमार्फत सीमित हुँदैन । औपचारिक शिक्षा प्रणाली बाहिर प्राप्त हुने अनुभव, ज्ञान र सिपलाई समेट्ने शिक्षा प्रणाली नै आजीवन तथा निरन्तर सिकाइ हो, जसलाई अनौपचारिक शिक्षाको रूपमा चिनिन्छ ।

अनौपचारिक र आजीवन शिक्षाले समाजमा रहेका विभिन्न वर्ग, उमेर, सिपस्तर तथा आवश्यकता भएका व्यक्तिहरूलाई लक्षित गरी शिक्षा, सिप र जीवनोपयोगी ज्ञान उपलब्ध गराउने कार्य गर्छ । यस प्रणालीले निरक्षरलाई साक्षर बनाउने, साक्षरलाई साक्षरोत्तर शिक्षामा लैजाने, शिक्षालाई सिप र आम्दानीसँग जोड्ने र समग्र रूपमा शिक्षित, आत्मनिर्भर र समावेशी समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्य राख्दछ । स्थानीय सरकारहरूसँग सहकार्यमा साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरू समन्वयात्मक रूपमा योजना, विकास र सञ्चालन गर्ने नीति लिइएको छ । यसका साथै, अनौपचारिक र औपचारिक शिक्षाबीचको दोहोरो प्रवेशको अवसर सुनिश्चित गरी व्यक्तिले प्राप्त गरेको ज्ञान, सिप र अनुभवको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने व्यवस्था पनि विकास हुँदैछ ।

सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कार्यक्रमलाई प्रवर्धन गर्दै, साक्षरता स्वयम्सेवक हरूको परिचालनमार्फत निरक्षर तथा नवसाक्षर वर्गलाई शिक्षामा समावेश गराउने प्रयास भइरहेको छ । यद्यपि, यस्ता केन्द्रहरूको व्यवस्थापन अझै प्रभावकारी हुन नसकेको तथा साक्षर भइसकेका व्यक्तिहरू निरन्तर सिकाइको अवसरबाट वञ्चित हुँदा पुनः निरक्षर बन्ने जोखिम देखिएको छ ।

राज्यले शिक्षा मात्र होइन, शिक्षासँग जोडिएको रोजगारी र सिप विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ । तर राज्यले उपयुक्त रोजगारीको अवसर दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रहरूले पनि दक्षता विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा केही सिकाइ केन्द्रहरू बन्द हुने अवस्थामा पुगेका छन् । नेपालले दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा मञ्चमा जीवनपर्यन्त सिकाइ प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइसकेको सन्दर्भमा, साक्षर, नवसाक्षर तथा कक्षा ५ सम्म नपढेका नागरिकहरूका लागि निरन्तर सिकाइ र जीवनोपयोगी सिप विकासका अवसरहरू सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो । यसबाट मात्र समावेशी, सक्षम र आत्मनिर्भर नागरिक निर्माण सम्भव हुनेछ, जसले समाजको समग्र रूपान्तरणमा टेवा पुऱ्याउनेछ ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । औपचारिक शिक्षा प्रणालीले नछोएका समुदाय, उमेर समूह र व्यक्तिहरूलाई लक्षित गर्दै अनौपचारिक शिक्षा प्रणालीले निरन्तर सिकाइको अवसर प्रदान गर्दै आएको छ । नेपालमा विशेषतः विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) को कार्यान्वयन सन्दर्भमा साक्षरता तथा आजीवन सिकाइका कार्यक्रमहरूमार्फत पहुँचको वृद्धि भएको र गुणस्तरीय सुधारको अपेक्षा गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने र जीवनपर्यन्त सिकाइ संस्कृतिको विकास गर्ने लक्ष्य राखेको छ । उक्त नीतिले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याई जीवन यापनका लागि सक्षम र प्रतिस्पर्धी नागरिक बनाउने उद्देश्य राखेको छ ।

जनगणना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था ६८.६ प्रतिशत रहेको छ। त्यसमा पुरुषको ८०.६ प्रतिशत रहेको छ भने महिलाको प्रतिशत ५९.५ रहेको छ। १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्था हेर्दा सबैभन्दा बढी अध्ययन शिक्षा विषय पढ्ने रहेकाछन्। प्राविधिक शिक्षातर्फ पहुँच अत्यन्त न्यून छ। समग्र अवस्था हेर्दा शिक्षा र व्यवस्थापन विषयको अध्ययन गर्नेको सङ्ख्या बढी देखिन्छ। यसको विस्तृत विवरण तलको ग्राफमा देखाइएको छ।

गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहे पनि हाल कुनै साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम वा खुल्ला विद्यालय सञ्चालनमा छैनन् । यसले शिक्षा नपाएका वा विद्यालय छाडेका बालबालिका, किशोर–किशोरी र वयस्कहरूका लागि पुनः सिकाइमा फर्किने अवसर न्यून भएको देखिन्छ । साक्षरता तथा निरन्तर सिकाइमा लागेका विभिन्न परियोजनाहरूको सहयोग, सङ्घीय सरकारको साक्षर पालिका घोषणा अभियान र स्थानीय स्तरमा रहेका सिकाइ केन्द्रहरू यस क्षेत्रका अवसर हुन् ।

यद्यपि, अझै पनि विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। सामुदायिक सिकाइ केन्द्रहरूको सङ्ख्या सीमित हुनु, रहेका केन्द्रहरूको संस्थागत क्षमता विकास नहुनु, साक्षरता अभावमा पुनः निरक्षर हुने जोखिम, सबै निरक्षरहरूको तथ्याङ्क अभाव, वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालनमा नहुनु र जीवनपर्यन्त सिकाइको अवसरको प्रबन्ध गर्न नसकिनु प्रमुख चुनौतीहरू हुन् । यस सन्दर्भमा निम्न कार्यहरू प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक देखिन्छः

- सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी व्यवस्थापन र परिचालन सुनिश्चित गर्ने ।
- ती केन्द्रहरूलाई साक्षरता तथा निरन्तर सिकाइमा सशक्त रूपमा प्रयोग गर्ने ।
- गाउँपालिकामा रहेका सबै निरक्षरहरूको पहिचान गरी लक्षित कार्यक्रममार्फत साक्षर बनाई “पूर्ण साक्षर पालिका” घोषणा गर्ने ।
- डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

यसरी अनौपचारिक तथा आजीवन सिकाइ प्रणालीलाई मजबुत बनाइ शिक्षामा समावेसिता, पहुँच र गुणस्तर वृद्धि गर्न सकिनेछ, जसले दीर्घकालीन सामाजिक रूपान्तरणमा योगदान दिनेछ ।

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आज ीवन सिक ाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई थप ब्यवस्थित गरी निरन्तर सिकाइ तथा आयआर्जनमा परिचालन गर्नु।
- निरन्तर सिकाइका अवसरहरूको विस्तार गर्नु।
- न्यूनतम रूपमा डिजिटल गतिविधि सम्बन्धी ज्ञान प्रदान गर्नु ।

### ३.५.४ रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- पूर्ण साक्षर पालिका घोषणाका लागि समन्वित अभियान सञ्चालन गर्ने । जस्तै पालिका स्तरमा साक्षरता कार्यदल गठन गरिने जसले साक्षरता वृद्धिका लागि दीर्घकालीन कार्ययोजना तयार गर्ने । विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, राजनीतिक दल, टोल विकास संस्था, अभिभावक तथा विकास साझेदारहरूलाई अभियानमा समावेश गर्ने । सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरी प्रत्येक वडामा पूर्ण साक्षरता कार्यक्रम गर्ने ।
- शैक्षिक संस्था र युवा शक्तिको परिचालन गर्ने । जस्तै माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई साक्षरता तथा निरन्तर सिकाइसँग सम्बन्धित प्रयोगात्मक कार्यमा संलग्न गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र विस्तार गर्ने । प्रत्येक वडामा कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने । सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी मापदण्ड अनुसार व्यवस्थित गर्न अनुगमन तथा प्राविधिक निर्देशन प्रदान गर्ने । केन्द्रहरूलाई निरन्तर साक्षरता, सिप विकास तथा आयआर्जन कार्यक्रम गर्न व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको प्रयोग र अध्ययन केन्द्रको विकास गर्ने । सूचना प्रविधिसहितको अध्ययन केन्द्र स्थापना गर्ने । जसले डिजिटल माध्यमबाट निरन्तर सिकाइमा पहुँच पुऱ्याउनेछ । केन्द्रहरूलाई साक्षरता, वैकल्पिक शिक्षा तथा जीवनोपयोगी सिप प्रशिक्षण दिने स्थलका रूपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरेर थप क्रियाशील बनाउने ।
- विकास साझेदारसँग सहकार्य गरी आर्थिक, प्राविधिक र मानव स्रोत जुटाउने ।
- कार्यक्रम विकास र पहुँच विस्तार गर्ने । जस्तै साक्षरता कक्षा, वैकल्पिक शिक्षाका कार्यक्रम तथा आजीवन सिकाइका अवसरहरू विस्तार गर्ने । निरक्षरको विवरण सङ्कलन गरी लक्षित कक्षा सञ्चालन गर्ने ।
- संस्थागत सुदृढीकरण र दीर्घकालीन योजना गर्ने । सामुदायिक पुस्तकालय र सूचना केन्द्रको व्यवस्थापन सिकाइ केन्द्रमार्फत गरिनेछ ।
- सिप प्रमाणीकरण र रोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने । अनौपचारिक रूपमा सिकिएका सिपहरूको प्रमाणीकरण प्रक्रिया सञ्चालन गर्ने । (जस्तै: वैदेशिक रोजगार र पारिवारिक व्यवसायबाट सिकिएका सिप) । आयआर्जन समूह गठन गरी सिपमूलक तालिम र स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- सिकाइ केन्द्रहरू थप ब्यवस्थित भएको हुनुका साथै पूर्ण साक्षर पालिका घोषणा भएको हुने
- सिकाइ केन्द्रहरू थप व्यवस्थित भई साक्षरता, निरन्तर सिकाइ तथा आयआर्जनका गतिविधिहरूमा क्रियाशील भएको हुने ।

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पुर्ण साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत पुर्ण साक्षरता कार्यक्रमहरु सञ्चालन | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ३ | पुर्ण साक्षरता घोषणा कार्यक्रम तथा अनिवार्य तथा निशुल्क कार्यक्रम | पटक | ० | ० | १ | ० | ० | १ | २ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको बार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ७ | मा.वि. तहका विद्यार्थी तथा युवालाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आयआर्जन कार्यक्रम | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | हाल सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षाको मेरुदण्ड हो, जसले मानव जीवनलाई आवश्यक ज्ञान, सिप र दृष्टिकोण विकासमा मार्गदर्शन गर्छ । यो कुनै कक्षा वा तहमा सिकाइने विषयवस्तुको सूची मात्र नभई सिकाइको उद्देश्य, तरिका र मूल्याङ्कनको स्पष्ट खाका हो । पाठ्यक्रम समाज र राष्ट्रको आवश्यकताको दर्पण हो, जसको विकास समय, स्थान र आवश्यकताअनुसार निरन्तर भइरहन्छ । स्थानीय तहमा पाठ्यक्रम विकास गर्दा मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तु समावेश गर्नु जरुरी हुन्छ, जसले सिकाइलाई सान्दर्भिक र प्रभावकारी बनाउँछ ।

पाठ्यपुस्तक पाठ्यक्रमको आधिकारिक अभिव्यक्ति हो । यसले शिक्षक र विद्यार्थीलाई सिकाइ प्रक्रियामा मार्गनिर्देशन गर्छ । यद्यपि, पाठ्यपुस्तक मात्र पर्याप्त हुँदैन; यसको साथमा सहायक सिकाइ सामग्रीहरू (जस्तै चार्ट, मोडेल, डिजिटल सामग्री, अभ्यासपुस्तिका आदि) को प्रयोगले सिकाइ अझ प्रभावकारी बनाउँछ । स्थानीय सन्दर्भमा आधारित सन्दर्भ सामग्री र स्थानीय स्रोत प्रयोग गर्दा शिक्षार्थीमा आत्मीयता र सिप विकास सहज हुन्छ । त्यसैले सिकाइ सामग्री विकास गर्दा स्थानीय स्रोत साधनको उपयोग, बालबालिकाको सामाजिक–सांस्कृतिक परिवेश, भाषा र व्यवहारजन्य आवश्यकता समावेश गर्नु आवश्यक हुन्छ ।

सकारात्मक सिकाइ सुनिश्चित गर्न मूल्याङ्कन महत्वपूर्ण अवयव हो । मूल्याङ्कनले केवल विद्यार्थीले सिकेको नाप्ने मात्र होइन, शिक्षक र प्रणालीले कस्तो काम गरिरहेको छ भन्ने पनि बताउँछ । मूल्याङ्कनले सिकाइका उद्देश्य प्राप्त भए/नभएको जानकारी दिने हुँदा यसलाई निर्माणात्मक र निर्णयात्मक रूपमा प्रयोग गर्नुपर्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन परस्पर पूरक अंगहरू हुन्, जसले शिक्षण–सिकाइ प्रक्रिया पूर्णता दिन्छन् । विशेषतः स्थानीय आवश्यकतामा आधारित शिक्षा विकास गर्न यी सबै पक्षमा स्थानीय तहको नेतृत्व, शिक्षकको सशक्तिकरण, अभिभावक तथा समुदायको सहभागिता र समसामयिक सन्दर्भलाई समेट्ने दृष्टिकोण आवश्यक छ । यिनको समुचित व्यवस्थापनले मात्र समावेशी, गुणस्तरीय र सान्दर्भिक शिक्षा प्रवाह सम्भव हुन्छ ।

### ४.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम अनुसार शिक्षा सञ्चालन गर्दै आएको छ । पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार २०७७ देखि क्रमशः सबै कक्षामा नयाँ पाठ्यक्रम कार्यान्वयन भई २०८० सम्ममा कक्षा १ देखि १२ सम्म लागु भइसकेको छ । हाल कक्षा १–३ मा एकीकृत पाठ्यक्रम, कक्षा ४–१० मा सक्षमतामा आधारित पाठ्यक्रम र कक्षा ११–१२ मा एकलपथीय पाठ्यक्रम लागु छन् । सिकाइ सुनिश्चित गर्न कक्षा १–३ मा थिमगत मूल्याङ्कन, कक्षा ४–५ मा ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कन र कक्षा ९–१२ मा २५% आन्तरिक र ७५% बाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ ।

गाउँपालिकाले कक्षा १–८ का लागि स्थानीय विज्ञहरूको सहकार्यमा स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयमार्फत कार्यान्वयन गरिरहेको छ भने पाठ्यपुस्तक पनि शैक्षिक वर्ष २०८२ बाट छपाइ गरी प्रयोगमा ल्याउने क्रममा छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यपुस्तक प्रयोग गर्छन् भने संस्थागत विद्यालयहरूले केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक प्रयोग गर्छन् । शैक्षिक सत्रको सुरुवातमै विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरण गरिन्छ । शिक्षक निर्देशिका पनि शिक्षणको तयारीमा

सहयोगी हुने महत्त्वपूर्ण साधन हो, जसको प्रयोग यहाँका विद्यालयहरूले गर्दै आएका छन् । तर, अपेक्षित रूपमा पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ ।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठयक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्नु ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु ।
- सिकाइका लागि मूल्याङ्कन प्रणालीका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्नु ।
- सिकाइ उपलब्धिको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागु गर्नु ।
- विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखीकरणलाई थप प्रभावकारी बनाउनु ।
- पाठ्यक्रम तथा शैक्षिक सामग्रीहरूको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्नु ।

### ४.१.४ रणनीतिहरू

- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धतता सहित प्रयोगको अनिवार्यता गर्ने ।
- सिकाइको लागि मूल्याङ्कनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्याङ्कन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्याङ्कनलाई पूर्ण रुपमा लागु गर्ने ।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै सञ्चालन ग र्ने
- स्थानीय तथा विज्ञको परिचालन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयन गर्ने ।
- वार्षिक रूपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धिको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धि सम्बन्धी एक प्रतिवेदन तयारी गरी सबै सरोकारवालाहरू समक्ष बर्षेको कम्तिमा १ दिन वार्षिक रूपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको सुरुआत गर्ने ।
- सिकाइ उपलब्धि विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गर्ने ।
- परीक्षा सहित त्यसको अभिलेखीकरणको अनुगमन गर्ने ।
- नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको प्रबोधीकरण कार्यक्रम सहित पाठ्यक्रम सम्बन्धी नियमित घुम्ती शिक्षक बैठक तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि गर्न विभिन्न सङ्घसस्थासँग समन्वय गरी soft and hard copies विद्यालय सम्म पुऱ्याउने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- स्थानीय पाठ्यक्रम आधारमा पाठ्यसामग्रीको विकास भई विद्यालय तहको पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने ।

- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग हुने।
- सिकाइको लागि मूल्याङ्कनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्याङ्कन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्याङ्कनलाई पूर्ण रुपमा लागु हुने।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा हुने।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा हुने।
- विभिन्न सुचकका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गरी सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने अभ्यासको सुरुआत हुने।
- सिकाइ उपलब्धि विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई तयार गइ कार्यान्वयन हुने।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि हुने।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरालोकन विकास र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित सन्धर्भ सामग्री विकास र वितरण | कक्षा | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय तहको मूल्याङ्कन सम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | ४१ | ० | ० | ० | ० | ४१ | ८२ | |
| ६ | बार्षिक रूपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समीक्षाको लागि घुम्ती शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | जना | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ९००० | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | नासा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | विद्यालय तह कक्षा १ बाट १२ सम्मको मूल्यांकन सहयोगी पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहजीकरण | | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

सिकाइको गुणस्तर सिकारु (विद्यार्थी) र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा निर्भर रहन्छ । त्यसैले शिक्षकले अध्यापन गराउने विषयवस्तुप्रति गहिरो ज्ञान राख्नुपर्छ । शिक्षक पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गर्न सक्नुपर्छ जसमा विद्यार्थी, अभिभावक र सहकर्मी शिक्षकहरूसँग प्रभावकारी सञ्चार र सहकार्य आवश्यक हुन्छ । शिक्षकमा आवश्यक सक्षमताहरू सुनिश्चित हुनु अनिवार्य छ । यसमा शैक्षिक योजना निर्माण, शिक्षणका लागि सामग्री संकलन तथा निर्माण र प्रभावकारी मूल्याङ्कनको सहज कार्यान्वयन समावेश हुन्छ । योग्य, व्यावसायिक रूपमा दक्ष, उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक नै गुणस्तरीय शिक्षाको मेरुदण्ड हुन् ।

शिक्षकको विषयवस्तुमा प्रभुत्व, शिक्षण प्रक्रियाको दक्षता र सकारात्मक व्यक्तित्वले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । त्यसैले सबै तहमा यस्तो गुणयुक्त शिक्षकको व्यवस्थापन जरुरी छ, जसका लागि शिक्षक व्यवस्थापन र पेशागत विकास प्रणाली सुदृढ हुनु आवश्यक छ । नेपालमा विद्यालय शिक्षामा पहुँच, समता, गुणस्तर र सुशासन प्रवर्धनका लागि सञ्चालन गरिएका विभिन्न योजना र परियोजनाहरूले शिक्षक व्यवस्थापन र उनीहरूको पेशागत विकासलाई उच्च प्राथमिकता दिएका छन् । यी योजनाहरूले शिक्षकको व्यवस्थापन, पेशागत सहयोग र निरन्तर सिप विकासमा जोड दिएका छन् ।

शिक्षक बालबालिकाको जीवन निर्माण र मुलुकको मानवीय पूँजी विकासमा केन्द्रीय भूमिका निर्वाह गर्छन् । उनीहरू सभ्य, शिक्षित र सुसंस्कृत समाजको निर्माणका संवाहक हुन् । त्यसैले क्षमतावान शिक्षक र गुणस्तरीय शिक्षा एक-अर्काका पर्याय मानिन्छन् । नेपालमा मुख्यतः विश्वविद्यालयहरूले शिक्षक तयारी कार्यक्रम सञ्चालन गर्छन् । शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र परीक्षा, पदपूर्ति परीक्षा र बढुवा प्रक्रिया सञ्चालन गर्छ, भने स्थानीय तहले पदस्थापनको कार्य गर्छ । प्रदेशस्तरमा शिक्षा तालिम केन्द्रहरूले शिक्षकका लागि विभिन्न पेशागत विकास (TPD) तालिमहरू सञ्चालन गर्छन् ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्णभएको हुनु पर्ने, बढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिन थालिएकोछ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

थलारा गाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षकको अवस्था दृष्टिगत गर्दा बालविकासमा संघीय तर्फ २५ र स्थानीय तर्फ २२ गरी जम्मा ४७ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी दरबन्दी ८८, अनुदान तथा राहत ४० समेत १२८ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरबन्दी ११, अनुदान तथा राहत २१ समेत ३२ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरबन्दी ७, अनुदान तथा राहत २३ समेत गरी ३० जना रहेका छन् । कक्षा ११ र १२ मा १६ जना शिक्षकहरू रहेका छन् ।

यस गाउँपालिकामा शिक्षक अभाव एक गम्भीर समस्या रूपमा देखा परेको छ । अपुग शिक्षकहरूको पूर्तिका लागि शिक्षण अनुदानमा शिक्षकहरूको व्यवस्था गरिएको छ र दरबन्दी मिलानको कार्यसमेत अगाडि बढाइएको छ । साथै, शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि समीक्षा बैठक तथा तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तर, शिक्षकको पेशागत विकासमा सहजीकरण गर्ने कुनै संस्थागत प्रणाली हालसम्म लागु गर्न सकिएको छैन ।

शिक्षकहरूलाई सिकाइप्रति उत्तरदायी बनाउनु अझै चुनौतीपूर्ण रहेको छ । उनीहरूका बढुवा प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कनमा गाउँपालिका संलग्न रहने अभ्यास रहे पनि, बढुवाको औपचारिक प्रक्रिया भने शिक्षक सेवा आयोगले नै गर्दै आएको छ । हाल पनि शिक्षण पेशा धेरै शिक्षकहरूको प्रथम रोजाइ बन्न सकेको छैन । अधिकांश शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप अपेक्षित रूपमा प्रभावकारी छैनन् । शिक्षण कार्यबाट शिक्षकहरू आफैं सन्तुष्ट नरहेको अवस्था देखिन्छ, जसका कारण धेरै शिक्षकले आफ्ना छोराछोरीलाई स्वयम् अध्यापन गर्ने विद्यालयमा भर्ना गराउन नचाहने प्रवृत्ति देखिन्छ । सुपरीवेक्षण र अनुगमन प्रणालीलाई पनि पर्याप्त प्रभावकारी बनाउन सकिएको छैन, जसले शिक्षक उत्तरदायित्व र शिक्षण गुणस्तरमा प्रभाव पारिरहेको छ ।

### ३.२.३ उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमशः व्यवस्थापन गर्दै लैजानु ।
- शिक्षकले गर्ने शिक्षण पूर्वको तयारी दरलाई वृद्धि गर्नु ।
- शिक्षकको पेशागत विकासका गतिविधिको हुने सहभागितामा वृद्धि गर्नु ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु ।

### ४.२.४ रणनीतिहरू

- वार्षिक रूपमा विद्यार्थी सङ्ख्याको आधारमा र आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवामा नियमितता गर्ने ।
- शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरूमा आवश्यक शिक्षकको व्यवस्था क्रमश ःगर्दै लाने ।
- पालिकाले वार्षिक रूपमा सबै तहका शिक्षकहरूलाई सरकारले तोकेको पाठ्यक्रमअनुसार दक्ष प्रशिक्षकबाट छोटो अवधि तालिम प्रदान गर्ने र सहभागी शिक्षकले आफ्नै विद्यालयमा उक्त तालिम अन्य शिक्षकलाई अनिवार्य रूपमा प्रदान गर्नुपर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिने ।
- हरेक विद्यालयले शिक्षण कार्यमा बाधा नपर्ने गरी महिनाको कम्तीमा १ दिन आफ्नै जनशक्ति, नजिकको विद्यालय वा स्थानीय जनशक्तिको सहयोगमा शिक्षकहरूको आवश्यकताअनुसार क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा गर्ने ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको कक्षाकोठाको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रूपमा शिक्षकले कक्षाकोठामा बिताउने समय कार्यविधि २०७४ वा लगबुकलाई तत्काल कार्यान्वयन गर्ने ।

- महिनाको १ पटक अन्तिम शुक्रवार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गर्ने।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा क्लस्टर स्तरीय घुम्ति शिक्षक बैठक सञ्चालन गर्ने।
- शिक्षण सुधार योजनालाई अनिवार्य गर्ने।
- शिक्षकबाट पाठयोजना वा शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गर्ने।
- निश्चित सुचकको आधारमा विद्यालय तथा पालिका स्तरीय शिक्षकलाई पुरस्कृत गर्ने।
- वार्षिक रूपमा 'एक शिक्षक, एक कार्यमूलक अनुसन्धान' कार्यक्रम सञ्चालन गरिने र त्यसको नतिजा प्रस्तुत गर्ने अभ्यासको थालनी गरिने।
- शिक्षण सिकाइ र अनुभवका लागि शैक्षिक अध्ययन तथा भ्रमणको अभ्यासलाई कार्यान्वयन गर्ने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- पेशागत विकास सक्रिय रहेका तालिमप्राप्त शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।
- शिक्षकबाट दैनिक पाठयोजना तयार, शैक्षिक सामग्रीको निर्माण, कार्यमूलक अनुसन्धान भएको हुने ।
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुने।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा स्वयम्सेवक शिक्षकको व्यवस्था हुने।
- शिक्षकले कक्षाकोठामा बिताउने समयको लेखाजोखाका लागि लक बुक लागु हुने।
- मासिक सिकाइ केन्द्रित स्टाफ बैठक हुने।
- घुम्ती बैठक नियमित बस्ने।
- शिक्षक पुरस्कृत हुने।

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बार्षिक रूपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्यमसेवंक/पिसिएफ शिक्षकको नियुक्ति | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| ४ | पालिका स्तरीय शिक्षकको मागमा आधारित छोटो अवधिका तालिम | इभेन्ट | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ६ | चौमासिक घुम्ती शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लक बुक सञ्चालन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ८ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयनको लागि शिक्षण सिकाइ समन्वयकर्ता अधिकृत नियुक्ति र परिचालन | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| १० | शैक्षिक सामग्रीको निर्माण बार्षिक (४० थान) | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ११ | दैनिक पाठयोजना वा पाठनोटको निर्माण | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विषयगत समिति परिचालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| **१६** | राम्रा अभ्यासहरुको लागि शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

समावेशी शिक्षा भन्नाले सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई जनाउँछ, जसमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न बालबालिकासहित सबै प्रकारका भिन्नतालाई सम्मान गरिन्छ । बालबालिकाको सिकाइ आवश्यकता र क्षमता फरक–फरक हुनु एक प्राकृतिक यथार्थ हो । त्यसैले फरकपनलाई स्वाभाविक रूपमा स्वीकार गर्दै सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु तथा सबै बालबालिकाको लागि सम्मानपूर्वक सिकाइको व्यवस्था गर्नु समावेशी शिक्षाको अनिवार्य पक्ष हो । समावेशी शिक्षाको मूल ध्येय बालबालिकालाई उनीहरूको आवश्यकता र चाहना अनुसार गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्नु हो । यसले शिक्षा मार्फत बालबालिकालाई राज्यको मूल प्रवाहमा समावेश गर्ने प्रयत्न गर्दछ । समावेशी शिक्षामा बालबालिकालाई उनीहरूको क्षमता, रुचि र आवश्यकता अनुसार शिक्षा प्रदान गरिन्छ । सिकाइलाई प्रभावकारी बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षिक सामग्रीहरूको प्रयोग गरिन्छ । यस शिक्षाको उद्देश्य बालबालिकालाई आत्मनिर्भर, स्वावलम्बी, विवेकशील बनाउनुका साथै देश र समाजप्रति अपनत्वको भावना विकास गर्नु हो । समावेशी शिक्षाले "सबै बालबालिका सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसात गर्दछ र सबैका लागि समान अवसरको प्रत्याभूति गर्दछ ।

नेपाल सामाजिक र सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास रहेको छ । नेपाली समाजको यस विविधतालाई एकातिर पहिचानको रूपमा हेर्ने गरिन्छ भने अर्कोतर्फ यही विविधता सामाजिक विभेद र वञ्चितीकरणको आधारसमेत बनिरहेको छ । उदाहरणका लागि, दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समूहहरू र अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक र शैक्षिक वञ्चितीकरणको अवस्थामा पर्दै आएका छन्, जसको प्रभाव आजसम्म पनि कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक, आर्थिक, सामाजिक र लैङ्गिक भिन्नताहरूले पनि शिक्षामा पहुँच, सहभागिता र नतिजामा प्रत्यक्ष असर पारिरहेको देखिन्छ । यसका साथै, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्न थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ । यस्ता बाधाहरूमा समुदाय तथा परिवेश अुनसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरू भौतिक तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन् ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिबद्धताले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । साथै गाउँपालिकाको वर्तमान जनप्रतिनिधिहरू र अन्य राजनैतिक दलहरूले पनि शिक्षालाई प्राथमिकतामा राखेको अवस्था छ । त्यसैले आधारभूत तहसम्मको शिक्षा सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने अवस्था ल्याउनका लागि कुनै पनि कारणले एउटा बालबालिका पनि शिक्षा प्राप्त गर्ने अवसरबाट छुट्नु हुँदैन । विद्यालय तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकोले सङ्घीय र प्रादेशिक सरकारको समन्वय तथा सहयोगमा यो कार्य गर्नुपर्ने हुन्छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालले अपाङ्गता भएका बालबालिकाको शिक्षालाई प्रवर्धन गर्न विभिन्न कानुनी, नीतिगत र कार्यक्रमगत व्यवस्था कार्यान्वयनमा ल्याएको छ। शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, विशेष शिक्षा नीति २०५३ र विशेष शिक्षा सञ्चालन निर्देशिका २०६० मार्फत विशेष शिक्षाका संरचनात्मक आधारहरू तय गरिएको छ। अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा, छात्रवृत्ति, शिक्षण सामग्री, आवास सुविधा र स्रोत शिक्षकको व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय स्तरमा, संयुक्त राष्ट्रसङ्घका विभिन्न घोषणापत्र (१९४८, १९८९, १९९३, २००६) तथा इन्चोन घोषणा २०१५ ले पनि समावेशी र समान शिक्षाको सुनिश्चिततामा जोड दिएका छन्।

गाउँपालिकाको सन्दर्भमा, २०७८ को जनगणना अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या कुल जनसङ्ख्याको २.५% छ। २०८२ को तथ्याङ्क अनुसार विद्यालयमा ३४ जना अपाङ्गता भएका विद्यार्थी छन्, जसमा छात्राको प्रतिशत( ३५.३%) भन्दा छात्रको प्रतिशत( ६४.७%)  बढी छ। तर केही अझै विद्यालय बाहिर छन्। साथै, दलित र जनजातिका समूहका बालबालिका पनि अध्ययनरत छन्। यसका अवसरका रूपमा सङ्घीय र स्थानीय सरकारका नीतिगत प्राथमिकता, शिक्षा नीति २०७६, गैरसरकारी संस्थाहरूको सहयोग रहेका छन् भने चुनौतीहरू अपाङ्गता सम्बन्धी विश्वसनीय तथ्याङ्कको अभाव, कार्यरत सिमितता भएका बालबालिकाको पहिचान र सहजीकरणको कठिनाइ, सबैको पहुँचमा हुने भौतिक संरचना र बालमैत्री वातावरणको कमी, छात्राको शिक्षामा निरन्तरता  र बालविवाह नियन्त्रणमा चुनौती समावेशी शिक्षण सम्बन्धी तालिम प्रदान र त्यसको कक्षाकोठामा कार्यान्वयन रहेकाछन्। समग्रमा यस गाउँपालिकामा समावेशी शिक्षाको प्रवर्धनका लागि कानुनी व्यवस्था भए पनि तथ्याङ्क व्यवस्थापन, पहुँच, सिकाइ वातावरण र सामाजिक चुनौतीहरू समाधान गर्नु आवश्यक रहेको छ।

### ४.३.३ उद्देश्यहरू

यस योजनाले समावेशी र समता सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- विद्यालयमा बालमैत्री वातावरणको अवस्थामा सुधार ल्याउनु।
- पहुँच भएका भौतिक संरचनाको निर्माणमा वृद्धि गर्नु।
- बालबालिकाहरूको प्रारम्भिक पहिचान प्रणालीको सुरुआत गर्नु।
- समावेशी शिक्षण सम्बन्धी शिक्षकको पेशागत विकास गर्नु।
- लक्षित समुदाय एवम् अपाङ्गता तथा कार्यरत सीमितता भएका बालबालिकाहरूको पनि शिक्षाको पुहँचमा वृद्धि गर्नु।

### ४.३.४ रणनीतिहरू

यस योजनाले समावेशी र समता सम्बन्धी निम्नलिखित रणनीतिहरू राखेको छः

- विद्यालयमा बालमैत्री वातावरणमा सुधार ल्याउन बालमैत्री प्रारूपलाई पूर्ण कार्यान्वयन गर्ने।
- भौतिक संरचनाहरूलाई क्रमश पहुँच  भएको बनाउने।  त्यसको लागि डिजाइन तथा अनुगमनमा जोड दिने।
- वार्षिक रूपमा सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान वा Early Screening Program लाई कार्यान्वयन गरी सहयोगी सामग्री उपलब्ध गराउने।
- समावेशी शिक्षण सम्बन्धी शिक्षकको पेशागत विकास गर्ने।

- भौगोलिक रूपमा टाढा तथा लक्षित समूहका बालबालिकाहरूको पहुँच वृद्धिमा घरमै विद्यालय वा school at home तथा छात्रावास सहितको विद्यालय शिक्षाको अवधारणालाई विभिन्न निकायहरूसँग समन्वय गरी कार्यान्वयन गर्ने।
- अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चित गर्ने।
- दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।
- भाषाका कारणले सिकाइ समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अवलम्बन गरी सिकाइमा सुधार गर्ने।
- चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकाहरूलाई आवश्कता अनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने।
- विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने। विद्यालयका हरेक क्रियाकलापहरूमा समावेशी सहभागिताको प्रबन्ध गर्ने।
- आवश्यकताअनुसार केही विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्ने।
- विद्यालयहरूमा बालमैत्री पन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने।
- गाउँपालिकाले बालबालिकाका लागि विनियोजित रकम सरोकारबालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा उपयोग गर्ने।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

#### उपलब्धि

- समतामूलक सिकाइ वातावरणमा सुधार हुदै सबै प्रकारका बालबालिकाहरूको शिक्षामा हुने सहभागितामा वृद्धि हुने।
- बालमैत्री प्रारूपको कार्यान्वयन भएको हुने।
- सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गर्ने अभ्यासको सुरुआत भएको हुने।
- भौतिक संरचनाहरूमा पहुँच भएको अवस्थामा सुधार भएको हुने।
- लक्षित समुदायका बालबालिकाहरूको शिक्षामा हुने सहभागितामा वृद्धि भएको हुने।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालमैत्री प्रारूप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | साझेदारीमा आधारित प्रस्ताबनाको आधारमा बालमैत्री प्रारूप कार्यान्वयन सहयोग कार्यक्रम | पटक | ८ | ८ | ८ | ९ | ८ | ४१ | ८२ | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | मनोपरामर्श, करियर तथा उत्प्रेरणा सम्बन्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | पहुँचयुक्तता लेखाजोखा | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ७ | पहुँचयुक्त लेखाजोखाको आधारमा भौतिक संरचनालाई पहुँचयुक्त बनाउन सहयोग कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ९ | ८ | ४१ | ८२ | |
| ८ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ९ | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन तथा छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीहरू बितरणका लागि बजेट अनुदान  वा समावेशी सिकाइ सामग्री | | | | | | | | | |
| **१३** | अपाङ्गता भएका बालबालिकाहरूको लागि प्रारम्भिक सिकाइ केन्द्र (स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम सुरु गरिएको हो। हाल आर्थिक वर्ष २०७७/७८ देखि पूर्व-प्राथमिकदेखि कक्षा ५ सम्मका सबै सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको छ। यस कार्यक्रमले विद्यार्थीहरूको स्वास्थ्य, पोषण, संज्ञानात्मक क्षमता, विद्यालयमा टिकाइ, शैक्षिक उपलब्धि तथा मानव पुँजी विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। बालबालिकाको शारीरिक र मानसिक विकास सुनिश्चित गर्न पोषणयुक्त खाजा अत्यावश्यक मानिन्छ। स्वास्थ्य तथा पोषणको क्षेत्रमा विद्यालयमा वार्षिक स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, किशोरीहरूलाई आइरन चक्की र फोलिक एसिड वितरण, सरसफाइ तथा स्वच्छता प्रवर्धन र विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू समेत सञ्चालन हुँदै आएका छन्।

दिवा खाजा कार्यक्रमको सञ्चालनका लागि: शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहलाई ससर्त अनुदान दिइन्छ, स्थानीय तहमार्फत विद्यालयहरूले बजेट माग गरी खाजा व्यवस्थापन गर्छन्। यस कार्यक्रमले कुपोषण हटाउने, वृद्धि विकास गर्ने, भर्ना र उपस्थिति सुधार्ने तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। संविधान र दिगो विकास लक्ष्यसँग समन्वय गर्दै, गाउँपालिकाहरूले सामुदायिक विद्यालयमा बजेट हस्तान्तरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्दै आएका छन्।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लाका विद्यालयहरूमा सञ्चालित हुँदै आएको छ। हालसम्म यो कार्यक्रम कर्णाली र सुदूरपश्चिम प्रदेशका थप आठ जिल्लामा पनि विस्तार गरिएको छ। हाल नेपालको सङ्घीय सरकारले सम्पूर्ण सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रमको लागि प्रति विद्यार्थी प्रति दिन रु. २० (पूर्व-प्राथमिकदेखि कक्षा ५ सम्म) सशर्त अनुदानको रूपमा निकासा दिने गरेको छ। यस गाउँपालिकामा ४४ विद्यालयका करिब १७९४ विद्यार्थी यो कार्यक्रमबाट लाभान्वित छन्।

विद्यालयहरूमा खानेपानी र सरसफाइको अवस्था क्रमशः सुधार हुँदै गएको छ। बालमैत्री, लैङ्गिक तथा अपाङ्गता-मैत्री शौचालय, स्वच्छ पिउने पानी, हरियाली वातावरण र महिनावारी व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयनमा छन्। तर अझै केही विद्यालयहरूमा पर्याप्त खानेपानी र शौचालय सुविधा अभाव देखिन्छ।

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका मुख्य अवसरहरूमा सङ्घीय सरकारबाट बजेट प्राप्त हुनु, कार्यविधि निर्माण भइसकेको हुनु र स्थानीय उत्पादनलाई खाजामा प्रयोग गर्ने सम्भावना समावेश छन्। यसका मुख्य चुनौतीहरूमा रु. १५–२० को बजेटमा पोषणयुक्त खाजा व्यवस्था गर्न कठिनाइ, विद्यालयमा विशेष कर्मचारीको अभाव, स्वास्थ्य हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग नहुनु, स्वास्थ्य र सरसफाइ शिक्षा प्राथमिकतामा नरहनु, नियमित स्वास्थ्य परीक्षणको अभाव र सबै विद्यालयमा साबुनसहितको शौचालय र पिउने पानी नहुनु पर्दछन। यद्यपि गाउँपालिकामा दिवा खाजा कार्यक्रमले थुप्रै बालबालिकालाई लाभान्वित गरेको भए पनि बजेट सीमितता, पूर्वाधार अभाव र व्यवस्थापन कमजोरीका कारण अपेक्षित प्रभावकारिता हासिल गर्न चुनौती छ। कार्यक्रमलाई प्रभावकारी बनाउन पोषण शिक्षा, पूर्वाधार सुधार, व्यवस्थापन दक्षता र निकायहरूबीच समन्वय आवश्यक छ।

### ४.४.३ उद्देश्य

यस योजनाले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- विद्यालयका बालबालिकाहरूलाई स्वस्थ्य कर  तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु।
- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु।

### ४.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ।

- खाजा कार्यक्रममा पैसा वितरण कार्यलाई पूर्ण अन्त्य गर्ने।
- विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय मार्फत दिवा खाजाको लागि मासिक खाजा तालिका तयार गरी स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीलाई विद्यालयमा नै खुवाउने अभ्यासलाई पूर्ण कार्यान्वयन गर्ने। उक्त कार्यको व्यवस्थापन तथा खाजाको गुणस्तरको अनुगमन सम्बन्धित वडा अध्यक्षको नेतृत्व वा नीजले तोके बमोजिम व्यक्ति, समूह वा समितिबाट साप्ताहिक अनुगमनको अभ्यासलाई कार्यान्वयनमा लाने।
- बालक्लब तथा विद्यालयको टिम सहितको नियमित सरसफाइका साथै साप्ताहिक सरसफाइ कार्यक्रमलाई अनिवार्य कार्यान्वयन गर्ने।
- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने।
- चौमासिक रूपमा नजिकको स्वास्थ्यचौकी तथा स्वास्थ्य संस्थासँग समन्वय गरी  बालबालिकाहरूको नियमित स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइसहितको हात धुने ठाउँ, स्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाइ प्रबन्ध मिलाउने।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाउने।
- किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाेइ  कार्यान्वयन गर्ने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सहितको खाजाको प्रबन्ध हुने र बालबालिकाहरूको स्वास्थ्य र सरसफाइमा सरकारात्मक व्यवहारको विकासमा सुधार हुदै सिकाइ उपलब्धिमा सहयोग पुग्ने।
- विद्यालय दिवा खाजाको व्यवस्थापन तोकिएको मापदण्ड अनुसार हुने
- स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।
- सबै विद्यालयमा हुने सरसफाइको गतिविधिमा वृद्धि हुने

- सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सुधार भएको हुने
- विद्यालयमा हुने स्वास्थ्य परीक्षणको दरमा वृद्धि हुने

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वियन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | जना | १७९४ | १७९४ | १७९४ | १७९४ | १७९४ | ८९७० | १७९४० | |
| ३ | आमा समूंह गठन गरी खाजा कार्यक्रमलाई व्यवस्थापन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ४ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरीक्षण | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ५ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ६ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ७ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामूलक कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ८ | चौमासिक रूपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ९ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| १० | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | जना | ६३९ | ६३९ | ६३९ | ६३९ | ६३९ | ३१९५ | ६३९० | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विविध प्रकृतिका आपतकालीन तथा सङ्कटकालीन अवस्थामा पनि बालबालिकाले निरन्तर सिक्ने अधिकार प्राप्त गर्नुपर्छ भन्ने अवधारणालाई आत्मसात् गर्दै, शिक्षा क्षेत्रले आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको (Education in Emergency and Crisis Situation) व्यवस्था गर्ने अभ्यासलाई प्राथमिकता दिँदै आएको छ । युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपका जस्ता परिस्थितिहरूमा बालबालिका मात्र नभई अभिभावक, शिक्षक, समुदाय र सम्पूर्ण शिक्षा प्रणाली प्रभावित हुने गर्दछ । त्यसैले, संकटका अवस्थामा शिक्षालाई नबिराई, सुरक्षित र समावेशी तरिकाले निरन्तरता दिने उपायको आवश्यकता अत्यन्तै महत्वपूर्ण छ ।

यस अवधारणाको मूल उद्देश्य भनेको संकटको अवस्थामा पनि बालबालिकाको जीवन रक्षा गर्नु, उनीहरूलाई हिंसा, शोषण तथा दुरुपयोगबाट जोगाउनु, सामाजिक सञ्जाललाई मजबुत बनाउनु र शिक्षालाई जीवन निर्वाहको आधार बनाउँदै शैक्षिक सेवाको उपलब्धता सुनिश्चित गर्नु हो । आपतकालीन शिक्षाको तीन मुख्य खम्बा रहेका छन् – पूर्वतयारी (preparedness), प्रतिकार्य (response) र पुनःस्थापना (recovery) । यी सबै चरणहरू विद्यालय र स्थानीय तहका शैक्षिक निकायहरूबाट योजनाबद्ध रूपमा कार्यान्वयन गरिनुपर्छ ।

नेपालमा लामो समयसम्म चलेको सशस्त्र द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, बारम्बारका बाढी पहिरो र कोभिड–१९ महामारीले शिक्षा क्षेत्रमा गम्भीर असर पुर्याएको छ । यस्ता घटनाबाट प्राप्त अनुभवले देखाउँछ कि संकटको बेला वैकल्पिक सिकाइ माध्यमहरू, जस्तै रेडियो, टेलिभिजन, अनलाइन शिक्षण, मोबाइल एप्स तथा स्थानीयस्तरमा लचिलो पाठ्यक्रम विकासजस्ता उपाय अत्यन्तै उपयोगी हुन सक्छन् ।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ र त्यसको कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धिका लागि संस्थागत मार्गनिर्देशन प्रदान गरेको छ । यस योजनाले विद्यालयहरूलाई न्यूनतम सुरक्षा उपायहरूको अवलम्बन गराउन, आपतकालीन तयारीका लागि आवश्यक सामग्री तथा तालिम उपलब्ध गराउन र विपद् आएपछि पनि विद्यालय सञ्चालन निरन्तर गर्न सक्ने अवस्था सिर्जना गर्न आग्रह गर्दछ ।

कोभिड–१९ को महामारीले विद्यालय शिक्षामा ठुलो अवरोध सिर्जना गरे पनि यसले वैकल्पिक शिक्षण सिकाइ विधिको आवश्यकता र प्रभावकारिता उजागर गऱ्यो । डिजिटल प्रविधिको प्रयोग, गृहपाठ वितरण प्रणाली, समुदाय आधारित शिक्षण केन्द्र, शिक्षक-अभिभावक समन्वय जस्ता अभ्यासहरू प्रभावकारी सावित भए । यस अनुभवलाई उपयोग गर्दै भविष्यमा पनि यस्ता संकटहरूको सामना गर्न सक्ने शिक्षाको उत्थानशील प्रणाली निर्माण गर्न आवश्यक छ ।

अन्ततः, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता बालबालिकाको आधारभूत अधिकारको रक्षा गर्ने माध्यम हो । यसका लागि नीति निर्मातादेखि विद्यालय तहसम्म सबैको समन्वय र सक्रियता अपरिहार्य छ । शिक्षा क्षेत्रमा लगानीलाई संकट न्यूनीकरणको दृष्टिकोणबाट हेर्नु आजको आवश्यकता हो ।

### ४.५.२ वर्तमान अवस्था

हाल कार्यान्वयनमा रहेका विद्यालय शिक्षा क्षेत्रका योजनाहरूले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता (resilience) लाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिएका छन् । यस्ता योजनाहरूले सुरक्षित भौतिक संरचना निर्माण, मानव संसाधनको सबलीकरण र सरोकारवालालाई सैद्धान्तिक तथा व्यावहारिक रूपमा

सक्षम बनाउनेतर्फ ध्यान केन्द्रित गरेका छन् । विद्यालय सुधार योजनामा पनि विपद् व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलताको पक्ष समेट्ने अभ्यास भइरहेको छ । साथै, शिक्षा मन्त्रालयबाट जारी विभिन्न नीतिगत दस्तावेजहरूमार्फत विपद्को समयमा समेत शिक्षालाई निरन्तरता दिने संरचनात्मक र प्रणालीगत व्यवस्था गरिएका छन् । उदाहरण स्वरूप, भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ ले बालबालिकालाई सजाय, उत्पीडन र यौन दुराचारबाट मुक्त वातावरणमा सिक्न पाउने अधिकार सुनिश्चित गरेको छ । विद्यालय शान्ति क्षेत्र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, भेदभाव र राजनीतिक हस्तक्षेपबाट टाढा राखी शिक्षणलाई सुरक्षित बनाउने व्यवस्था गरेको छ । बालमैत्री विद्यालय प्रारूप, २०६७ ले समावेशी, लैङ्गिक समानता, स्वास्थ्य, सुरक्षा र आपतकालीन शिक्षाको मापदण्डहरूलाई विद्यालयको अनिवार्य पक्षका रूपमा स्थापना गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ तथा कार्यविधि, २०१८ ले शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासमा बल दिएको छ । दिगो विकास लक्ष्य (SDG-4), १५औँ योजना, विद्यालय क्षेत्र विकास योजना र राष्ट्रिय शिक्षा नीति, २०७६ जस्ता रणनीतिहरूले सुरक्षित विद्यालय निर्माण, आपतकालीन अवस्थाको तयारी र शिक्षाको निरन्तरता सुनिश्चित गर्ने लक्ष्य लिएका छन् ।

यद्यपि नीतिगत रूपमा स्पष्ट व्यवस्था भए पनि स्थानीय तहमा विशेष गरी यस गाउँपालिकामा शिक्षा क्षेत्रमा देखिएका केही चुनौती र अवसरहरू विद्यमान छन् ।

**चुनौतीहरू:**

- आपतकालीन अवस्थामा पनि सिकाइको निरन्तरता सुनिश्चित गर्न सक्ने पूर्वतयारीको अभाव ।
- संकटकालीन अवस्थामा आवश्यक पर्ने स्रोतसाधनको अभाव ।
- वैकल्पिक सिकाइका प्रणालीहरूको कमजोर प्रयोग ।
- कोभिड-१९ महामारी तथा २०७२ को भूकम्पको समयमा वैकल्पिक सिकाइ सञ्चालनमा कठिनाइ, कतिपय अवस्थामा कुनै माध्यम प्रयोग गर्नै नसकिएको अवस्था ।
- प्राकृतिक प्रकोपहरू जस्तै पहिरो, हुरी, चट्याङ, आगलागी तथा संक्रामक रोगहरूले आवधिक रूपमा विद्यालय र सिकाइमा असर ।

**अवसरहरू:**

- भूकम्पपछिको समयमा अल्पकालीन सिकाइ केन्द्रहरूको सफल सञ्चालन र बालमैत्री मनोसामाजिक कार्यक्रमहरूको अभ्यास ।
- महामारीका समयमा वैकल्पिक सिकाइका प्रारम्भिक अभ्यासहरू जस्तैः सिकाइ सामग्री वितरण, समुदाय स्तरमा साक्षरता सहयोग, अनलाइन शिक्षण विधि आदि ।
- राष्ट्रिय नीतिगत दस्तावेजहरूसँगको सहकार्य गर्दै विपद् व्यवस्थापन शिक्षालाई विद्यालय सुधार योजनामा समावेश गर्ने अभ्यास ।

### ४.५.३ उद्देश्यहरू

यस योजनाले यस क्षेत्रसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरू राखेको छः

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।
- विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्नु ।

## ४.४.५ रणनीतिहरू

आपत्कालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धमा मुख्य रणनीतिहरू निम्नानुसार हुनेछन् ।

- शिक्षा क्षेत्रमा प्रत्यक्ष रूपमा आ◌इपर्ने विपद् व्यवस्थापनको मूल्याङ्कन एवम विश्लेषण गर्दै विद्यालय तथा पालिका स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाउने ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्काल ैम आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको वैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याउने ।
- पालिका तथा विद्यालयको विपद् व्यवस्थापनका लागि तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापना लक्षित क्षमता विकास गर्ने ।
- विपद् व्यवस्थापन तथा तयारीका लागि एक कार्यविधि मार्फत पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गर्ने ।
- विपद् अवस्थाको शिक्षाका लागि नीति, कार्यविधि र मार्गदर्शन तयार गर्ने ।
- सम्भावित प्रकोप तथा जोखिमबारे पूर्वसावधानी र सुरक्षा उपायहरूको जानकारी दिने ।
- महामारी (जस्तै कोभिड-१९) सन्दर्भमा रोकथाम र उपचारको तयारी गर्ने ।
- महामारीका बेला शिक्षण सिकाइ निरन्तरता दिन वैकल्पिक उपाय तयार गर्ने ।
- सम्भावित संकटको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गर्ने ।
- विद्यालयस्तरीय आपतकालीन प्रतिकार्य योजना तयार गर्ने ।
- स्थानीय शिक्षा समूह (Education Cluster) गठन र परिचालन गर्ने ।
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने ।
- विद्यालय र स्थानीय तहको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालय पूर्वाधार निर्माणमा नवीन मापदण्डअनुसार समिति गठन गरी समावेशी, सुरक्षित र विपद्मैत्री संरचना विकास गर्ने ।
- सरकारी तथा अर्धसरकारी निकायबीच समन्वय संयन्त्र निर्माण गर्ने ।
- हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास शिक्षाका कार्यक्रम लागु गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

#### उपलब्धि

- आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारमा सुधार आउने छ ।
- विपद् प्रतिकार्य योजना तयार हुने ।
- विद्यालय तथा पालिकाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास हुने ।
- विपतको समयमा पनि शिक्षणसिकाइ क्रियाकलाप निरन्तर सञ्चालन हुने ।

### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र . स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद सम्वन्धी विद्यालय तथा पालिका स्तरीय विपद प्रतिकार्य योजना निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | स्काउट तथा जुरेसको जस्ता समूह गठन तथा परिचालन | विद्याल य | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | १० | |
| ६ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमापढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनको लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन् । एकविद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथाआधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूततह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिकपूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका ४१ वटा सामुदायिक विद्यालयहरूमा पुस्तकालय (२२), विज्ञान प्रयोगशाला (४), कम्प्युटर प्रयोगशाला (४) रहेक ा छन् । गणित, भाषा र सामाजिक विषयको प्रयोगशाला भने कुनै विद्यालयमा छैन । शौचालय सुविधाको अवस्था हेर्दा २७ वटा विद्यालयमा छात्र-छात्रा अलग शौचालय, १ वटा विद्यालयमा अपाङ्गमैत्री शौचालय छन् । यद्यपि, धेरै विद्यालयमा अझै शौचालय नपुग देखिन्छ । स्वच्छता र पानीको सुविधाको अवस्था हेर्दा, २० विद्यालयमा सफा पिउने पानी रहेको पाइन्छ । सूचना प्रविधिको अवस्था विश्लेषण गर्दा, हालसम्म कुनै पनि  विद्यालयमा ICT प्रयोगशाला नभएको अवस्था छ ।

समग्र भौतिक अवस्थाको सन्दर्भमा, पालिकाका ४१ सामुदायिक मध्ये अधिकांशको भौतिक पूर्वाधार कमजोर छन् । विद्यालयहरू पहुंचयुक्त छैनन्, धेरै विद्यालयमा पानी आपूर्ति र स्वच्छ पिउने पानीको व्यवस्था कमजोर छ । खेलकुद, स्वास्थ्य कक्ष, सभा हल, मञ्च, बगैँचा लगायतका पूर्वाधारहरूको अभाव छ । यस विषय क्षेत्रमा पनि समस्याहरू रहेका छन् । अझ पनि केही विद्यालयहरूमा छात्रछात्राहरूका लागि पर्याप्त शौचालयको व्यवस्था नहुनु, अपाङ्गता भएका धेरै विद्यालयमा विद्यार्थीका लागि अलग्गै शौचालय नहुनु, साबुन स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहितको शौचालयको व्यवस्था नहुनु, केही विद्यालयहरूमा फिल्टरयुक्त पिउने पानीको व्यवस्था नहुनु, अधिकांश विद्यालयमा आराम कक्षको व्यवस्था नहुनु, केही विद्यालयमा बालमैत्री धारा नहुनु, धेरै विद्यालयमा खेलमैदान र घेराबार को व्यवस्था नहुनु, केही विद्यालयमा फर्निचर नपुग हुनु आदि यस गाउँपालिका मुख्य समस्या तथा चुनौतीहरू हुन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार, तहगत विद्यार्थी सङ्ख्याका आधारमा निर्माण गर्नुपर्ने शिक्षण सिकाइ कक्ष, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप कक्ष, कम्प्युटर कक्ष, शिक्षक र प्रशासनिक कक्षहरू निर्माण तथा व्यवस्थापन गर्नु यस पालिकाको प्रमुख प्राथमिकता रहेको छ ।

अवसरहरू: सङ्घ, प्रदेश र स्थानीय सरकारबाट भौतिक पूर्वाधार सुधारमा निरन्तर सहयोग । विभिन्न परियोजना तथा सङ्घ-संस्थाहरूको सहयोग सक्रिय रूपमा भइरहेको अवस्था ।

चुनौतीहरू: भौतिक निर्माणमा गुणस्तर, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु । मापदण्डअनुसारको पूर्वाधार निर्माण । विद्यालयहरूमा आवश्यक पर्ने सबै सुविधायुक्त पूर्वाधारको विकास । भौतिक संरचनाको लागि पर्याप्त स्रोत-साधनको अभाव । उपलब्ध संरचनालाई समावेशी र पहुँचयुक्त बनाउने आवश्यकता ।

### ४.६.३ उद्देश्यहरू

यस योजनाले भौतिक निर्माण सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विद्यालयमा न्यूनतम भौतिक संरचनाको सुनिश्चित गर्नु ।
- मापदण्ड अनुसारको भौतिक निर्माण गर्नु ।
- भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शी बनाउनु ।
- सबैलाई पहुँच हुने भौतिक संरचनाहरू तयारमा सुधार ल्याउनु ।

### ४.६.४ रणनीतिहरू

यस योजनाले भौतिक निर्माण सम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

सुरूमा सबै विद्यालयहरूको भौतिक संरचनाको अवस्था विश्लेषण गरी विद्यालयलाई आवश्यक भौतिक संरचनाको सूची र प्राथमिकता निर्धारण गरी सोही अनुरूप योजना बनाउने ।

- विद्यालयमा निर्माण हुने भौतिक संरचना व्यवस्थित बनाउन पालिका स्तरीय एक कार्यविधि बनाइ लागु गर्ने ।
- पुराना भौतिक संरचनाहरूलाई सुधार गरी र नयाँ बन्ने संरचनामा सबैको पहुँच सुनिश्चित हुने गरी संरचनाहरू बनाउने ।
- भौतिक निर्माणको कार्यलाई लागत बोर्ड राख्ने, सार्वजानिक सुनवाइ गर्ने, स्थलगत प्राविधिक र जनप्रतिनिधि मार्फत अनुगमन गर्ने, जस्ता कार्यलाई जोड दिई गुणस्तरीय तथा पारदर्शी बनाउने ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घ संस्था तथा दातृ निकायहरूसँग लागत साझेदारी तथा स्रोत व्यवस्थापन गर्ने ।
- विद्यालय तथा अभिभावकको सहभागितामा 'हाम ी बनाउँछौं, हाम्रो विद्यालय' कार्यक्रम सञ्चालन गर्ने ।
- नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम लागु गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजाहरू र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

#### उपलब्धि

- सबै विद्यालयमा मापदण्ड पुरा भएको सिकाइका लागि न्यूनतम आवश्यक भौतिक संरचना सुनिश्चित भएको हुनुका साथै भौतिक अवस्थामा सुधारमा भएको हुने ।
- भौतिक संरचना निर्माणको लागि विद्यालयको अवस्थाको नक्साङ्कन तथा विश्लेषण भएको हुने ।
- सबै विद्यालयमा मापदण्ड पूरा भएको सिकाइका लागि न्यूनतम आवश्यक भौतिक संरचना सुनिश्चित भएको हुने ।

- भौतिक संरचना निर्माण प्रक्रिया थप गुणस्तर तथा पारदर्शी भएको हुने ।
- भौतिक निर्माण कार्यमा सङ्घसंस्थाको सहभागितामा वृद्धि भएको हुने ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | १० | |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रबास) | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | १६ | |
| ३ | सुद्ध खानेपानीको व्यवस्था | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ३६ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना र प्रविधिलाई अङ्ग्रेजीमा Information Technology (IT) भनिन्छ । सूचना भन्नाले सन्देश, घटना, तथ्याङ्क, संकेत आदिलाई जनाउँछ भने प्रविधि भन्नाले कार्य सम्पादनमा सहजता ल्याउन प्रयोग गरिने वैज्ञानिक सामग्री वा साधनलाई जनाउँछ । यस्ता साधनहरूमा कम्प्युटर, ल्यापटप, ट्याब्लेट, प्रोजेक्टर, मोबाइल आदि पर्छन्, जसको माध्यमबाट सूचना आदान–प्रदान गरिन्छ र यही प्रक्रिया सूचना तथा प्रविधिको प्रयोग हो । शिक्षामा सूचना र प्रविधि भन्नाले शिक्षण–सिकाइ प्रक्रियामा प्रविधिको प्रयोग गरी सूचना आदान–प्रदान गर्नु हो । वर्तमान समयमा रेडियो, टेलिभिजन, मोबाइल, टेलिफोन, कम्प्युटर, ल्यापटप, ट्याब्लेट, आइप्याड, प्रोजेक्टर, सीडी, पेनड्राइभ, डाटा कार्ड आदि उपकरणहरू सूचना प्रविधिका साधनको रूपमा शिक्षामा प्रयोग भइरहेका छन् । त्यस्तै, इन्टरनेट र विविध वेबसाइटहरू, युट्युब, फेसबुक, विभिन्न एपहरू, विभिन्न एआई टुल्सहरू, श्रव्य–दृश्य सामग्रीहरू तथा माइक्रोसफ्ट अफिस प्याकेज लगायतका सफ्टवेयरहरूले पनि शिक्षामा सूचना प्रविधिको प्रयोगलाई अझ प्रभावकारी र सहज बनाएका छन् ।

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्न तथा शैक्षिक व्यवस्थापन सुधार गरेर सुशासन कायम गर्न महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगले सबै विद्यार्थीहरूका लागि यसको आधारभूत पहुँच सुनिश्चित गरी डिजिटल भिन्नता घटाउन सहयोग पुर्‍याउँछ । साथै, यस प्रविधिलाई शिक्षण–सिकाइको साधनको रूपमा प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । सबैका लागि शिक्षामा पहुँच विस्तार हुन्छ र व्यवस्थापकीय तथा शासकीय पद्धतिहरूलाई कुशल र पारदर्शी बनाई सुशासनको प्रत्याभूति दिलाउन टेवा पुर्‍याउँछ ।

कोभिड–१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । यस्ता विभिन्न प्रकारका विपद् तथा महामारीका अवस्थामा पनि शिक्षण–सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग पुर्‍याउन सक्छ । यस सन्दर्भमा उपलब्ध स्रोत र क्षमताका आधारमा अनलाइन तथा अफलाइन माध्यमबाट भर्चुअल शिक्षण सिकाइको प्रयास गरिएको भए पनि पर्याप्त संरचना र दक्ष जनशक्तिको अभावले सबै विद्यार्थीलाई समेट्न सकिएको छैन । यस्तो परिस्थितिमा सबैका लागि सहज पहुँच सुनिश्चित हुने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु एक चुनौतीपूर्ण कार्य रहँदै आएको छ ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । नीति अनुसार विद्यालयहरूमा सूचना प्रविधिसम्बन्धी संरचना निर्माण, इन्टरनेट कनेक्टिभिटीको व्यवस्था, जनशक्ति र सामग्रीको उपलब्धता तथा क्षमता अभिवृद्धि आवश्यक मानिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले ग्राम ीण दूरसञ्चार विकास कोषमार्फत विद्यालयहरूमा कनेक्टिभिटी तथा पूर्वाधारको सहयोग गर्दै आएको छ । नेपाल सरकारको पहलमा अधिकांश माध्यमिक विद्यालयहरूमा निःशुल्क इन्टरनेट जडान गरिएको छ । अवसरका रूपमा सङ्घीय सरकारबाट वार्षिक रूपमा ICT ल्याब स्थापनाको लागि बजेट प्राप्त हुनु, शिक्षक तालिम कार्यक्रमहरू मार्फत प्रविधि प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि हुनु, विभिन्न निकाय तथा संस्थाहरूबाट सहयोग प्राप्त हुनु,

स्थानीय सरकार स्वयंले पनि सूचना प्रविधिमा जोड दिनु रहेका छन् भने चुनौतीहरूका रूपमा अधिकांश विद्यालयहरूमा बिजुलीको स्थायी व्यवस्था गर्न कठिनाई हुनु, सूचना प्रविधिका सामग्री र इन्टरनेट कनेक्टिभिटी सुनिश्चित गर्न कठिनाइ, उपलब्ध सामग्रीहरूको प्रभावकारी प्रयोगमा कठिनाइ, निर्धारित मापदण्ड अनुसार उपकरण व्यवस्थापनमा चुनौती, आवश्यक स्रोत र बजेट सुनिश्चित गर्न समस्या, दक्ष जनशक्तिको अभाव रहेका छन्। यी अवस्थाहरूको समाधान खोज्दै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगलाई अघि बढाउन आवश्यक छ।

### ४.७.३ उद्देश्यहरू

यस योजनाले सूचना प्रविधिसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन र प्रयोगमा सुधार ल्याउनु।
- सूचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु।

### ४.७.४ रणनीतिहरू

- एक विद्यालय सूचना प्रविधिको न्यूनतम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट ) को प्रबन्ध क्रमशः गर्ने।
- सबै माध्यमिक विद्यालयमा आइसीटी ल्याबको सुनिश्चित गर्ने।
- सूचना तथा प्रविधिको प्रयोग गर्ने सक्ने क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
  सुचना तथा प्रविधिको प्राविधिक सहयोगमा लिडर विद्यालय तथा क्लस्टर स्तरीय फोकल पर्सनको विकास गरी त्यस मार्फत सहयोग हुने प्रबन्ध गर्ने।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
- शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने।
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने।

### ४.६.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

#### उपलब्धि

- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइ प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक हुनुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार तथा सुशासनमा सुधार आउने।
- विद्यालय शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने।
- विद्यालयको व्यवस्थापन तथा प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा सुधार आउने।

- विद्यालय स्तरमा सूचना प्रविधिको सिप भएको जनशक्तिमा वृद्धि हुने ।
- समयमा नै प्रभावकारी रूपमा IEMIS अद्यावधिक हुने ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एक विद्यालय सूचना प्रविधिको न्यूनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर/स्मार्टबोर्ड र इन्टरनेट) कार्यक्रम | संख्या | ८ | ८ | ८ | ९ | ८ | ४१ | ८२ | |
| ३ | ICT Lab को स्थापना | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ४ | शिक्षण सिकाइमा आइसीटी सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सञ्चालनमा आइसीटीको प्रयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ९ | ४१ | ८२ | |
| ८ | आइसीटी सम्बन्धी शिक्षक तथा विद्यार्थीको नवप्रवर्तनात्मक क्षमता सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षा क्षेत्रलाई सबल, सेवामुखी र परिणाममुखी बनाउने क्रममा सुशासन र व्यवस्थापनको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। सुशासन भन्नाले उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशिता र सहभागी निर्णय प्रक्रियालाई बुझ ाउँछ जसले शिक्षामा नीतिगत निर्णयदेखि कार्यान्वयनसम्म प्रभावकारी योगदान दिन्छ। शिक्षा क्षेत्रमा सुशासन कायम गर्न तिनै तहका सरकार (सङ्घ, प्रदेश, स्थानीय), विद्यालय तथा समुदाय, गैरसरकारी निकाय र विकास साझेदारहरूको सक्रिय भूमिका अनिवार्य हुन्छ। नेपालको संविधानले शिक्षालाई साझा अधिकारको रूपमा परिभाषित गर्दै तिन तहका सरकारबीचको शक्तिको बाँडफाँडलाई संस्थागत गरेको छ।

शिक्षा व्यवस्थापनको सन्दर्भमा निर्णय तथा कार्यान्वयन सहभागिता र सहमतिमा आधारित हुनुपर्छ। कार्यप्रणाली उद्देश्यप्रति केन्द्रित, उत्तरदायित्वपूर्ण र पारदर्शी हुनुपर्छ। प्रभावकारिता, कार्यकुशलता तथा विधिको सर्वोच्चता सुनिश्चित गरिनुपर्छ। शिक्षण–सिकाइप्रति जवाफदेहिता कायम गरिनुपर्छ। विद्यालय तहमा, सुशासनले विद्यालयको समग्र सुधारमा केन्द्रिय भूमिका खेल्दछ। विद्यालय व्यवस्थापन, पारदर्शिता र नेतृत्वका पक्षमा स्पष्ट रणनीति बनाइनु आवश्यक छ। विद्यालय शिक्षा योजना कार्यान्वयन गर्न संस्थागत संरचना निर्माण, मानव संसाधनको क्षमता विकास, सक्रिय अनुगमन र मूल्याङ्कन प्रणाली आवश्यक हुन्छन्। शिक्षामा सुशासनको प्रत्याभूतिले शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यार्थी सिकाइमा सुधार र सबैका लागि समान अवसर सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। अत सबै सरोकारवालाको समन्वय, योगदान र उत्तरदायित्व सहितको सहभागिताले मात्र सुशासन सम्भव हुन्छ।

### ५.१.२ वर्तमान अवस्था

नेपालको सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तह तिनै तहमा शिक्षा क्षेत्रको व्यवस्थापन प्रणाली क्रियाशील छ। सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग जस्ता निकाय छन्। प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय छन्। स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा समिति रहेका छन्। विशेष गरी यो गाउँपालिकामा ४१ सामुदायिक, ४४ बाल विकास केन्द्र, ४ सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन्। प्रत्येक संस्थामा विद्यालय व्यवस्थापन समिति (एसएमसी) र शिक्षक अभिभावक सङ्घ (पिटिए) गठन गरिएको छ।

गाउँपालिकाले शिक्षा ऐन २०७६ जारी गरेको छ, जुन विद्यालय तहमा सुशासनको आधार बन्न सक्छ। साथै, पालिकाबाट विविध कार्यविधि र क्षमता विकास कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। यद्यपि, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र लेखापरीक्षण अझै प्रभावकारी बन्न सकेका छैनन्। शिक्षा शाखा र विद्यालयहरूमा प्राविधिक र दक्ष जनशक्तिको अभाव देखिन्छ। इमिस (IEMIS) अद्यावधिकमा समस्या, शिक्षकहरूको क्षमता अभाव, विद्यालय नेतृत्वमा अपेक्षित दक्षता र दूरदृष्टिको कमी प्रमुख समस्याका रूपमा छन्।

हालका विद्यालय व्यवस्थापन समितिहरू मुलत :शिक्षक अभिभावक सङ्घहरू क्रियाशील छैनन् । विद्यालय सुधार योजना कार्यान्वयनमा कमजोरी, पाठ्यक्रम र सरकारी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समस्या, नेतृत्व क्षमताको अभाव विद्यालय व्यवस्थापनमा मुख्य चुनौती बनेको छ । विद्यालयहरूमा उपलब्ध स्रोत साधनको उपयुक्त परिचालन हुन नसकेको पाइन्छ । लेखापरीक्षण र सामाजिक परीक्षण प्रणाली प्रभावकारी छैन, ICT सामग्री, शिक्षक तालिम, व्यवस्थापन पक्षमा स्रोतको उपयोगमा समन्वय र दक्षता अभाव छ। गाउँपालिकाले केही तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरे पनि ती कार्यक्रमहरू निरन्तर, लक्ष्यमुखी र आवश्यकतामा आधारित छैनन्, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूलाई नेतृत्व विकास गर्ने कार्यक्रमहरू अझै सशक्त र व्यावहारिक रूपमा संस्थागत हुन बाँकी छ।

सङ्घीय शिक्षा संरचना स्पष्ट भए पनि कार्यान्वयन तहमा (विशेष गरी गाउँपालिका स्तरमा) नेतृत्व, स्रोत व्यवस्थापन, क्षमता विकास र सुशासनमा गम्भीर सुधारको खाँचो छ। स्थानीय तहले नीति कार्यान्वयन र संस्थागत समन्वयमा बल दिएर विद्यालय तहमा नेतृत्व सुधार, स्रोत परिचालन र समुदाय सहभागिता बढाउन आवश्यक छ। त्यसरी मात्र सामुदायिक विद्यालय सुधारको अपेक्षा साकार हुन सक्छ।

### ५.१.३ उद्देश्यहरू

यस योजनाले सुशासनसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ५.१.४ रणनीतिहरू

यस योजनाले सुशासनसँग सम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने
- सबै सामुदायिक विद्यालयका प्रअको नियुक्ति एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गर्ने र हरेक पाँच वर्षमा प्रअको कार्यसम्पादनको मूल्याङ्कन गरी करार सम्झौता हुने व्यवस्था गर्ने।
- पालिकाले वार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लाने । उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्याङ्कनको आधारमा वार्षिक रूपमा प्रअलाई थप प्रोत्साहन भत्ता प्रदान गर्ने।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्याङ्कन गर्ने।

- शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरूमा आवश्यक शिक्षक व्यवस्थ ापनक्रमश ागर्दै लाने ।
- गाउँ शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी वार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गर्ने ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत व्यवस्थापन गर्ने रणनीति लिने ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता थप तलका अन्य रणनीतिहरू कार्यान्वयन गर्ने
  - विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम
  - विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
  - हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्याङ्कन
  - सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिने । उक्त कार्यको सघन रूपमा शिक्षा शाखाबाट मूल्याङ्कन गरी गुणस्तर एकिन गरिने र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिने अभ्यासलाई कार्यान्वयन
- समयमा तथ्याङ्क अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोड्ने ।

## ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### उपलब्धि

- विद्यालयको सुशासन क्षेत्रमा देखिने परिवर्तन आउने छ र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि हुने ।
- विद्यालय सुशासन कायम गर्न थलारा गाउँपालिकाको शिक्षा ऐन २०७९ लाई संशोधन हुने ।
- विद्यालयको विव्यस अध्यक्ष तथा प्रअको नेतृत्वमा परिवर्तन हुने ।
- विद्यालयमा आचारसंहिता निर्माण र कार्यान्वयन हुने ।
- विद्यालय सुधार योजना तोकिएको ढाँचा प्रकियामा तयार भई समयमा पालिकामा पेश हुने ।
- सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिएको प्रक्रिया अनुरुप भएको हुने ।
- पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत भएको हुने ।
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिएको हुने ।
- समयमा तथ्याङ्क अद्यावधिक भएको तथा प्रभावकारी अभिलेख राख्ने प्रणालीको अभ्यास हुने ।
- वार्षिक रूपमा प्रअसँगको करार सम्झौता तथा समीक्षा भएको हुने ।
- विद्यालयको आर्थिक स्रोतमा वृद्धि भएको हुने ।
- विद्यालयले शिक्षक तथा विद्यार्थीहरूलाई परिचयपत्र अनिवार्य रूपमा वितरण गरी प्रयोगमा ल्याउने ।

- प्रअ, शिक्षक र कर्मचारीले पदीय जिम्मेवारी प्रभावकारी रुपमा बहन नगरेमा विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको सिफारिसको आधारमा सचेतीकरण, स्पष्टीकरण, पालिकाभित्र सरुवा, सेवा करार रद्द जस्ता अभ्यासहरू पालिकाले कार्यान्वयनमा ल्याउने।
- गुणस्तर सुधारका लागि लिडर विद्यालयको अवधारणालाई कार्यान्वयन गरिने र उक्त अवधारणा मार्फत अन्य आधारभूत विद्यालयहरूको क्षमता विकास र प्राविधिक सहयोग गरिने।

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गाउँपालिका शिक्षा ऐन संशोधन | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| २ | कार्यविधि निर्माण गरी विद्यालय विकास प्रस्तावनाको आधार खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |
| ५ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वडाको संयोजकत्वमा विज्ञ समुहबाट विद्यालय अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विब्यसशिअस परिचालन सहयोग कार्यक्रम | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४१० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१४** | प्रअको नियमित मासिक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेटको तर्जुमा, क्रियाकलापको निर्धारण र कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनजस्ता पक्षहरू समावेश हुन्छन् । यी कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक संरचना, जनशक्ति, प्रक्रिया, जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ । कार्यान्वयनको प्रबन्ध तयार गर्दा योजनाको दिगोपन, प्रभावकारिता र कार्यकुशलतालाई विशेष प्राथमिकता दिनुपर्छ । गाउँ शिक्षा योजना निर्माण भइसकेपछि यसको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त जनशक्ति व्यवस्थापन, आवश्यक कानुन र कार्यविधिको निर्माण तथा बजेटको सुनिश्चितता अनिवार्य हुन्छ । साथै, सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य अत्यावश्यक हुन्छ ।

योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न वार्षिक रणनीतिक योजना, कार्यान्वयन योजना, अनुगमन योजना र कार्यक्रम कार्यान्वयन पुस्तिका तयार पारिनु जरुरी हुन्छ । यस्ता तयारीपछि कार्यक्रमका सरोकारवालाहरूलाई आवश्यक जानकारी र बुझाइ प्रदान गर्न प्रबोधीकरण कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ, जसले योजना कार्यान्वयनमा सहजीकरण र सहभागिता सुनिश्चित गर्छ ।

### ५.२.२ वर्तमान अवस्था

यस पालिकामा जम्मा ४१ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । बालविकास केन्द्रको विवरण हेर्दा जम्मा ४४ वटा बालविकास केन्द्रहरू रहेका छन् । थलारा  गाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा संघीय तर्फ २५ र स्थानीय तर्फ २२ गरी जम्मा ४७ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी दरबन्दी ८८, अनुदान तथा राहत ४० समेत १२८ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरबन्दी ११,  अनुदान तथा राहत २१ समेत ३२ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरबन्दी ७,  अनुदान तथा राहत २३  समेत गरी ३० जना रहेका छन् ।  कक्षा ११ र १२ मा १६ जना शिक्षकहरू रहेका छन् ।

शिक्षा शाखामा २ जनाको दरबन्दी रहेको छ ।  शिक्षकको पेशागत विकासको लागि पालिकाबाट जनशक्तिको व्यवस्थापन गरिएको छैन । वार्षिक रूपमा बजेट शिक्षाको बजेट विनियोजन गरी क्रमश शिक्षा क्षेत्रमा लगानीमा वृद्धि गरिरहेको छ । शिक्षाको प्रबन्ध तथा व्यवस्थापनको लागि गाउँ शिक्षा समिति स्थानीय शिक्षा ऐन जारी गरिएको छ ।

### ५.२.३ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीति

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

- योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गर्ने।
- गाउँपालिकाको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने।
- शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार सहजीकरण गर्ने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शिक्षक व्यवस्थापनसम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- सरोकारवालाहरूको भेला गरी कार्यक्रमको प्रबोधीकरणका साथसाथै कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने।
- सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने।
- योजना शुरु भएको २ वर्षमा मध्यावधि समीक्षा र ५ वर्षमा पूर्णावधि मूल्याङ्कन गर्ने।

## ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ।

## प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडा शिक्षा समिति गठन र परिचालन | वडा | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | योजनाको समीक्षा तथा पुर्न योजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | योजना कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | योजना कार्यान्वयनका लागि अन्य संघ सस्थासँग समन्वय साझेदारी र सहकार्य गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बार्षिक प्रगति प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शैक्षिक तथ्यांकको विश्लेषण गरी शैक्षिक स्मारिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचयः

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम् भूमिका हुन्छ । थलारा गाउँपालिकाले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सिपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । गाउँपालिकाले शिक्षामा लगानी गर्दा बालबालिकाको शैक्षिक अवसर गुणस्तरीय शिक्षा र स्रोत साधनको समतामूलक वितरणमा ध्यान दिनु पर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै थलारा गाउँपालिका र समुदायबाट विगत केही वर्षदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रवन्धका लागि ध्यान दिनु पर्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ६.२ वर्तमान अवस्थाः

यस गाउँपालिकाको गत आर्थिक वर्ष २०८०।८१ मा आन्तरिक स्रोतबाट ३१ लाख २० हजार ९ सय ८ र संघीय सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. ३० करोड ७४ लाख २५ हजार १ सय ६०, प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण रु. १ करोड ६३ लाख ६६ हजार ६ सय ६० एवम् राजश्व बाँडफाँडबाट ७ करोड ९ लाख ३९ हजार ६ सय ८२ र अघिल्लो बर्षको सरी आएको मौज्दात ९९ लाख ८२ हजार १ सय ८२ गरी कुल ४० करोड २३ लाख ५२ हजार ४ सय ११ आय भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ३८ करोड ८२ लाख ८४ हजार ६ सय ७ मध्ये चालु तर्फ ३० करोड ५७ लाख ३९ हजार ३ रुपैयाँ र पुँजीगत तर्फ ८ करोड २५ लाख ४५ हजार ६ सय ४ रहेको देखिन्छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को प्रक्षेपित कुल आय रु. ४८ करोड ५२ लाख ०५ हजार ३ सय ७४ मध्ये जेठ मसान्तसम्म रु. ४२ करोड ६९ लाख ८ हजार ९३ रुपैया प्राप्त भएकोछ। जसमध्ये, आन्तरिक स्रोतबाट ३० लाख ९२ हजार १ सय २४, संघीय र प्रदेश अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट ३४ करोड २२ हजार २ सय २० एवम् राजश्व बाँडफाँडबाट ६ करोड ९२ लाख १० हजार ३ सय ७५ प्राप्त भएको छ। गत वर्षको मौज्दात १ करोड ४५ लाख ८३ हजार ३ सय ७४ रहेको छ। त्यसैगरी, व्ययतर्फ चालु आर्थिक वर्ष २०८१।८२ को जेठ मसान्तसम्म ३३ करोड २२ लाख ४६ हजार ८ सय २४ खर्च भएकोछ। जुन

व्यय अनुमानको ६८ दशमवल ४७ प्रतिशत मात्र हुन जान्छ। जेठ मसान्तसम्म भएको कुल खर्च मध्ये चालु तर्फ रु २६ करोड ९९ लाख ३७ हजार ७ सय ७२ अर्था ७९ दशमवल १७ प्रतिशत र पूँजिगत तर्फ रु. ६ करोड २३ लाख ९ हजार ५२ अर्थात ४३ दशमबल १९ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ९ करोड ४ लाख ९९ हजार ८ सय ९२ समावेश गरिएको छैन। स्रोत: नीति तथा कार्यक्रम २०८२।८३

## ६.३ अवसर तथा चुनौतीहरू

विद्यालय शिक्षाका लागि सङ्घीय सरकार तथा प्रदेश सरकारबाट नियमित बजेट प्राप्त हुनु, पालिकाबाट पनि शिक्षा क्षेत्रमा पनि बजेट विनियोजन हुनु, विभिन्न परियोजनाहरू लागु हुनु यस क्षेत्रका प्रमुख अवसरहरू रहेकाछन्। यस्ता अवसरहरू भएता पनि यस क्षेत्रका देखिएका प्रमुख चुनौतीहरूलाई तल प्रस्तुत गरिएको छ।

- विद्यालय शिक्षा क्षेत्रमा लग म्नी वृद्धि र दीगो स्रोत व्यवस्थापनमा वृद्धि गर्ने।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।
- कार्यक्रममा दोहोरोपन नहुने तथा पालिकाको प्राथमितामा आधारित भई योजना बनाउने कुराको अभ्यास गर्ने।

## ६.४ उद्देश्यः

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- योजना अवधिका लागि आवश्यक आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षाका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
- विद्यालय शिक्षाको बजेटमा वृद्धि गर्नु।

## ६.५ रणनीतिहरूः

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

- गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता बनाई शिक्षा क्षेत्रको बजेटमा क्रमशः वृद्धि गरिने छ।
- कार्यविधि मार्फत पालिका स्तरीय शिक्षा सुधारका लागि एक शैक्षिक कोष निर्माण गरी स्रोतमा वृद्धि गरिनेछ।
- कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधारका लागि पूर्व विद्यार्थी मञ्च वा सहयोग पहल मार्फत विद्यालयको वित्तीय स्रोतमा वृद्धि गरिनेछ।
- गैरसरकारी निकायसँग पहल समन्वय गरी बढी भन्दा बढी परियोजनाहरू लागु गरिनुका साथै उक्त निकायहरूका कार्यक्रमहरू शिक्षा योजनाले प्राथमिकता दिएका क्षेत्रमा हुने कुराको सुनिश्चित गर्न पहल गरिने छ।

- कार्यक्रमको योजना र कार्यान्वयन त्यसको प्र थमिकता र आवश्यकताको आधारममा दोहोरोपना नहुने व्यवस्था मिलाइने छ ।
- निकासा गरिएको बजेटको स्थलगत निरीक्षण मार्फत प्रगतिको प्रमाणिकरणको गर्ने अभ्यासको सुरुआत गरिनेछ ।
- विद्यालय शिक्षामा अभिभावकको मानवीय तथा वित्तीय सहभागितामा वृद्धि गरिनेछ ।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः

थलारा  गाउँपालिकाले ५ वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८२-२०८७) गाउँपालिकामा शिक्षा क्षेत्रलाई प्राप्त हुने बजेटलाई आधार बनाइएको छ । त्यसैगरी बजेटको प्रमुख स्रोतहरूमा तलका निकायहरू रहने अनुमान गरिएको छ ।

- सङ्घीय ससर्त
- प्रदेश बजेट
- स्थानीय तहको बजेट
- विभिन्न सङ्घसंस्था तथा परियोजनाहरू
- अभिभावकहरू

यो शिक्षा योजना पाँच वर्षलाई लक्षित गरिए तापनि दश वर्षसम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरू तय गरिएकाले बजेटको अभाव हुने देखिन्छ । यो योजना अनुरुप गाउँपालिकाले हरेक वर्ष वार्षिक कार्ययोजना बनाई बजेटको व्यवस्थापन पुनरावलोकन गर्न सक्नेछ । तर पनि हाल गाउँपालिकाको स्रोतलाई आंकलन गर्दै यस शिक्षा योजनालाई प्रस्तावित बजेट अनुमान गरिएको छ ।

**बजेट रू. लाखमा**

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ७०२.१५ | १३३.४१ | १३३.४१ | १३३.४१ | १३३.४१ | १३३.४१ | ५२६.६१ | ७०.२२ | ३५.११ | ३५.११ | ३५.११ | ०.०० |
| २ | आधाभूत शिक्षा | ५६९९.९० | १०८२.९८ | ११९६.९८ | १२५३.९८ | ११३९.९८ | १०२५.९८ | ४२७४.९३ | ५६९.९९ | २८५.०० | २८५.०० | २८५.०० | ०.०० |
| ३ | माध्यमिक शिक्षा | ३०७२.५८ | ५८३.७९ | ६४५.२४ | ६७५.९७ | ६१४.५२ | ५५३.०६ | २३०४.४३ | ३०७.२६ | १५३.६३ | १५३.६३ | १५३.६३ | ०.०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २६७.९० | ५०.९० | ५६.२६ | ५८.९४ | ५३.५८ | ४८.२२ | २००.९३ | २६.७९ | १३.४० | १३.४० | १३.४० | ०.०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १८७.०० | ३५.५३ | ३९.२७ | ४१.१४ | ३७.४० | ३३.६६ | १४०.२५ | १८.७० | ९.३५ | ९.३५ | ९.३५ | ०.०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ९९.१८ | १८.८४ | २०.८३ | २१.८२ | १९.८४ | १७.८५ | ७४.३८ | ९.९२ | ४.९६ | ४.९६ | ४.९६ | ०.०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १३७.०५ | २६.०४ | २८.७८ | ३०.१५ | २७.४१ | २४.६७ | १०२.७९ | १३.७१ | ६.८५ | ६.८५ | ६.८५ | ०.०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **८** | शिक्षामा समता र समावेशीकरण | १८९.६० | ३६.०२ | ३९.८२ | ४१.७१ | ३७.९२ | ३४.१३ | १४२.२० | १८.९६ | ९.४८ | ९.४८ | ९.४८ | ०.०० |
| **९** | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १६३.०४ | ३०.९८ | ३४.२४ | ३५.८७ | ३२.६१ | २९.३५ | १२२.२८ | १६.३० | ८.१५ | ८.१५ | ८.१५ | ०.०० |
| **१०** | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ४३.२५ | ८.२२ | ९.०८ | ९.५२ | ८.६५ | ७.७९ | ३२.४४ | ४.३३ | २.१६ | २.१६ | २.१६ | ०.०० |
| **११** | विद्यालय भौतिक पूर्वाधार विकास | ६१३.३३ | ११६.५३ | १२८.८० | १३४.९३ | १२२.६७ | ११०.४० | ४५९.९९ | ६१.३३ | ३०.६७ | ३०.६७ | ३०.६७ | ०.०० |
| **१२** | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २९२.०० | ५५.४८ | ६१.३२ | ६४.२४ | ५८.४० | ५२.५६ | २१९.०० | २९.२० | १४.६० | १४.६० | १४.६० | ०.०० |
| **१३** | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १०१.०५ | १९.२० | २१.२२ | २२.२३ | २०.२१ | १८.१९ | ७५.७९ | १०.११ | ५.०५ | ५.०५ | ५.०५ | ०.०० |
| **१४** | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | २७.०० | ५.१३ | ५.६७ | ५.९४ | ५.४० | ४.८६ | २०.२५ | २.७० | १.३५ | १.३५ | १.३५ | ०.०० |
| **१५** | अनुगमन तथा मूल्याङ्कन | १०.९५ | २.०८ | २.३० | २.४१ | २.१९ | १.९७ | ८.२१ | १.१० | ०.५५ | ०.५५ | ०.५५ | ०.०० |
| **कुल** | | **११६०६** | **२२०५** | **२४२३** | **२५३२** | **२३१४** | **२०९६** | **८७०४** | **११६१** | **५८०** | **५८०** | **५८०** | |

# परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

## ७.१. परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यक्रम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पूर्णनिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रूपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरू साथसाथै कार्यसम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा सञ्चालन भएको शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य छ ।

यसमा थलारा गाउँपालिकाको पाँच वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरूमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरू, बालविकास तथा सिकाइ केन्द्रहरूमा सञ्चालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ७.२. वर्तमान अवस्था

अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अंगका रूपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै वडा कार्यालय तथा गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समिति तथा निर्वाचित जनप्रतिनिधिहरूबाट समयसमयमा अनुगमन तथा समीक्षा हुने गरेको भए तापनि अनुगमनलाई नतिजामूलक तथा योजनाबद्ध एवम् व्यवस्थित गर्नु पर्ने देखिन्छ । यसको साथै विभिन्न परियोजना तथा सङ्घसंस्थाहरूको कामको पनि अनुगमन तथा सहजीकरण गर्ने गरिएको छ ।

## ७.३. अवसर र चुनौतीहरू

सङ्घीय संरचना अनुरूप स्थापना भएका वडा कार्यालयहरू तथा स्थानीय सरकारको व्यवस्था भए पश्चात् विद्यालय तहको अनुगमन तथा निरिक्षणको कार्यको निरन्तर हुनु, विभिन्न परियोजनाहरू जस्तै GSS/INF/GNI ले वार्षिक संयुक्त अनुगमनको अभ्यास गर्नु, यस क्षेत्रका प्रमुख अवसरहरू हुन् । तरपनि यी क्षेत्रमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

- विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यलाई कार्यतालिका अनुसार हुने वातावरण बनाउने ।

- अनुगमन तथा मूल्याङ्कन पश्चात् समीक्षा गरी आवश्यक सुधार सहितको नतिजामूलक बनाउने।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्ने।
- अनुगमन तथा  मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय  बनाउने।

## ७.४. उद्देश्यहरू

यस योजनाले अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल नियमित मापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा नतिजामुखी बनाउनु।

## ७.५.रणनीतिहरू

यस योजनाले अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्याङ्कनको लागि एक छुट्टै योजना तयारी लागु गरिने छ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घले कम्तिमा हप्ताको एक पटक समय तालिका निर्माण गरी विद्यालयको प्रशासनिक तथा शैक्षिक गतिविधिहरूको बारेमा अनुगमन गर्ने र सोको अभिलेख विद्यालयमा राखी विव्यसको वैठकमा त्यसको समीक्षा गरिने अभ्यासलाई कार्यान्वयन गरिनेछ।
- अभिभावकले पनि नियमित रूपमा विद्यालय भ्रमण गरी आफ्ना बालबालिकाहरूको सिकाइ अवस्थाको बारेमा छलफल गर्ने। उक्त उपस्थितिको विद्यालयमा रेकर्ड पुस्तिका जनाउने र उच्च सहभागिता भएका अभिभावकलाई वार्षिक रूपमा सम्मान गरिने अभ्यासको सुरुआत गरिने छ।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्याङ्कन गरिने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ।
- विद्यालयको गतिविधिहरूको समग्र पक्षको अनुगमनका लागि शिक्षाको प्राविधिक जनशक्ति  र जनप्रतिनिधि सहित रहने गरी पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार गरी उक्त सयन्त्रका सदस्यहरूबाट कम्तिमा दुई महिनामा एक पटक एक विद्यालयमा अनिवार्य रूपमा अनुगमन गरी सोको प्रतिवेदन गाउँ शिक्षा समितिमा छलफल गरिने छ।
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिनेछ।
- शिक्षण सिकाइ समन्वयकर्ता मार्फत नियमित अनुगमन तथा निरीक्षण हुने व्यवस्था मिलाइने छ।

## ७.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- शिक्षा क्षेत्रको नियमिता तथा योजनाबद्ध रूपमा अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु भई विद्यालय शिक्षामा सुधार आउने।
- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्याङ्कनको लागि एक छुट्टै योजना तयार भएको हुने।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घबाट नियमित अनुगमन भएको हुने।
- अभिभावकबाट विद्यालयको नियमित अनुगमन भएको हुने।
- वडास्तरीय अनुगमन समितिबाट स्थलगत अनुगमनको अभ्यास कार्यान्वयनमा भएको हुने।
- पालिका स्तरीय एक अनुगमन संयन्त्र तयार भई नियमित अनुगमन भएको हुने।
- वार्षिक रूपमा विद्यालयको कार्य सम्पादन परीक्षण भएको हुने।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस शिअसंबाट विद्यालयको तालिका बमोजिम नियमित अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# अनुसूची

आज मिति २०८२ कार्तिक २४ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | [signature] |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | [signature] |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | [signature] |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | [signature] |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | अनु. |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | अनु. |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | [signature] |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | [signature] |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | [signature] |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | अनु. |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | [signature] |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | अनु. |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | सुनीता |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | अनु. |
| १६ | विर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | [signature] |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | [signature] |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | [signature] |

निर्णय नं. ७

थलारा गाउँपालिकाको शिक्षा योजना २०८२ मंसिर भित्र निर्माण गरी सक्नुपर्ने भएकोले उक्त शिक्षा योजना तयार गर्न प्राविधिक विज्ञ जनशक्ति आवश्यक पर्ने देखिएकोले सेवा परामर्शमा लिई कार्य गराउन उक्त योजना निर्माणका लागि बढीमा रु. १ लाख ५० हजार सम्म खर्च हुने गरी शिक्षा योजना निर्माण प्रक्रिया अगाढी बढाउन स्वीकृति दिने।

२०८२/८/२४

प्रयाग राज

[redacted]कीय